

## हतियार व्यापार सन्धि कार्यान्वयन सन्दर्भ सामग्री

# मोड्युल १
# हतियार व्यापार सन्धिमा किन सामेल हुने?

www.un.org/disarmament/ATT मा उपलब्ध छ

# अ परिचय

संयुक्त राष्ट्र संघको महासभाद्धारा २०१३ मा भारी बहुमतले पारित भएको महत्वपूर्ण हतियार व्यापार सन्धि (ATT)-ले परम्परागत हतियार व्यापारका लागि अन्तर्राष्ट्रिय मापदण्डहरू स्थापित गर्न आह्वान गर्दछ ।

नियमन नगरिएका र गैरजिम्मेवारपूर्ण हातहतियार स्थानान्तरणले द्वन्द्वलाई तीव्रता दिन्छ, लम्ब्याउँछ, क्षेत्रीय अस्थिरता निम्त्याउँछ, बृहद रुपमा मानवअधिकार हनन्मा सघाउँछ र सामाजिक र आर्थिक विकासमा ठेस पुर्‍याउँछ ।

यस्तो स्थानान्तरण रोक्न र विश्वव्यापी हतियार व्यापारलाई जिम्मेवार, पारदर्शी र जवाफदेही बनाउन ATT प्रवर्द्धन गरिएको हो । त्यसैले सशस्त्र द्वन्द्व र हिंसाबाट प्रभावित लाखौं लाख नागरिकको पीडा कम गर्न पनि यसले योगदान पुर्‍याउँछ ।

यसबाहेक, ATT ले संयुक्त राष्ट्र संघ लगायत अन्य संस्थाहरूलाई मानवीय सहायता, शान्ति स्थापना, द्वन्द्व उप्रान्त शान्ति निर्माण, र विश्वव्यापी रूपमा सहमति गरिएका विकास लक्ष्यहरू प्राप्त गर्न सुरक्षित वातावरण सिर्जना गर्नेछ । यो कार्य सबै देश र सबै मानिसको हितमा छ, सबै राज्यलाई यस सन्धिमा सामेल हुन आवश्यक कारणहरू प्रदान गर्दछ ।

ATT एक बृहद् स्थापित सन्धि हो जसले परम्परागत हतियारको सीमापार व्यापारको उपयुक्त सरकारी नियमनलाई बढावा दिन खोज्छ । ATT का पक्षराष्ट्रहरूले आफूसँग सन्धि कार्यान्वयनको लागि आवश्यक प्रशासनिक, वित्तीय र प्राविधिक स्रोतहरू भएको सुनिश्चित गर्न आवश्यक हुन्छ । ATT कार्यान्वयन कार्यमा पर्याप्त कानून अपनाउने, हतियार निकासीनियन्त्रण प्रणालीहरू स्थापना गर्ने, निरीक्षण प्रक्रियाहरू स्थापना गर्ने, र भण्डारहरूको व्यवस्थापनमा सुधार गर्ने समावेश हुनसक्छन । यसका लागि, आवश्यक क्षमता निर्माण गर्न राष्ट्र पक्षहरूलाई सहयोग गर्न संयुक्त राष्ट्रसंघ मार्फत लगायतबाट पर्याप्त सहयोग उपलब्ध हुने परिकल्पना गरिएको छ ।

देश अनुसार राष्ट्रिय परिस्थितिहरू फरक हुन्छन्। कुनै देशमा ATT कसरी लागू हुन्छ भन्ने कुरा देशको राष्ट्रिय निकाय र कानुनी ढाँचामा भरपर्छ। ATT ले अन्तर्राष्ट्रिय प्रवर्तन, अनुगमन वा प्रमाणीकरणका प्रणाली स्थापना गर्दैन। तसर्थ राज्य पक्षले नै आफ्नो राष्ट्रिय कार्यान्वयन प्रयासको जिम्मेवार हुन्छन् ।

यस पुस्तिकाले राज्यपक्षहरूका साथै ATT पालना गर्न चाहने अन्य राज्यलाई सहयोग पुर्‍याउँछ सक्छ । यो पुस्तिका असल अभ्यास र संयुक्त राष्ट्रका मापदण्ड र दिशानिर्देशहरूमा आधारित मोड्युलहरूको सेट हो, जसबाट अधिकारीहरूले आफ्नो सन्दर्भमा के लागू हुन्छ भनेर छनौट गर्न सक्छन्।

यो पहिलो मोड्युलले ATT मा सामेल हुनु कति अर्थपूर्ण छ भन्नेमा जोड दिन्छ ।

## आ ATT मा सामेल हुनुपर्ने दश अकाट्य कारणहरु

### *१ अन्तर्राष्ट्रिय कानून सुदृढीकरण*

**प्रभावकारी अन्तर्राष्ट्रिय कानूनी व्यवस्था भन्नु नै बढी भन्दा बढी राज्यहरु कानुनी रूपमा बाध्यकारी प्रतिबद्धताहरू प्रति सामेल हुनुमा निर्भर रहन्छ।**

- राज्यहरूले "आगामी पुस्तालाई युद्धको प्रकोपबाट बचाउन", "मौलिक मानवअधिकारमा अटल विश्वासको पुन:पुष्टि गर्न", "संधिहरू र अन्तर्राष्ट्रिय कानूनका अन्य स्रोतहरूबाट उत्पन्न दायित्वहरूको न्याय र सम्मान गर्न सक्ने अवस्थाहरू स्थापना गर्न" र "स्वतन्त्रताको बृहत् दायरामा सामाजिक प्रगति र जीवन स्तरलाई बढावा दिन" संयुक्त राष्ट्रसंघको स्थापना गरेका छन्। ।

- ATT लाई संयुक्त राष्ट्र महासभाले पारित गरेको थियो, जसमा संयुक्त राष्ट्रका सबै सदस्य राष्ट्रहरूको आवाज समान रहन्छ - र प्रत्येक राष्ट्रको अन्तर्राष्ट्रिय कानूनको सुदृढीकरणमा योगदान गर्नका लागि समान जिम्मेवारी छ ।

### *२. सबै क्षेत्रमा हतियारहरू सीमाना पार गर्छन् र अस्थिरता फैलिन सक्छ भन्ने बुझ्दै*

**केही सरकारी अधिकारीहरूले उनीहरूका राज्यले हतियार निकासीगर्दैनन्, र/वा उनीहरुका सामुन्ने संकट वा द्वन्द्व देखा नपर्ने भएकाले ATT उनीहरुका लागि होईन भन्ने सोचाई राख्छन् । माथिको बूँदा क ले यस किसिमको तर्कलाई अर्थहीन बनाउँछ । थप कुरा के भने अन्तर्राष्ट्रिय हतियार व्यापारले विश्वका सबै मानिसलाई असर गर्दछ ।**

- कुनै न कुनै समयमा, धेरै देशले केही हतियारहरू निकासीगर्छन्,- उदाहरणका लागि प्रहरीका राइफलहरू प्रतिस्थापन, वा अतिरिक्त गोला बारूद। यी सामयिक निर्यातहरू अन्तर्राष्ट्रिय रूपमा सहमत मापदण्डहरू बमोजिम निकासीस्वीकृतिका आधारमा नहुने हो भने गम्भीर नकारात्मक असर पर्नसक्छ ।

- दशकौं सम्म दिगो शान्ति र स्थिरता हुने अवस्था भनेको विश्वमा दुर्लभ अवस्था हो । २०१५ मा ४१ देशले मात्र 'स्थिर', 'धेरै स्थिर', 'दिगो', वा 'धेरै दिगो' को संया प्राप्त गरे।1 अहिले शान्त र सुरक्षित देखिने क्षेत्रमा एकाएक अस्थिरता फैलिने सम्भावना हुन सक्छ भविष्यमा, जसले गर्दा हतियारहरूको पर्याप्त नियमनको आवश्यकता आफ्नो देश परिवेश र छिमेकमा देखिन्छ ।1

- छोटकरीमा: महत्वपूर्ण ATT मा सामेल हुनु भनेको हरेक देशको हरेक महादेशको क्षेत्रीय स्थायित्वका लागि लाभको विषय छ जसले हतियार व्यापारलाई बृहद् नियमन गर्दछ ।

1 Fragile States Index 2015, see: fsi.fundforpeace.org.

## *३ घ अन्तर्राष्ट्रिय सुरक्षामा योगदान*

**ATT को पालनाले अन्तर्राष्ट्रिय तथा क्षेत्रीय शान्ति, सुरक्षा र स्थिरतामा योगदान पुऱ्याउँछ ।**

- ATT ले हतियार हस्तान्तरणले देश वा क्षेत्रलाई अस्थिर बनाउन सक्छ भन्ने स्वीकार गर्छ। राज्य पक्षहरूले जोखिम परम्परागत हतियार, गोलाबारुद वा प्रमुख पार्टपुर्जा र कम्पोनेन्टहरू निकासीगर्न निषेध गरिएको छ ।[2] उदाहरणका लागि, वस्तुहरूको स्थानान्तरणलाई सरकारले यी अवस्थामा अत्तियारी धिकार दिनेछैन यदि:
  - संयुक्त राष्ट्र सुरक्षा परिषदको हतियार प्रतिबन्धको उल्लङ्घन;
  - अन्तर्राष्ट्रिय सम्झौतानुसार आफू संलग्न भएको कुनै अन्तर्राष्ट्रिय दायित्वहरु उल्लङ्घन गरेमा;
  - नरसंहारमा प्रयोग हुने, युद्धका नियमको गम्भीर उल्लङ्घन भएमा ( १९४९ को जेनेभा महासन्धि), नागरिक विरुद्ध आक्रमण वा युद्ध अपराधमा ।

- ATT प्रावधानहरूको कठोर कार्यान्वयन (निकासी निषेध[3], घ निकासीलेखाजोखा[4],आयात को नियमन,[5] लेनदेन[6] र पारवहन ट्रान्स सिपमेन्ट[7] (पानीजहाजमार्फत ओसारपसार) साथै हतियार पथान्तरण[8] हुनबाट रोकावट) हुनसक्दा यस्ता वस्तुहरूको प्रवाह यी अवस्थाहरुमा न्यून हुनसक्छ:

  - सुरक्षा परिषदले हतियार प्रतिबन्ध गरेका क्षेत्रहरू;
  - द्वन्द्व क्षेत्र र उच्च तनाव वा अस्थिरताका क्षेत्रहरू;
  - मानव अधिकार उल्लङ्घनमा निरन्तर संलग्न सरकारहरू;
  - आतंकवादी र अन्तर्राष्ट्रिय अपराध संगठनहरू ।

- द्वन्द्व कम हुनु र स्थायित्व बढ्नु भनेको मानवीय संकट घटेको अवस्थालाई जनाउँछ । संकट उब्ज्यो भने ठूलो संख्यामा मानिसको विस्थापन र शरणार्थी समस्या बढेर जान्छ, जसका गम्भिर परिणामहरु त्यस भेगका देशहरुले प्राय भोग्नुपर्छ ।
- राजनीतिक स्थिरताले सामाजिक र आर्थिक विकासको लागि राम्रो वातावरण प्रदान गर्दछ। यसको अर्थ सीमित श्रोतसाधनलाई सैन्य प्रयोजनमा खर्च गर्नुपर्ने आवश्यकता सरकारहरुलाई रहन्न ।
- बढ्दो स्थिरताबाट त्यस क्षेत्रका सबै देश र टाढाका पनि लाभान्वित हुन सक्छन् ।

2 Article 4 requires States Parties to regulate the exports of parts and components where the exports are in a form that provide the capability to assemble the arms covered by the Treaty. For purposes of these guidelines, conventional arms, ammunition and parts and components (as defined in the Article 4) will be henceforth referred to as “items” or “covered items”.
3 Article 6.
4 Article 7.
5 Article 8.
6 Article 10.
7 Article 9.
8 Article 11.

## ४ आन्तरिक सुरक्षाको सुध्रिढीकरण

**हतियार नियमन सुध्रिढ भएमा हतियार र गोलाबारुद आपराधिक गिरोह र सशष्त्र समूहहरुको हातमा पुग्ने जोखिम कम गर्छ। परिणामत यसले आन्तरिक सुरक्षा सुध्रिढ बनाउन, र सशष्त्र हिंसा हुने अवस्थालाई कम गरि नागरिकहरुलाई सुरक्षा प्रदान गर्दछ।**

- धारा ८ (२) ले वस्तुको आयात लाई आवश्यकता अनुसार नियमन गर्ने उपायहरू लिनुपर्ने व्यवस्था गरेको छ। आयात गर्ने देशको विशेष परिस्थितिमा आधारित भई सो देशको क्षेत्राधिकार भित्र रही नियमन गर्दा हतियारहरुको लेखाजोखाको सुनिश्चिता गर्नु आवश्यक हुनसक्छ।

- यसका अतिरिक्त, आयात गर्ने पक्षराज्यले आयातित वस्तुहरू अनधिकृत तवरले अन्यत्र प्रयोग नहुन् भन्नाका लागि संयन्त्रहरु भएको सुनिश्चिता गरि सन्धिको धारा ६ (प्रतिबन्धहरु) र/वा धारा ७ (निकासी र निर्यातको लेखाजोखा) को खिलाप नहुने कुरा यकिन गर्नुपर्नेछ। आयातित सामग्रीहरु संगठीत अपराध, आतंकबाद, अन्तर्राष्ट्रिय मानवीय वा मानव अधिकार कानुनको गम्भीर उल्लंघन र लैंगिक हिंसामा संलग्न हुने व्यक्ति वा निकायहरुको हातमा नपरोस् भन्ने यकिन गर्नुपर्छ।

- धारा ११ ले "पथान्तरण" लाई धारा २ (दायरा) अर्न्तगत उल्लेख गरिए जस्तो परम्परागत हातहतियारलाई मात्र समेटेको भएपनि, यसले गोलीगठ्ठा र हातहतियारका सामग्रीहरुको अन्यत्र प्रयोग हुनु हुँदैन भन्ने कुरा यकिन गर्न पक्षराज्यले आवश्यक कदमहरु उठाओस् भन्ने आह्वान गर्न छेक्दैन।

## ५ सुध्रिढ संस्थाहरु

**चरम मानवीय तथा आर्थिक चुनौतीहरु सामना गरिरहेका देशहरू जसले सामाजिक र आर्थिक विकास को दवाव भोलिरहेकाहरु लगायत सबैका लागि परम्परागत हतियारहरूको प्रभावकारी नियमन र नियन्त्रणका लागि क्षमता विकासमा लगानी गर्नु आवश्यक छ।**

- राज्यको सहभागिता ATT मा रहँदा सरकारी अधिकारीहरूलाई हतियार नियमन र नियन्त्रणका प्रयासमा राष्ट्रिय तहमै लगानी गर्न बल पुग्छ जुन ATT अनुमोदनसँग कानूनी दायित्व अर्न्तगत पर्दछ।

- त्यस्तो क्षमता बिकासमा यी पक्षहरु समावेश हुनसक्छन्:
  - वस्तुको आयात -निर्यातका लागि प्रभावकारी राष्ट्रिय नियन्त्रण शाखा स्थापना गर्ने, रेकर्ड तथा राष्ट्रिय नियन्त्रण सूचीहरू अद्यावधिक गर्ने लगायत आवश्यक कानून तर्जुमा वा सुधार कार्य गर्ने;
  - पारवहन र अन्तरदेशीय नियन्त्रण गर्न प्रणाली स्थापना गर्ने। यो माथि उल्लेखित राष्ट्रिय नियन्त्रण प्रणाली हुनसक्छ;
  - हतियार लेनदेन नियमन;
  - कागजातहरूको प्रामाणिकता सुनिश्चित गर्न उपायहरू अपनाउने (जस्तै, अन्तिम प्रयोगकर्ता/प्रयोगकर्ता प्रमाणपत्र, इजाजतपत्र र अन्य कागजात) र तिनको जालसाजी रोक्ने उपाय गर्ने;
  - राज्य पक्षले समयमै अन्य राज्य पक्षहरूका प्रश्नहरूको जवाफ दिनसक्ने गरि डाटा सङ्कलन र सूचना सङ्कलनका लागि प्रणाली स्थापना वा सुधार गर्दै अधिकार प्राप्त बनाउने;
  - हतियार चिन्ह लगाउने र रेकर्ड राख्ने क्षमताको विकास गर्ने;
  - परम्परागत हातहतियार र गोलाबारुदको भण्डारको व्यवस्थापनमा सुधार गर्ने;
  - पर्याप्त अनुगमन र कार्यान्वयन क्षमताको विकास गर्ने।

## ६ *अन्तर्राष्ट्रिय सहायतामा पहुँच*

**सन्धिका प्रावधानहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न एटीटीले पर्याप्त स्रोत र क्षमता नभएका राज्य पक्षलाई मद्दत गर्न विभिन्न प्रकारको सहायताको परिकल्पना गर्दछ ।**

- सन्धिले राज्य पक्षहरूले निम्न कुराहरू खोजी गर्नसक्ने प्रावधान राखेको छ:9
    - कानूनी वा विधायीकी सहायता;
    - संस्थागत क्षमता विकास;
    - प्राविधिक, भौतिक वा आर्थिक सहायता।

- निम्न माध्यमबाट सहयोग माग्न वा अनुरोध गर्न सकिन्छ:
    - सन्धिको धारा १६ (३) बमोजिम स्थापना गरिने स्वैच्छिक ट्रस्ट कोष;
    - संयुक्त राष्ट्रसंघ ट्रस्ट फसिलिटी सपोर्टिङ कोअपरेशन अन आर्म्स रेगुलेसन (UNSCAR) 7
    - संयुक्त राष्ट्रसंघ भित्रका अन्य संयन्त्रहरू;
    - अन्तर्राष्ट्रिय, क्षेत्रीय, उपक्षेत्रीय वा राष्ट्रिय संगठनहरू;
    - गैर-सरकारी संस्थाहरू;
    - द्विपक्षीय सहयोग।

- धारा १६ ले सहयोग उपलब्ध गराउन सक्ने पक्ष राष्ट्रहरूले त्यस्तो अनुरोध आएमा सहयोग गर्न सक्ने उल्लेख छ । अत ATT मा सामेल हुँदा राज्य पक्षका लागि परम्परागत हातहतियार नियमन र नियन्त्रणको प्रभावकारी प्रणाली स्थापना गर्ने अवसर खुल्दछ ।

- ATT11 को सक्रिय कार्यान्वयनका लागि सहयोग चाहिने राज्य पक्षले आफ्ना आवश्यकताहरूको गहिरो विश्लेषण गरि सहायतका विभिन्न संयन्त्रहरूको प्रभावकारी उपयोगिताका लागि कुशल योजना बनाउनु आवश्यक हुन्छ ।

## ७. *अन्तर्राष्ट्रिय सहयोगका अवसरहरू*

**उल्लेख गरिएका वस्तुहरुको अवैध वा गैरजिम्मेवार स्थानान्तरण रोक्न अन्तर्राष्ट्रिय सहयोग लगायत सूचनाको आदान-प्रदान गर्न आवश्यक छ।**

- ATT ले राज्य पक्षलाई निम्न माध्यमहरू सहित एकअर्कासँग सहयोग गर्न प्रोत्साहित गर्दछ:
- आपसी हितका विषयमा सूचना आदानप्रदान र परामर्श;

9 Article 16.
10 UNSCAR was established in June 2013 as a multi-donor mechanism to fund projects aimed at supporting the implementation of the ATT and the Programme of Action to Prevent, Combat and Eradicate the Illicit Trade in Small Arms and Light Weapons in All Its Aspects (PoA). See: www.un.org/disarmament/UNSCAR
11 In this regard, use can be made of available tools such as the ATT baseline assessment project (ATT-BAP), or the ATT model law. See: www.armstrade.info/; /www.smallarmssurvey.org/fileadmin/docs/E-Co-Publications/SAS-NZ-Gov-ArmsTrade-Treaty-Model-Law.pdf

- हातहतियारहरुको पथान्तरण रोक्न र न्यूनीकरण गर्नका लागि अबैध क्रियाकलाप तथा संलग्न व्यक्तिहरुवारे सूचना प्रवाह गर्ने;
- अनुसन्धान, अभियोजन र न्यायिक क्षेत्रमा अधिकतम सहयोगको व्यवस्था ागर्ने ATT बमोजिम स्थापित राष्ट्रिय प्रावधानहरु अनुरुप कार्बाही गर्ने;
- हातहतियार हस्तान्तरणमा खराव अभ्यासहरु रोक्न सहयोग गर्ने;
- सिकाई सम्वन्धी अनुभव र सूचना आदानप्रदान गर्ने;

➢ ATT पक्षका राष्ट्रहरुले अन्तर्राष्ट्रिय सहयोगका प्रावधानहरुको प्रयोग गरि सन्धिलाई निम्न पक्षहरु गर्न सक्दछन्:

- परम्परागत हातहतियार तथा गोलाबारुद नियमन र नियन्त्रणका लागि राष्ट्रिय कानून र प्रणालीलाई सुधिढ गर्ने;
- हातहतियारहरुको पथान्तरण रोक्न राष्ट्रिय क्षमता सवल बनाउने;
- अनुसन्धान, अभियोजन र न्यायिक कार्वाह गर्ने;
- भ्रष्टाचार रोक्ने र त्यसविरुद्ध लाग्ने;
- अन्य राज्यहरुले प्राप्त गरेका सूचना र सिकाईहरु वारे गुप्त जानकारी संकलन गर्ने ।

## *८ राज्यहरुबीच पारदर्शिता र विश्वास अभिबृद्धि*

**ATT ले आफ्ना पक्ष राष्टहरुलाई सन्धि कार्यान्वयनमा आवश्यक कदमहरु चालिराखेका छन् भन्ने यकिन गर्न तथा पारदर्शिता अभिबृद्धि गर्न ATT सचिवालयलाई सूच ना उपलब्ध गराउनुपर्छ ।**

➢ अन्तराष्ट्रिय तथा क्षेत्रिय शान्ति र स्थायित्वका लागि अन्तराष्ट्रिय हातहतियार व्यापारका पारदर्शीता अभिबृद्धि हुँदा उल्लेख्य योगदान पुग्दछ किन कि यसले;

- अन्य देशको आशय र क्षमता वारे गलत बुझाई, र शंका कम गर्न मद्दत पुर्याउँछ;
- राज्यहरुबीच विश्वास र समझदारीको बृद्धि गराँउछ;
- राज्यहरुले भित्राउने र बाह्य पठाउने हातहतियारहरुको तथ्यगत र अध्यावधिक गरिएको जानकारी प्राप्त गर्ने;
- अन्तर्राष्टिय हातहतियार ओसारपसार सम्वन्धि जवाफदेहीतामा अभिबृद्धि

➢ आवश्यक पारदर्शिताका प्रयासहरुमा:

- राष्ट्रिय कानुन, नियन्त्रणका राष्टिय प्रयासहरु र अन्य नियम तथा प्रशासनिक कार्यहरु सहित ATT कार्यान्वयनका लागि प्रारम्भिक प्रतिवेदन,12
- परम्परागत हातहतियारहरुको वास्तविक आयात र निकासीवारे राज्यपक्षहरुले वार्षिक प्रतिवेदन, 13
- हतियारहरुको पथान्तरण रोक्न चालिएका कदमवारे जानकारी ।

12 Article 13 (1) and Article 5 (4).

## *९ सामाजिक तथा आर्थिक विकासका लागि उचित वातावरण*

**सशष्त्र द्वन्द्ध वा सशष्त्र हिंसाको चर्को समस्या भोगिरहेका देशहरुले प्रायः सामाजिक र आर्थिक विकासका प्रयासहरुमा भन्दा रक्षा र सुरक्षा क्षेत्रमा उल्लेख्य लगानी गर्नुपर्छ**

- द्वन्द्ध र बढ्दो सशष्त्र हिंसाले निम्त्याउने परिणामहरुलाई रोकथाम गरिनुपर्छ, जस्तैः
    - वैद्धेशिक लगानीमा कमी,
    - परियोजनाहरुको न्यून कार्यान्वयन,
    - संरचना नास, बजार छिन्नभिन्न हुने, पूँजी पलायन र बौद्धिक जमातको विस्थापन,
    - स्वास्थ्य क्षेत्रमा बढ्दो भार,
    - शिक्षा प्रणालीहरुको असफलता,
    - प्राकृतिक श्रोतसाधनहरुको अवैध दोहन,
    - दण्डहिनता र कानुनी राज्यमा चुनौती

- हिंसा नभएको अवस्थामा पनि हातहतियारहरुको अवैध ओसारपसारले आर्थिक तथा सामाजिक विकासमा नकारात्मक प्रभावहरु पार्छ, किनभने,
    - नाफामूखी हतियार व्यापारबाट भ्रष्टाचार गर्न मलजल पुग्छ,
    - रक्षा र सुरक्षा क्षेत्रमा अधिक खर्च बढ्छ ।

- ATT मा उल्लेख गरिएका उच्च प्रावधानहरुले द्वन्द्ध र सशष्त्र हिंसालाई रोक्न उल्लेख्य मद्दत गर्नेछन् जसबाट दिगो विकाकका लक्षहरु प्राप्त गर्न सहयोगी वातावरण निर्माण हुन्छ ।

13 Article 13 (3).
14 Article 13 (2)

## *१० अन्तर्राष्ट्रिय समुदायमा बढ्दो विश्वासनीयता*

**ATT मा सहभागिता हुनु नै हतियार आयात गर्ने र निकासीगर्ने देशहरुका लागि विश्वासनीयता र जवाफदेहीता जाँच्ने मानक बन्नेछ ।**

- ATT ललले अन्तर्राष्ट्रिय हातहतियार ओसारपसारलाई सहजीकरण गर्ने पनि होइन अवरोध गर्ने पनि होइन, तर पक्ष राष्टले सन्धिमा सहमति जनायो भने सो राज्यले आफ्ना गतिविधिहरु पारदर्शी, जवाफदेही र जिम्मेवारपूर्ण तरिकाले सञ्चालन गर्न प्रतिबद्ध छ भन्ने तथ्यगत आधार प्रदान गर्दछ ।

- नियमित हातहतियार निर्यातकर्ता नभएको राज्यले मा सहभागिता जनाउँदा सो राज्यले आफ्नो सीमाक्षेत्रमा हतियार नियन्त्रण वा हतियारको पथान्तरण कार्यमा रोकथाम गर्न पर्याप्त कदमहरु चालेको ठानिन सक्दछ ।

- ATT अन्तर्गत निर्यातकर्ताले निकासीमूल्याकंन मापदण्डहरु पालना गर्नुपर्दछ चाहे त्यो निर्याात राज्यका लागि होस् वा राज्यपक्षको कुनै पनि निकायलाई । व्यवहारमा आयात गर्ने राज्य ATT को सदस्य भएको खण्डमा निकासीगर्ने राज्यले पनि त्यस कार्यलाई सकारात्मक मूल्याकंन गर्न सक्दछ ।



हतियार व्यापार सन्धि कार्यान्वयन सन्दर्भ सामग्री

# मोड्युल २
# दायित्वहरुको सिंहावलोकन

www.un.org/disarmament/ATT मा उपलब्ध छ

## अ परिचय

हतियार व्यापार सन्धि (ATT) मा सामेल हुने कुनै पनि देशले सन्धि कार्यान्वयन गर्ने प्रभावकारी उपायहरू अवलम्बन गर्ने प्रतिबद्धता व्यक्त गर्नेछन् ।

राज्यहरूले ATT अन्तर्गत आफ्ना दायित्वहरू पूरा गर्न आवश्यक उपायहरू उपर निर्णय गर्नेछन् । यी उपायहरू देश अनुसार भिन्न भिन्न हुन सक्नेछन् ।

यो दोस्रो मोड्युलले ATT अन्तर्गत सरकारहरूलाई *दायित्वहरूको सिंहावलोकन* गर्न सहयोग गर्नेछ ।

मोड्युल २ ले विशेषतः सन्धिले समेटेका वस्तुहरूका वारे चर्चा गर्नेछ । साथै यसले कार्यान्वयनका लागि लिइनुपर्ने आधारहरु स्पष्ट गर्नेछ । परम्परागत हतियारको अन्तर्राष्ट्रिय व्यापारलाई कसरी पारदर्शी र जवाफदेही बनाउने भन्नेतर्फ सहयोग अभिबृद्धि गर्ने अवसर पनि यसले प्रदान गर्नेछ ।

## आ सन्धिको कार्यक्षेत्रवारे बुझाई

### ATT ले समेट्ने विषयबस्तुहरु यसको धारा २, ३ र ४ उल्लेख छन् ।

ATT को दायरा अनुच्छेद २ मा परिभाषित गरिएको छ । ATT ले समेट्ने आठ प्रकारका हतियारहरु यसमा सूचीबद्ध गरिएको छ साथै ATT अन्तर्गत ‘‘स्थानान्तरण’’ गर्न मिल्ने अन्तर्राष्ट्रिय व्यापारका गतिविधिहरु समेटिएको छ ।[2]

सन्धिको धारा २ (१) अनुरुप परम्परागत हतियारहरु निकासी, आयात , पारवहन, अन्तर पारवहन र लेनदेनमा लेनदेन वा अन्य गतिविधिहरु गर्दा पक्षराज्यले सूचीमा पालना गर्नुपर्ने न्यूनतम सन्धिका प्रावधानहरु समावेश गर्नुपर्नेछ ।

ATT का धारा ३ र ४ ले गोलाबारुद र परम्परागत हतियारका पाटपूर्जा र यससँग सम्वन्धित सामग्रीहरु समावेश गर्दछ ।

राज्यद्धारा वा राज्यपक्षका लागि परम्परागत हतियारहरुको अन्तर्राष्ट्रिय ओसारपसार वा सीमापार ओसारपसारको हकमा राज्यको आफ्नै प्रयोजनका लागि भने (उदाहरणका लागि यसको सीमाना बाहिर कुनै अभ्यास गर्न वा शान्ति स्थापना कार्यका लागि) सो अवस्थालाई यस सन्धिले ओसारपसार मान्दैन, अत, ATT[3] का प्रावधानहरु अन्तर्गत पर्दैन ।

1 Article 2 (1).
2 Article 2 (2).
3 Article 2 (3).

## १ राष्टिय परिभाषाहरु

ATT अनुरुप राज्य पक्षले यसको धारा २ मा सूचीबद्ध आठ श्रेणीका हतियारको राष्टिय परिभाषा सहित राष्टिय नियन्त्रण सूची विकास गर्नुपर्ने देखिन्छ ।

- साना हातहतियार र हलुका हतियार (SALW) बाहेक, धारा २ (१) मा सूचीबद्ध सबै वर्गका हतियारको सन्दर्भमा, ATT5
  लागु भएको मिति २४ डिसेम्बर, २०१४ उप्रान्त राष्टिय परिभाषाले संयुक्त राष्टसंघको दर्ता (UN Register)4
  मा समावेश गरिएको परम्परागत हतियार विवरणभन्दा थोरै समेट्ने अवस्था हुनु हुँदैन ।

- साना हातहतियार र हलुका हतियार (SALW) को धारा २ (१) (ज) अनुरुप, राष्ट्रिय परिभाषाहरुले संयुक्त राष्टसंघको कानुनी संरचनाहरु भन्दा कम परिभाषा समेट्ने छैनन्, विशेष गरि अन्तर्राष्ट्रिय ट्रेसिङ इन्सट्रुमेन्ट (ITI)6 र फायरआर्मस् प्रोटोकल7 ।

### *१.१ संयुक्त राष्टसंघको परम्परागत हतियार सम्वन्धी रजिष्टरमा उल्लेख सात श्रेणी*

संयुक्त राष्टसंघको दर्ता परिभाषाले ATT अर्न्तगत हतियारका सात श्रेणीका न्यूनतम परिभाषाहरु स्थापित गरेको छ। धारा २ (१) मा उल्लेख गरिएका क देखि छ सम्मका हतियारका श्रेणीहरुको व्याख्याका लागि यस मोड्युलको अनुसूची हेर्नुहोस् ।

क क) युद्ध ट्याङक
ख ख) बख्तरबन्द लडाकु बाहन,
ग ग) बृहद् शक्तिशाली आर्टिलरी प्रणाली,
घ घ) लडाकु जहाज
ङ) लडाकु हेलिकप्टर
च) युद्धपोत
छ) मिसाइल र मिसाइल प्रहार गर्ने लञ्चर

- सबै पक्ष राष्ट्रहरुले ATT का यी श्रेणीका हतियारसँग सम्बद्ध प्रावधानहरु पालना गर्नुपर्नेछ ।

- पक्ष राष्टहरुलाई यस सूचीभन्दा माथि उठेर राष्ट्रिय सूचीमा रहेका परम्परागत हतियारका फराकिलो दायरा समेट्न प्रोत्साहन गर्दछ ।

### *१.२ साना हातहतियार तथा हलुका हतियार (SALW)*

संयुक्त राष्ट्रका कानुनी संयन्त्रहरुमध्ये फायरआर्मस प्रोटोकल र आईटीआईमा साना हातहतियार र वा हलुका हतियारको परिभाषा समावेश गरिएको छ ।8

4 Available at www.un.org/disarmament/convarms/Register/.
5 See Article 5 (3).
6 International Instrument to Enable States to Identify and Trace, in a Timely and Reliable Manner, Illicit Small Arms and Light Weapons. The definition contained in the ITI is largely based on the definition of firearms contained in the Firearms Protocol.
7 Protocol against the Illicit Manufacturing of and Trafficking in Firearms, Their Parts and Components and Ammunition, supplementing the UN Convention against Transnational Organized Crime. The Protocol defines firearms, a term that is often used interchangeably with small arms. Available at www.unodc.org/unodc/en/firearms-protocol/firearmsprotocol.html.

उल्लेखित प्रोटोकलले "गोलाबारुद" लाई निम्नानुसार परिभाषित गर्दछः

> *"'गोलाबारुद' भन्नाले बोक्न सकिने कुनै पनि नाल भएको हतियार सम्झनुपर्छ जसले गोली फाल्छ वा जसलाई सजिलै प्रहार गर्न, गोली वर्षाउन वा विस्फोटक कार्य द्वारा तोप हान्न प्रयोग गरिन्छ, तर यसमा पुरातन हतियार वा तिनका प्रतिकृतिहरू समावेश हुँदैनन् । पुरातन हतियार र तिनका प्रतिकृति घरेलु कानुन अर्न्तगत नै दर्ज हुनेछन् । तथापी, पुरातन गोलाबारुद १८९९ पछि उत्पादन भएको समेट्नुपर्ने छैन ।*

ITI ले SALW को परिभाषा दुई प्रकारले गर्दछः पहिलो, सामान्य समावेशको परिभाषा, जुन धेरै हदसम्म माथि उल्लिखित फायरआर्म्स प्रोटोकलको परिभाषाबाट लिइएको छ । दोस्रो, "साना हातहतियार" भनेको के हो र "हल्का हतियार" के हो भनेर निर्दिष्ट गर्ने सामान्य परिभाषा । दुवै परिभाषाहरु सँगै पढ्नुपर्छ । तसर्थ, ITI को उद्देश्यका लागि, SALW भनेकोः

*"... कुनै पनि बोक्न सकिने घातक साना हयितार वा तिनको नक्कल, जसले गोली फाल्छ वा निष्कासन गर्दछ, वा जसलाई सजिलै प्रहार गर्न, गोली वर्षाउन वा विष्फोटक कार्यद्धारा तोप हान्न प्रयोग गरिन्छ । पुरातन साना हतियार र हल्का हतियार र तिनीहरूको प्रतिकृतिहरू अनुसार परिभाषित गरिनेछ । कुनै पनि अवस्थामा १८९९ पछि निर्मित पुरातन साना हतियार र हलुका हतियारहरू समावेश हुँदैनन् ।*

*(क) 'साना हतियार', मुख्यत, व्यक्तिगत प्रयोगका लागि डिजाइन गरिएका हतियार हुन्। ति अन्य कुराहरूसँगै रिभल्भर र सेल्फ लोडिङ पिस्तौल, राइफल र कार्बाइन, सब-मेसिन गन, असल्ट राइफल र हल्का मेसिन गन पर्दछन्;*

*(ख) 'हलुका हतियार', मुख्यत, दुई वा तीन जनाले प्रयोग गर्नेगरि डिजाइन गरिएका हतियारहरू हुन्, तर केही निश्चित स्थानमा पुर्‍याएपछि तिनलाई एकजनाले पनि प्रयोग गर्न सकिन्छ । अन्य कुराहरूसँगै तिनमा हेभी मेसिन गन, ह्यान्ड-हेल्ड अन्डर-ब्यारेल र माउन्टेड ग्रेनेड लन्चर, बोक्न मिल्ने एन्टी-एयरक्राफ्ट गन, बोक्न मिल्ने एन्टी-ट्याङ्क बन्दुक, स्वचालित राइफल, बोक्न मिल्ने एन्टी ट्याङ्क मिसाइल लञ्चर र रकेट लन्चर र १०० मिलिमिटर भन्दा कम क्षमताका मोर्टार ।*

*१.३ हातहतियार खरखजाना*

धारा २ अर्न्तगतका आठ परम्परागत हतियारहरुका अलावा धारा २ मा उल्लेख गरिए अनुरुप हातहतियार निषेध र निकासीमूल्याकंन प्रावधान भित्र पर्दछन । त्यसैगरि परम्परागत हातहतियारको मद्दतद्धारा फायर गर्न मिल्ने, प्रहार गर्न मिल्ने हातहतियारको निर्यातलाई नियमन गर्ने कार्यलाई राज्यपक्षले खण्ड *१.१ र १.२* मा उल्लेख गरिए अनुसार नियमन गर्नुपर्दछ ।

ATT ले हातहतियार खरखजानाको परिभाषा दिदैन । साथै, ATT मा पम्परागत हातहतियार अर्न्तगत हातहतियार खरखजाना यही हो भन्ने अन्तर्राष्ट्रिय रुपमा स्वीकार गरिएको परिभाषा छैन, गोलाबारुदको परिभाषा बाहेक । बन्द'क प्रोटोकलको धारा ३ ले खरखजानालाई यसरी परिभाषा गरेको छ :

> *"हातहतियार खरखजाना भन्नाले कारतूस सहितका पूर्णत सबै वा त्यसका सामग्री, बन्दुकमा प्रयोग हुने केस, प्राइमर, प्रोपेलेन्ट पाउडर, बुलेट वा प्रक्षेपण गर्न सकिने सैन्य सामग्रीहरु सम्झनुपर्छ,जुन सामग्रीहरु सम्बन्धित पक्षराज्यको अधीनमा रहन्छन् ।"*

8 There are also several regional and subregional instruments dealing with SALW regulations and control. such as the ECOWAS Convention on Small Arms and Light Weapons, their Ammunition and other Related Materials, the Nairobi Protocol for the Prevention, Control and Reduction of Small Arms and Light Weapons in the Great Lakes Region, the Horn of Africa and Bordering States, the Andean Plan to Prevent, Combat and Eradicate Illicit Trade in Small Arms and Light Weapons in All its Aspects, the SADC Protocol on the Control of Firearms, Ammunition and other Related Materials.

यसबाहेक, माथिको परिभाषा सो उपकरणको उद्देश्यका लागि मात्र भएको बुझिन्छ । एटीटी कार्यान्वयनका लागि सान्दर्भिक राष्ट्रिय कानून र नीतिहरू अवलम्बन गर्दा राज्यले यो परिभाषा अपनाउन पनि सक्छ नपनाउन पनि ।

हातहतियार खरखजानाको सामान्य परिभाषा अन्तर्राष्ट्रिय खरखजाना सम्वन्धी प्राविधिक निर्देशिकाले पनि प्रदान गर्दछः (IATG)9

*"हातहतियार खरखजाना आफैमा पूर्ण यन्त्र हो, (जस्तै मिसाइल, बम, बारुदी सुरुङ; विष्फोटन कक्ष आदि) जो विस्फोटक, प्रोपेलेन्ट, आतिसबाजी वा अपराध, वा रक्षा, वा प्रतिरक्षाका लागि, वा तालिम वा सैन्य कार्य बाह्यका उद्देश्यहरुका लागि प्रयोग हुनसक्छ, साथै विस्फोटक पदार्थ सहितको हतियार प्रणालीका सामग्रीहरु । (उदाहरण बारुदी हतियार)*

*"म्युनिशन भनेको विस्फोटक पदार्थ, प्रोपेलेन्ट, आताशबाजी, विष्फोटक पदार्थको प्रारम्भिक चरणको अवस्था, वा आणविक, जैविक वा रासायनिक सामग्रीहरू, लगायत ध्वंस गर्नसक्ने सामग्री सहित सैन्य कार्यमा चार्ज गर्न प्रयोग गरिने पूर्णतः उपकरण हो ।"*

IATG को परिभाषा ATT मा उल्लेख गरिएको बन्द'क/हातहतियार खरखजानाभन्दा थप बृहद् छ, किनकि (क) यो परिभाषा आम विनाशकारी हतियारमा पनि लागू हुन सक्छ (जस्तै, आणविक, जैविक र रासायनिक) र (ख) यसमा बारुदी सुरुङ जस्ता हतियारहरू पनि समावेश छन्, जुन ATT को दायरा मा समेटिएको छैन।

*१.४ उपकरण र सामग्रीहरु*

ATT को धारा ४ अन्तर्गत, राज्य पक्षले ATT को दायरामा समावेश परम्परागत हतियारका सामग्रीहरु जडान गर्न मिल्ने उपकरण तथा सामग्रीहरुको निकासीलाई नियमन गर्नुपर्छ ।

ATT ले उपकरण तथा सामग्रीहरुको परिभाषा प्रदान गरेको छैन । यद्यपि, बन्दुक सम्बन्धी प्रोटोकलको धारा ३ ले निम्न कार्य गर्दछः

*"'उपकरण तथा सामग्रीहरु' भन्नाले कुनै पनि तत्व वा प्रतिस्थापन गर्न मिल्ने तत्व, विशेष गरि बन्दुकको लागि डिजाइन गरिएको र यसको सञ्चालनको लागि आवश्यक पर्ने, ब्यारेल, फ्रेम वा रिसीभर, स्लाइड वा सिलिन्डर, बोल्ट वा ब्रीच ब्लक, र बन्दुक पड्काउदा आउने आवाज कम गर्न डिजाइन गरिएको अनुकूलित कुनै पनि उपकरण समावेश हुन्छ ।"*

## *२ अन्य सान्दर्भिक अन्तर्राष्ट्रिय कानुनी संरचनाको तुलनामा ATT10*

संयुक्त राष्ट्रसंघको संरक्षणमा अपनाइएका - परम्परागत हतियारको व्यापारलाई सम्बोधन गर्न निम्न अन्तर्राष्ट्रिय संरचनाहरुले सम्बोधन गर्दछनः

9 For the International Ammunition Technical Guidelines (IATG), see www.un.org/disarmament/convarms/ammunition.
10 There are also regional, sub-regional and other inter-governmental instruments (e.g. the Nairobi Protocol, the ECOWAS Convention, the Wassenaar Arrangement) that deal with arms export regulations.

क) साना हातहतियार र हलुका हतियारको अवैध व्यापारका सबै प्रकारहरुलाई रोक्न, सामना गर्न र उन्मूलन गर्न संयुक्त राष्ट्रसंघको कार्यक्रम[11] (PoA);
ख) ITI;
ग) बन्दुक प्रोटोकल;
घ) UN रजिष्टर[12] ।

कतिपय ATT पक्षराज्यहरूले क्षेत्रीय, उप-क्षेत्रीय र अन्य सरकारी संयन्त्रहरूलाई अंगिकार गरेका छन् जसले हतियार निर्यातलाई नियमन गर्दछन्। यी राज्यहरूलाई यी संयन्त्रहरूसँग परामर्श गर्न र ATT को प्रभावकारी कार्यान्वयनमा तालमेल खोज्न अन्य सान्दर्भिक गैर-संयुक्त राष्ट्रसंघीय संयन्त्रहरू अन्तर्गत तिनीहरूको ATT प्रति प्रतिबद्धता दोहोरिने क्षेत्रहरूको पहिचान गर्न प्रोत्साहित गरिन्छ।

चित्र १ र २ ले ATT र यी अन्य अन्तर्राष्ट्रिय संयन्त्रहरूबीचको सम्भावित दोहोरिने क्षेत्रहरूको सिंहावलोकन प्रदान गर्दछ।

**चित्र १ - परम्परागत हतियार र सम्बन्धित वस्तुहरूको निर्यात**

| | |
|---|---|
| लडाकु टैंङ्क | एटीटी, युएन रजिष्टर |
| बख्तरबन्द लडाकु गाडी | एटीटी, युएन रजिष्टर |
| ठूलो शक्तिशाली तोप प्रणाली एटीटी, | युएन रजिष्टर |
| लडाकु जहाज | एटीटी, युएन रजिष्टर |
| आक्रमक हेलिकप्टर | एटीटी, युएन रजिष्टर |
| युद्धपोत | एटीटी, युएन रजिष्टर |
| मिसाइल र मिसाइल लञ्चर | एटीटी, युएन रजिष्टर |
| साना हातहतियार र हलुका हतियार | एटीटी, युएन रजिष्टर, PoA, ITI, FP |

सम्वन्धित बन्द'क/हतियार FP*

सम्वन्धित उपकरण र सामग्रीहरु FP*

FP* ले बन्द'क, तिनका हातहतियार, उपकरण र सामग्रीहरु जनाँउछ।

11 The PoA was adopted by Member States of the UN by consensus in 2001 and all States are politically committed to implementing the measures recommended in it. Available at www.poa-iss.org/poa/poahtml.aspx.
12 www.un.org/disarmament/convarms/Register/.

**चित्र २ -** आयात , पारवहन र ट्रान्सशिपमेन्ट, र परम्परागत हतियार र सम्बन्धित वस्तुहरूको लेनदेन

| | |
|---|---|
| लडाकु टैंङ्क | एटीटी, युएन रजिष्टर |
| बख्तरबन्द लडाकु गाडी | एटीटी, युएन रजिष्टर |
| ठूलो शक्तिशाली तोप प्रणाली एटीटी, | युएन रजिष्टर |
| लडाकु जहाज | एटीटी, युएन रजिष्टर |
| आक्रमक हेलिकप्टर | एटीटी, युएन रजिष्टर |
| युद्धपोत | एटीटी, युएन रजिष्टर |
| मिसाइल र मिसाइल लञ्चर | एटीटी, युएन रजिष्टर |
| साना हातहतियार र हलुका हतियार | एटीटी, युएन रजिष्टर, PoA, ITI, FP |

FP* ले सम्वन्धित बन्दुक/हतियार र तिनका उपकरण र सामग्रीहरु जनाउँछ।

## इ) ATT अर्न्तगत राष्ट्रिय कार्यान्वयनको आवश्यकताहरु

### *१. हतियार निकासीसँग सम्बन्धित आवश्यकताहरू*

#### *१.१ राष्ट्रिय निर्यातनियन्त्रण प्रणाली स्थापना तथा कायम गर्ने*

ATT अनुसार राज्य पक्षले राष्ट्रिय निर्यातनियन्त्रण प्रणाली स्थापना र कायम गर्न आवश्यक छ जसले ATT का निर्यातप्रावधानहरूको प्रभावकारी अनुपालनको सुनिश्चित गर्दछ, ATT अन्तर्गत निकासीमा लाग्ने सान्दर्भिक निषेधहरू र राष्ट्रिय कानून तथा नीतिहरूको कार्यान्वयन सहित निर्यातमूल्याङ्कन प्रावधानहरू लागू गर्ने[13]

- राज्य पक्षले ATT को दायरा अन्तर्गत परम्परागत हतियार, साथै सम्बन्धित गोला बारूद,[14] उपकरण र सामग्रीहरूको निकासीलाई नियन्त्रण र नियमन गर्न कानून, नियम र प्रशासनिक प्रक्रियाहरू स्थापित गर्नुपर्छ।[15]

- यी कानून, नियम र प्रक्रियाहरूले राज्य पक्षलाई आफ्नो क्षेत्राधिकार अर्न्तगत परम्परागत हतियार, गोलाबारुद र उपकरण र सामग्रीहरुको प्रभावकारी नियन्त्रण गर्न अधिकार प्राप्त बनाउँछन्।

राष्ट्रिय कानूनले यी कुरा स्पष्ट उल्लेख गर्नुपर्छः

13 Article 5 (2).
14 Article 3.
15 Article 4

क) कुन हतियार र वस्तुहरू निकासीनियन्त्रण अर्न्तगत पर्दछन् (राष्ट्रिय नियन्त्रण सूची);

ख) परम्परागत हतियार निर्यातनियन्त्रण गर्न कुन सरकारी मन्त्रालय, विभाग र निकायहरू जिम्मेवार छन्;(राष्ट्रिय अक्तियारी )

ग) निर्यातअधिकार (नियामक प्रक्रियाहरू) प्रदान गर्ने वा अस्वीकार गर्ने मापदण्डहरू;

घ) निर्यातको मामलामा नियम उल्लंघन गरिएमा लागू गरिने कानूनी र/वा प्रशासनिक कार्बाही (कामकार्बाही प्रकृया तथा अभियोजन र सजाय)।

### *१.१.१ राष्ट्रिय नियन्त्रण सूची*

ATT को धारा 5(2) अनुरुप राज्य पक्षले राष्ट्रिय नियन्त्रण सूची स्थापना गरि कायम राख्न आवश्यक हुन्छ।

- यस सूचीमा समावेश परम्परागत हातहतियार, तोपगोला र बन्दुक, र उपकरण र सामग्रीहरूको स्थानान्तरणलाई नियमन गरिनुपर्छ ।
- राष्ट्रिय नियन्त्रण सूचीमा निर्यातनियमन गरिनुपर्ने सबै वस्तुको एकल सूची पनि हुनसक्छ, वा निर्यातनियमन गरिनुपर्ने विभिन्न कोटी/प्रकारका वस्तुहरू समावेश गरिएको सूचीको सङ्कलन हुनसक्छ ।
- राज्य पक्षले, आफ्नो राष्ट्रिय कानून अनुसार, आफ्नो राष्ट्रिय नियन्त्रण सूचीहरू ATT सचिवालयमा उपलब्ध गराउनुपर्छ, जसले सो अन्य राज्य पक्षलाई उपलब्ध गराउनेछ ।
- राज्य पक्षले पनि आफ्नो नियन्त्रण सूची सार्वजनिक रूपमा उपलब्ध गराउन प्रोत्साहित गरिन्छ।

### *१.१.२ राष्ट्रिय अधिकारीहरू*

राज्य पक्षले ATT अन्तर्गत समेटिएका वस्तुहरूको निकासीमा राष्ट्रिय नियन्त्रण र नियमनलाई प्रभावकारी र पारदर्शी बनाउन अधिकार प्राप्त  राष्ट्रिय अधिकारी नियुक्त गर्नुपर्छ।16

- तोकिएको अधिकारी यस प्रयोजनका लागि स्थापित नयाँ निकाय पनि हुनसक्छ वा पहिले नै स्थापित निकाय पनि हुन सक्छ।
- तोकिएको अधिकारीले हतियार निर्यातअक्तियारी  प्रक्रिया मार्फत नियामक व्यवस्थाको व्यवस्थापन र नियन्त्रणहरू लागू गर्नेछ। 17

16 Article 5 (5).
17 C.f. Article 5 (5).
18 For the purposes of these guidelines, an export authorization will be often referred to as an “export licence”. However, some countries use other terminology, e.g. “export permit”.

**कोष्ठ १ - राष्ट्रिय अख्तियारी तोक्ने**

राष्ट्रिय अख्तियारी तोक्ने सवालमा देश अनुसार दृष्टिकोण फरक फरक भए तापनि, धेरैजसो सरकारले राज्यको एउटा अंग वा निकायलाई निर्यात अधिकार परीक्षण गर्ने र सम्बन्धित अधिकार प्रदान गर्ने (वा अस्वीकार गर्ने) निकाय तोकेको हुन्छ ।18 अक्तियारी प्रदान गर्नुभन्दा पहिला यस्तो नियाले अन्य सरकारी मन्त्रालय वा विभागसँग परामर्श गर्नु सामान्य अभ्यास हो । कतिपय अवस्थामा, यस्तो अक्तियारी प्रदान गर्नुभन्दा अगाडि जाँचबूझ गर्ने संयन्त्र (जस्तै विधायी निकाय वा संसद) लाई तोकेको हुन्छ ।

**अक्तियारी तोक्ने राष्ट्रिय नियाय**

अक्तियारी प्राप्त निकायका जिम्मेवारीहरु निम्न रहन सक्छन्::
क निर्यात आवेदनहरू संकलन तथा समीक्षा गर्ने;
ख निर्यात अधिकार जारी गर्ने;
ग वस्तुहरूको निर्यातका लागि सबै कागजात र स्वीकृति निर्यात गर्नुअघि विस्तृत रुपमा जारी भएको यकिन गर्ने;19
घ कम्तिमा दश वर्षको लागि निर्यात अक्तियारीका रेकर्ड कायम राख्ने;20
ङ आयात गर्ने राज्य र ट्रान्जिट वा पारवहनमा संलग्न राज्यलाई अक्तियारीका बारेमा उपयुक्त जानकारी उपलब्ध गराउने, यदि आवश्यक परेमा, र सो कार्य राष्ट्रिय कानून, नीति र अभ्यासको आधारमा निर्भर हुन्छ;21
च निर्यात अक्तियारी प्रक्रियामा संलग्न अन्य मन्त्रालय र विभागहरूसँग समन्वय गर्ने;
छ लेखाजोखा गर्ने निकायलाई प्रतिवेदन गर्ने, जहाँ आवश्यक पर्छ र राष्ट्रिय कानून अनुरुप ।

धेरै देशमा राष्ट्रिय कानूनले नै रणनीतिक महत्वका केही हतियारहरूको निर्यातलाई अक्तियारी प्राप्त राष्ट्रिय निकाय भन्दा माथिल्लो तहमा अनुमोदन गर्न आवश्यक हुन्छ, जस्तै उच्च-स्तरीय अधिकारीहरू, मन्त्रिपरिषद् वा, कहिलेकाँही विधायिकाद्धारा ।

१.१.३ परम्परागत हतियार निर्यातमा नियामक प्रक्रियाहरू

परम्परागत हातहतियार, सम्बन्धित गोलाबारूद/बन्दुक, पार्टपुर्जा र सामग्रीहरू (वा "समावेश हुने वस्तुहरू") को निकासी, एक-एक गरेर, निर्यात गर्ने देशले अधिकार प्राप्त निकायद्धारा पूर्व लिखित अधिकार ('निर्यात अक्तियारी) दिनुपर्छ ।

*क) स्थानान्तरण निषेध22*

यदि निर्यात गर्दा ATT को धारा ६ मा उल्लिखित मापदण्डहरू उल्लङ्घन हुन्छ भने ती वस्तुहरूको निर्यात अक्तियारी प्रदान गरिने छैन ।

19 Article 7 (5).
20 Article 12 (1).
21 Article 7 (6).
22 Article 6

**कोष्ठ २ - स्थानान्तरण निषेध (धारा ६)**

वस्तुहरूको स्थानान्तरण अस्वीकार गरिनुपर्छ यदि:

क) संयुक्त राष्ट्र सुरक्षा परिषदले अपनाएका उपायहरू अन्तर्गत बडापत्रको खण्ड VII अनुरुप राज्य पक्षका दायित्वहरूको उल्लङ्घन गर्दछ भने, विशेष गरी हतियार प्रतिबन्धहरू;

ख) यसले अन्तर्राष्ट्रिय सम्झौताहरू अन्तर्गत राज्य पक्षका सान्दर्भिक अन्तर्राष्ट्रिय दायित्वहरू उल्लङ्घन गर्दछ भने;

ग) अक्तियारी प्रदान गरिएमा हतियार वा वस्तुहरू निम्न प्रयोजनका लागि प्रयोग गरिने छन् भन्ने राज्य पक्षलाई जानकारी भएमा:

- नरसंहार;
- मानवता विरुद्धको अपराध;
- 1949 को जेनेभा महासन्धि को गम्भीर उल्लङ्घन;
- संरक्षित नागरिकहरू वा नागरिक सम्पति वा वस्तुहरू विरुद्ध निर्देशित आक्रमणहरू;
- अन्य युद्ध अपराधहरू जसमा यो पक्ष राज्यले अन्तर्राष्ट्रिय सम्झौताहरूको परिपालना गर्नुपर्दछ ।

*ख निर्यात लेखाजोखा*23

पक्ष राष्टले ATT अन्तर्गत समेटिएका वस्तुहरूको निर्यातसँग सम्बन्धित जोखिमहरूको म”ल्याङ्कनगर्न आवश्यक छ।

- निर्यात गर्ने राज्यले म”ल्याङ्कनगर्दा सान्दर्भिक पक्षहरुलाई ख्याल गर्दै सुसंगत, वस्तुनिष्ठ र भेदभावरहित ढंगले गर्नुपर्छ र त्यसो गर्दा आयात गर्ने राज्यले दिएको जानकारीलाई पनि हेक्का राख्नुपर्छ । निर्यात  लेखाजोखाका लागि ATT को धारा ७ मा मापदण्डहरू उल्लेख गरिएको छ ।

- निर्यातलाई ATT को धारा ६ अन्तर्गत निषेध नगरिएको भए, निर्यात गर्ने राज्यका नियाक वा अधिकारीहरूले निर्यात गर्ने सामग्रीको म”ल्याङ्कनगरेको हुनुपर्नेछ यदि:
  - शान्ति र सुरक्षाको अवस्थालाई कमजोर पार्ने छैनन् भन्ने;24
    राष्ट्रिय निकाय वा अधिकारीहरूले लेखाजोखाको कार्य गर्दा, उल्लेखित वस्तुहरूको निर्यातबाट पर्नसक्ने सकारात्मक र नकारात्मक पक्षहरु केलाउन सक्नेछन् । यदी ती निकाय वा अधिकारीहरूलाई निर्यातले शान्ति र सुरक्षामा योगदान पुऱ्याउने सम्भावना छ भने (सकारात्मक नतिजा), त्यस्तो निष्कर्षलाई उनीहरुले निर्यातको अक्तियारीका लागि कारक तत्वका रुपमा उल्लेख गर्न सक्दछन् । अर्कोतर्फ, राष्ट्रिय निकाय वा अधिकारीहरूलाई निर्यातले शान्ति र सुरक्षालाई  लाई कमजोर पार्ने सम्भावना छ भन्ने लागेमा (नकारात्मक नतिजा), तिनीहरूले यो जोखिमको मूल्याङ्कनगर्नुपर्छ र यसलाई न्यूनीकरण गर्न अपनाउनुपर्ने उपायहरु उल्लेख गर्ने वा निर्यातलाई इन्कार गर्न सक्दछन् ।
  - अन्तर्राष्ट्रिय मानवीय वा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको गम्भीर उल्लङ्घन गर्न वा सहजीकरण गर्न प्रयोग हुनसक्ने देखिएमा;
  - आतंकवाद वा अन्तर्राष्ट्रिय संगठित अपराध सम्बन्धी निर्यातकता पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय महासन्धि वा प्रोटोकल अन्तर्गत अपराध गर्न प्रयोग गर्ने सम्भावना हुन सक्छ ।25
- निर्यातकर्ता राज्यले वस्तुहरूको प्रयोगद्धारा लैङ्गिक हिंसा वा महिला तथा बालबालिका विरुद्ध हुने गम्भीर प्रकृतिका हिंसा गर्न वा सघाउने जोखिमलाई ख्याल गर्नुपर्दछ ।26

19 Article 7 (5).
20 Article 12 (1).
21 Article 7 (6).
22 Article 6

**कोष्ठ ३ - निर्यात लेखाजोखाका लागि मापदण्ड**

धारा ७ (१): धारा ६ बमोजिम निर्यात निषेध गरिएको छैन भने, प्रत्येक निर्यातकर्ता राज्य पक्षले धारा २ (१) बमोजिम समेटिएका परम्परागत हतियार वा धारा ३ वा धारा ४ अन्तर्गत समेटिएका वस्तुहरूको निकासीको अधिकार दिनुअघि अधिकार क्षेत्र र यसको राष्ट्रिय नियन्त्रण प्रणाली अनुसार, वस्तुनिष्ठ र गैर-भेदभावपूर्ण तरिकाबाट, धारा ८ (१) बमोजिम आयातकर्ता राज्यले प्रदान गरेको जानकारी सहित सान्दर्भिक कारक तत्वहरूलाई ध्यानमा राख्दै, परम्परागत हतियार वा वस्तुहरू:

क) शान्ति र सुरक्षामा योगदान वा कमजोर बनाउने;
ख) निम्न कार्यका लागि प्रयोगमा ल्याउन सकिन्छ:

(अ) अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लङ्घन गर्ने वा सहजीकरण गर्ने;

(आ) अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको गम्भीर उल्लङ्घन गर्ने वा सहजीकरण गर्ने;

(इ) निर्यातकर्ता पक्षराज्य भएको आतंकवादसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि वा प्रोटोकल अन्तर्गत अपराध गठन गर्ने कार्य गर्ने वा सहजीकरण गर्ने;

(ई) निर्यातकर्ता पक्षराज्य भएको अन्तर्राष्ट्रिय संगठित अपराध सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि वा प्रोटोकल अन्तर्गत अपराध सम्वन्धी ऐन तर्जुमा गर्ने वा सो कार्यका लागि सहजीकरण गर्ने ।

धारा ७ (४): निर्यातकर्ता पक्ष राज्यले लेखाजोखा गर्ने क्रममा ती वस्तुहरुबाट लैंगिक हिंसा वा महिला तथा बालबालिका विरुद्ध गम्भीर हिंसा उक्साउन वा सहजीकरण गर्न वस्तुहरूको प्रयोग हुनसक्ने जोखिम प्रति ध्यान दिनुपर्नेछ ।

*ग न्यूनीकरणका उपायहरु*[27]

- यदि हतियार र निर्यातजन्य वस्तुहरूबाट शान्ति र सुरक्षालाई कमजोर बनाउने जोखिम भएमा वा अन्तर्राष्ट्रिय मानवीय कानून वा मानव अधिकार कानूनको गम्भिर प्रतिकूल हुने वा हुन सघाउने वा आतंकबाद वा अन्तर्राष्ट्रिय संगठित अपराधसँग सम्वन्धित अन्तर्राष्ट्रिय महासन्धि वा प्रोटोकलको खिलाफ हुने वा गम्भीर उल्लङ्घन गर्न वा सो हुन सहजीकरण हुने भए पक्ष राष्टहरूले त्यस्तो अवस्थामा न्यूनीकरणका उपायहरू अपनाउन सकिन्छ कि भनेर विचार गर्नेछन्, जस्ता:

- विश्वास निर्माणका उपायहरू;
- निर्यात र आयात गर्ने राज्यहरुले संयुक्त रुपमा विकास गरेर सहमति जनाएका कार्यक्रमहरु ।

*घ निर्यात अस्वीकार गर्ने*

- यदि निर्यातकर्ता राज्यले - निर्यातको म''ल्याङ्कनगरिसकेपछि र न्यूनीकरणका उपायहरूमाथि विचार गरेपछि-धारा ७ (१) मा उल्लेख भए अनुरुप नकारात्मक परिणामहरू हात लाग्ने देखिएमा, निर्यातलाई अक्तियारी दिनेछैन।

- फलस्वरूप, निर्यात अक्तियारी प्रक्रियामा संलग्न राष्ट्रिय निकाय वा अधिकारीले हतियार निर्यातको सम्भावित नकारात्मक नतिजाहरू भन्दा सकारात्मक पक्षहरूभन्दा बढी हुनेछन् भने विचार गर्नुपर्छ (निर्यातलाई धारा ६ अन्तर्गत पहिले नै निषेध गरिएको छैन)।

27 Article 7 (2)

*ङ पथान्तरणको जोखिम लेखाजोखा*[28]

निर्यात लेखाजोखाका क्रममा, निर्यातकर्ता पक्ष राष्टले यी पक्षहरुको पनि मूल्याङ्कनगर्नेछः

- केही वा सबै हतियारहरू अक्तियारी प्राप्त निकायमा नपुगी पथान्तरण हुनसक्ने जोखिम;
- केही वा सबै हतियारहरू अक्तियारी प्राप्त निकायमा पुगेर पनि अन्तै पथान्तरण हुनसक्ने जोखिम, जसमाः

ATT का प्रावधानहरू उल्लङ्घन हुने गरि आधिकारीक अन्तिम प्रयोगकर्ताले हतियार हस्तान्तरण गरेमा, जसबाट निर्यातकर्ता राज्यको राष्ट्रिय निर्यात नीति उल्लङ्घन हुन्छ वा वा अन्य तवरले पथान्तरण मान्न सकिने;

प्रायः अपर्याप्त र असुरक्षित भण्डार व्यवस्थापनका वा भ्रष्टाचारका कारण हुने चोरी र अन्य घटनाहरूका कारण हुने चुहावट हुन सक्ने;

सशस्त्र गैर-राज्यपक्षका लडाकुहरुद्वारा भण्डार कब्जा भएमा ।
पथान्तरण

*च अक्तियारीको पुनर्मूल्यांकन*[29]

- नयाँ सान्दर्भिक जानकारी प्राप्त हुन आएमा, निर्यात गर्ने राज्य पक्षले परम्परागत हतियार वा वस्तुहरूको विशेष स्थानान्तरणको अक्तियारीका सम्वन्धमा पुनःमूल्याङ्कन गर्न प्रोत्साहन गरिन्छ।
- सम्भव र उपयुक्त भएमा आयात गर्ने राज्यपक्षसँग परामर्श लिएपश्चात यस्तो पुनः मूल्याङ्कन गरिनुपर्छ।

१.१.४. प्रवर्तन उपायहरू

- परम्परागत हातहतियार निर्यातसम्बन्धी कानुन, नियम र प्रशासनिक प्रक्रियाको पालना सुनिश्चित गर्ने संयन्त्र राष्ट्रिय स्तरमा रहनेछ ।[30]
- प्रत्येक राज्य पक्षले आफ्नो राष्ट्रिय प्रवर्तन उपायहरूको हदबारे निर्णय गर्नेछ किनभने ATT ले यस सवालमा कुनै निर्देशन प्रदान गर्दैन ।

१.२ निर्यात अक्तियारी दिएको र वास्तविक निर्यातको राष्ट्रिय अभिलेख राख्ने

- निर्यातकर्ता राष्ट्र पक्षले धारा २ (१) अन्तर्गत जारी गरिएका सबै निर्यात अक्तियारी वा परम्परागत हातहतियारको वास्तविक निर्यातको अभिलेख राख्नुपर्नेछ।[31]

28 Article 11 (2).
29 Article 7 (7).
30 Article 14.
31 Article 12 (1).

- 

- यो राज्य पक्षले आफ्ना प्राथमिकताहरु निर्धारण गर्ने होः अक्तियारीको अभिलेख राख्ने वा वास्तविक निर्यात या दुवैको । अभिलेखहरू अधिकार प्राप्त राष्ट्रिय निकाय वा अधिकारीहरूले राख्नुपर्छ ।
- ATT ले राज्य पक्षलाई अधिकार वा गोलाबारुद वा पार्टपुर्जा र सामग्रीहरूको वास्तविक निर्यातको अभिलेख राख्न आवश्यक पर्दैन, तर राज्य पक्षले आवश्यक ठानेमा तिनको अभिलेखिकरण गर्न सक्छन्।
- अभिलेख कम्तिमा दश वर्षसम्म राख्नुपर्नेछ ।32

**कोष्ठ ४- निर्यातको अभिलेखिकरण गर्ने**
राज्यहरूले आफ्नो अभिलेखमा यी समावेश गर्न प्रोत्साहित गरिन्छः33

१. मात्रा; २.मूल्य; ३.मोडेल/प्रकार/सिरियल नम्बर; ४.हस्तान्तरणका लागि आधिकारीक परम्परागत हतियारहरु; ५. वास्तवमा हस्तान्तरण गरिएका परम्परागत हतियार; ६. निर्यात गर्ने राज्य(हरू), पारवहन र अन्तरदेशीय ढुवानी हुने राज्य(हरू)को विवरण; ठ. अन्तिम प्रयोगकर्ता ।

## *१.३ निर्यात अक्तियारी प्रक्रियामा आयात गर्ने राज्यको भूमिका*

आयाताकर्ता राज्यले निर्यातकर्ता राज्यलाई राष्ट्रिय निर्यात मूल्याङ्कनगर्न सहयोग गर्न अनुरोध गर्ने क्रममा उपयुक्त र सान्दर्भिक जानकारी उपलब्ध गराएको सुनिश्चित गर्नुपर्नेछ ।34 त्यस्ता कागजातहरूमा निम्न समावेश हुन सक्छन्:

क अन्तिम-प्रयोग वा अन्तिम प्रयोगकर्ता सम्वन्धी कागजात;35

ख आयात अक्तियारी;

ग आयात कर्ता राज्यसँग आयातित हतियार नियन्त्रण गर्ने पर्याप्त प्रणाली र क्षमता रहेको जनाउने कागजात ।

## *१.४ संयुक्त राष्ट्रसंघका संयन्त्रहरुको तुलनामा ATT अन्तर्गत निर्यात-सम्बन्धित आवश्यकताहरू*

ATT बाहेक, परम्परागत हतियारहरूको निर्यात, आयात र पारवहन/अन्तरदेशीयनियन्त्रण सम्बन्धी PoA र फायरआर्म्स प्रोटोकल जस्ता अन्य अन्तर्राष्ट्रिय संयन्त्रहरू छन् जसमा विभिन्न प्रावधान वा सुझावहरू समेटिएका छन्। कतिपय राज्यहरूले यी संयन्त्रहरू अन्तर्गत कार्यान्वयनका उपायहरू अपनाइसकेका हुनसक्छन्। प्रयासहरुमा दोहोरोपना नहोस् भन्नाका लागि, निम्न तालिकाले तीनवटा संयन्त्रहरु अर्न्तगत परम्परागत हतियारहरूको निर्यातसँग सम्बन्धित आवश्यकताहरूलाई सूचीबद्ध गर्दछ।

32 Article 12 (4)
33 Article 12 (3).
34 Article 8 (1).
35 ibidem

## तालिका १- संयुक्त राष्ट्रसंघका संयन्त्रहरुको निर्यात-सम्बन्धित आवश्यकताहरूको सिंहावलोकन

| एटीटी | गोलाबन्दुक प्रोटोकल | पिओए |
|---|---|---|
| **निर्यात रोकथाम** | | |
| - एक राष्ट्रिय नियन्त्रण सूची सहित<br><br>नियन्त्रण प्रणाली स्थापना गरि सञ्चालन गर्ने । चित्र (२)। हेर्नुहोस् । राष्ट्रिय स्थापना र कायम राख्ने निकासीलाई नियन्त्रण गर्न नियन्त्रण प्रणाली<br>गोला बारूद / गोलाबारुद र पाटपूर्जा र<br>सामग्रीहरू। धारा ३ र ४ हेर्नुहोस्। | - प्रत्येक पक्ष राष्टले प्रभावकारी निर्यात प्रणाली स्थापना गरि सञ्चालन गर्ने ।<br>धारा १० (१)। | - उपयुक्त कानुन, नियमावली, र प्रशासनिक प्रक्रियाहरूले निर्यातलाई प्रभावकारी रुपमा नियन्त्रण गर्ने प्रावधान राख्नुहोस् ।<br>दफा II.२ र II.१२<br>- निर्यात इजाजतपत्रको अक्तियारी दिने संयन्त्र प्रभावकारी बनाउने दफा II.१५ |
| **निर्यात प्रतिवन्ध** | | |
| - यदि सुरक्षा परिषद् र संयुक्त राष्ट्रसंघको चार्टरका दायित्वहरू, निर्यातकर्ता राज्य पक्षले पालना गर्नुपर्ने अन्तर्राष्ट्रिय दायित्वहरूको उल्लङ्घन हुन्छ, वा नरसंहार घटाउन, मानवता विरुद्ध गम्भीर अपराधहरू गर्न, जेनेभा महासन्धि उल्लंघन गर्न, नागरिकहरु विरुद्ध आक्रमण गर्न वा अन्य युद्ध अपराधहरु गर्न प्रयोग प्रतिवन्ध लगाइने छ । धारा ६ हेर्नुहोस् । | - स्पष्ट रूपमा गोला बन्दुक निर्यातका प्रावधानहरूलाई निषेध गरिएको छैन | - संयुक्त राष्ट्रसंघको वडापत्र अनुरुप सुरक्षा काउन्सिलको हतियार प्रतिबन्ध उल्लङ्घन गर्ने कुनै पनि गतिविधिलाई रोक्न राज्यले कानूनी, प्रशासनिक लगायत सबै उपयुक्त उपायहरु अपनाउन पर्छ । दफा II.१५ हेर्नुहोस् । |
| **निर्यात मूल्याङ्कन** | | |
| - हतियारले शान्ति र सुरक्षा कायम गर्न योगदान गर्छ वा कमजोर बनाउँछ भन्ने वारे मूल्याङ्कन गर्नुहोस्<br>सम्भावनाको मूल्याङ्कन गर्नुहोस्<br>; अन्तर्राष्ट्रिय मानवीय र<br>मानव अधिकार कानून, अन्तर्राष्ट्रिय महासन्धीहरू, वा आतंकवाद वा अन्तर्राष्ट्रिय संगठित<br>अपराध सम्बन्धि प्रोटोकलहरू उल्लङ्घन प्रयोग हुन सक्छ कि भन्ने वारे हेक्का राख्नुहोस् । धारा ७ (१) हेर्नुहोस् । | *- राज्यलाई निर्यात प्रावधानहरुको लेखाजोख गर्नुपर्ने आवश्यकता पर्दैन ।* | -हतियार पथान्तरण हुने जोखिमलाई ख्याल गर्दै अन्तर्राष्ट्रिय कानून अनुसार निर्यातका प्रावधानहरुलाई कठोर राष्ट्रिय नियम र प्रक्रियाहरुसँग मेल खाएको यकिन गर्न म"ल्याङ्कनगर्नुहोस् । दफा II ११ हेर्नुहोस् । |
| **दस्तावेजीकरण** | | |

| | | |
|---|---|---|
| - निर्यात अगावै निर्यातका लागि आवश्यक सबै अक्तियारीहरु विस्तृत रुपमा खुलाइएको र जारी भएको यकिन गर्नुहोस् । धारा ७ (५) हेर्नुहोस्। | -आयातकर्ता राज्यले आयात इजाजतपत्र र अक्तियारी लिएको यकिन गर्नुहोस् र पारवहन राज्यहरूले पनि विरोध नगरुन भन्नाका लागि लिखित सूचना राख्नुहोस् धारा १० (२) हेर्नुहोस् ।<br>- कागजातमा स्थान र जारी गरेको मिति, अन्तिम मिति, निर्यात गर्ने देश, आयात गर्ने देश, अन्तिम प्राप्त गर्ने निकाय, वस्तुहरूको मात्रा र विवरण, र पारवहन देशहरू (सान्दर्भिक भएमा)। धारा १० (३) हेर्नुहोस् ।<br>- कागजातहरूको प्रामाणिकता प्रमाणित गर्ने उपाय सुनिश्चित गर्नुहोस् (उपलब्ध माध्यमद्धारा) धारा १० (५) हेर्नुहोस् । | - अन्तिम प्रयोगकर्ताका प्रमाणपत्र र प्रभावकारी कानूनी र प्रवर्तनका उपायहरूको प्रमाणीकरणको सुनिश्चित गर्नुहोस् । दफा ‖१२ हेर्नुहोस् । |

## *२ हतियार आयातसँग सम्बन्धित आवश्यकताहरू*

### *२.१ आयात नियमन गर्ने*

- सामान्यतया, राज्य पक्षले ATT को दायरा अन्तर्गत परम्परागत हतियारको आयातलाई नियमन गर्न आवश्यक कानून, नियम र प्रशासनिक प्रक्रियाहरू अपनाउनुपर्छ । यो धारा ८ (२) र धारा ५ (४) अनुरुप छ  जसलाई राज्यपक्षले सम्वन्धित वस्तुहरूको परम्परागत स्थानान्तरण नियमन गर्न प्रभावकारी र पारदर्शी राष्ट्रिय नियन्त्रण प्रणाली स्थापना गर्नुपर्ने अपेक्षा गरिन्छ ।

- कुन वस्तुहरू आयात नियन्त्रण भित्र पर्दछन् भन्ने (राष्ट्रिय नियन्त्रण सूची) कुरा राष्ट्रिय कानून, नियम वा प्रशासनिक प्रक्रियाहरूले स्पष्ट रूपमा बताउनुपर्नेछ;

  - परम्परागत हतियार आयातमा (राष्ट्रिय अक्तियारी प्राप्त निकाय) को नियमन गर्न कुन सरकारी मन्त्रालय वा विभागहरू जिम्मेवार छन्;

  - आयात अक्तियारी प्रदान गर्ने वा अस्वीकार गर्ने मापदण्ड (नियामक प्रकृयाहरु; यदि लागू भएमा

  - आयात नियम उल्लंघंन भएमा कानुनी र/वा प्रशासनिक कार्बाही जुन (प्रवर्तन उपाय र संयन्त्र, अभियोजन र सजाय) को मामला मा लागू हुनेछ।

#### *२.१.१ राष्ट्रिय नियन्त्रण सूची*

परम्परागत हातहतियारको आयातलाई नियमन गर्न राष्ट्रिय नियन्त्रण सूची आवश्यक औजार हो । राज्य पक्षले आयात र निर्यात दुवै प्रयोजनका लागि एउटै राष्ट्रिय नियन्त्रण सूची स्थापना गर्न सक्दछन् ।

36 Article 5 (5).

*२.१.२ राष्ट्रिय निकायहरु*

- राज्य पक्षले ATT[36] अन्तर्गत समेटिने परम्परागत हतियारहरूको आयातमा प्रभावकारी र पारदर्शी राष्ट्रिय नियमन कार्य सुनिश्चित गर्न अधिकार प्राप्त राष्ट्रिय निकाय वा अधिकारी तोक्नुपर्छ।

- यदि राज्य पक्षले आयात नियन्त्रण प्रणाली रोज्छ भने - अर्थात राष्ट्रिय नियन्त्रण सूचीमा सूचीकृत परम्परागत हतियारहरू आयात गर्दा प्रत्येक पटक आयात अक्तियारी लिनु परेमा - तोकिएका अधिकारीले हतियार आयात अक्तियारी प्रक्रिया मार्फत नियन्त्रण प्रणाली लागु गर्नेछन् ।

*२.१.३ नियामक प्रक्रियाहरू*

- परम्परागत हतियारको आयात लाई नियन्त्रण गर्ने नियामक कार्यविधिले राष्ट्रिय नियन्त्रण सूचीमा समावेश परम्परागत हतियारहरूको आयातलाई स्वीकृत गर्ने कि अस्वीकार गर्ने भन्ने मापदण्डहरू स्थापना गर्दछ ।

- यदि आयातकर्ता राज्य पक्षले इजाजतपत्र प्रणाली मार्फत आयातलाई नियमन गर्दछ भने, नियामक प्रक्रियाहरूले कसरी र कुन परिस्थितिमा आयात अक्तियारी प्राप्त गर्न सकिन्छ भन्ने विवरण समावेश गर्नुपर्दछ ।

*२.१.४ प्रवर्तनका उपायहरू*

- राज्य पक्षले परम्परागत हतियारको पारवहन र ढुवानी सम्बन्धी कानून, नियम र प्रशासनिक प्रक्रियाहरूको पालना सुनिश्चित गर्न उपायहरू र संयन्त्रहरू राख्नु पर्छ ।[37]

- प्रत्येक राज्यपक्षले निश्चित प्रवर्तनका उपायहरू आफै अपनाउने निर्णय गर्नेछन् किनभने ATT ले यस विषयमा थप विवरण प्रदान गर्दैन ।

*२.२ आयातको अभिलेख राख्ने*

आयातकर्ता राज्यलाई अन्तिम गन्तव्यको रूपमा आफ्नो इलाकामा हस्तान्तरण गरिएका ATT अर्न्तगतका परम्परागत हतियारहरूको अभिलेख राख्न प्रोत्साहित गरिन्छ ।[38]

**कोष्ट ५ - आयात को रेकर्ड राख्ने**

अभिलेखहरूमा यी समावेश हुनैपर्छ:[39]

१. मात्रा; २. मूल्य; ३. मोडेल/प्रकार/सिरियल नम्बर; ४. ATT को दायरा अन्तर्गत परम्परागत हतियारहरूको आधिकारिक रुपमा अन्तर्राष्ट्रिय स्थानान्तरण; ५. परम्परागत हतियार वास्तविक हस्तान्तरण; ६. निकासीगर्ने राज्य(हरू), पारवहन र अन्तरदेशीय ढुवानी राज्य(हरू) को विवरण; ७. अन्तिम प्रयोगकर्ता।

36 Article 5 (5).

*२.३ अन्य UN संयन्त्रहरू अन्तर्गतको तुलनामा ATT अन्तर्गत आयात-सम्बन्धित आवश्यकताहरू*

परम्परागत हतियारहरूको आयात  नियन्त्रण सम्बन्धि अन्य अन्तर्राष्ट्रिय संयन्त्रहरू छन् जसमा *PoA* लगायत बन्दुक प्रोटोकल पर्दछन् । यिनीहरुको दायरा फरक भएपनि, यिनीहरुबीच हुनसक्ने दोहोरोपना, एकआपसलाई परिपूरण गर्ने र मिल्नेजुल्ने क्षमताहरुप्रति चनाखो हुनुपर्दछ ।

**तालिका २ - संयुक्त राष्ट्रसंघका संयन्त्रहरूको आयात -सम्बन्धित आवश्यकताहरूको सिंहावलोकन**

| एटीटी | बन्दुक प्रोटोकल | पिओए |
|---|---|---|
| **आयात नियन्त्रण** | | |
| -आयात गर्ने राज्यले आफ्नो अधिकार क्षेत्र भित्रको आयातलाई नियमन गर्ने उपायहरु निकाल्नुपर्छ, जस्तै आयात प्रणालीहरूको माध्यमद्धारा । ८(२)। | - प्रत्येक पक्षराज्यले आयात इजाजतपत्र वा अक्तियारी स्थापना गर्नुपर्नेछ अथवा प्रभावकारी प्रणाली कायम गर्नुपर्छ । १० (१)। | - आयात नियन्त्रणलाई प्रभावकारी बनाउन उपयुक्त कानुन, नियमहरू, र प्रशासनिक प्रक्रियाहरु कायम राख्नुपर्दछ । दफा २.२ हेर्नुहोस् ।<br><br>- आयात इजाजतपत्र वा अक्तियारीका लागि प्रभावकारी संयन्त्र स्थापना गर्नुहोस् ।<br>दफा २.११ हेर्नुहोस् । |
| **दस्तावेजीकरण** | | |
| -आयातकर्ता राज्यले अन्तिम प्रयोग वा अन्तिम प्रयोगकर्ता बारे, राष्ट्रिय कानून अनुसार निर्यातकर्ता पक्षराज्यलाई, अनुरोध भएमा उपलब्ध गराई सहयोग प्रदान गर्ने सुनिश्चित गर्नुहोस् ।<br>धारा ८ (१) हेर्नुहोस् ।<br>-आयातकारी राज्यले निर्यात अक्तियारी सम्वन्धमा निर्यातकर्ता राज्यसँग जानकारीका लागि अनुरोध गर्न सक्दछ । ८ (३) । | -आयातकर्ता राज्यपक्षले, अनुरोधमा, निर्यात गर्ने राज्यपक्षलाई ढुवानी प्राप्त भएको सम्वन्धमा रसिद पठाउन सक्नेछन् । दफा १० (४) हेर्नुहोस् । | *- पिओएले केवल आयात लाइसेन्स वा अक्तियारी आवश्यक पर्छ भन्ने मात्र बुझाउँछ । दफा II .११)।* |

*३ पारवहन/ अन्तरदेशीय ढुवानी राज्यहरूसँग सम्बन्धित आवश्यकताहरू*

३.१ पारवहन वा अन्तरदेशीय ढुवानी नियमन गर्ने

ATT को धारा २ (२) अन्तर्गत पारवहन र अन्तरदेशीय ढुवानी दुवै “स्थानान्तरण“ अन्र्तगत पर्दछन् । तसर्थ, राज्य पक्षहरूले धारा ६ अन्तर्गत वस्तुहरूको स्थानान्तरणमा सबै निषेधको पालना गर्नुका साथै सन्धिको कार्यान्वयनलाई लागु गर्न उपयुक्त उपायहरू लिन आवश्यक हुन्छ ।

यसका साथै, राज्य पक्षले आवश्यक र सम्भव भएसम्म आफ्नो क्षेत्राधिकार अन्तर्गत पारवहन वा अन्तरदेशीय ढुवानीलाई नियमन गर्न उपायहरू अवलम्बन गर्नेछन्।40

- परम्परागत हतियारको पारवहन र ढुवानीलाई नियमन गर्न पक्ष राष्ट्रले अन्तर्राष्ट्रिय कानूनसँग सुसंगत हुने गरी कानून, नियम र प्रशासनिक प्रक्रियाहरू बनाउनु पर्नेछ ।
- राष्ट्रिय कानूनले निम्न कुराहरु उल्लेख गरेको हुनुपर्नेछः

पारवहन वा अन्तरदेशीय ढुवानी (राष्ट्रिय परिभाषा);

- परम्परागत हतियार (राष्ट्रिय अधिकारी) को पारवहन र ढुवानी नियमन गर्न कुन सरकारी मन्त्रालय वा विभागहरू जिम्मेवार छन् (राष्ट्रिय जिम्मेवारी);
- पारवहन/अन्तरदेशीय अन्तरदेशीय ढुवानी मापदण्ड (नियामक प्रक्रियाहरू), लागू हुँदा, प्रदान गर्ने वा अस्वीकार गर्ने मापदण्ड;

मापदण्डले ATT को धारा ६ अन्तर्गतका निषेधहरू समावेश गर्नेछ ।

अपराध भएको खण्डमा कानुनी र/वा प्रशासनिक कार्यहरू लागू हुनेछन् (प्रवर्तन उपायहरू र संयन्त्रहरू, अभियोजन र सजाय) ।

*३.१.१ राष्ट्रिय अधिकारीहरू*

- आवश्यक र सम्भाभ्यता भएको अवस्थामा, राज्य पक्षले परम्परागत हतियारको पारवहन र अन्तरदेशीय ढुवानीलाई नियमन गर्ने राष्ट्रिय अधिकारी तोक्नुपर्नेछ ।41
- आफ्नो राष्ट्रिय अक्तियारी कसरी स्थापना गर्ने भन्ने निर्णय गर्ने कुरा प्रत्येक राज्यपक्षको हो ।

*३.१.२ नियामक प्रक्रिया*

- धारा ६ अन्तर्गत प्रत्येक राज्य पक्षले आफ्नो दायित्व भन्दा बाहिरका वस्तुहरूको पारवहन र ढुवानीलाई नियमन गर्ने स्वविवेकी अधिकार रहन्छ । अतः राज्य पक्षले ती गतिविधिहरूलाई कसरी नियमन गर्ने भन्ने प्रावधान अपनाउन सक्दछ । पारवहन/अन्तरदेशीय ढुवानीको नियमन गर्ने तीन मुख्य दृष्टिकोणहरू छन्:

- इजाजतपत्र प्रणालीः पारवहन र ढुवानी हुने हातहतियारहरु यस प्रणाली अन्तर्गत, निर्यातकर्ताले आफ्नो राज्यको अक्तियारी प्राप्त निकायबाट हतियारको निर्यात अघि पारवहन/अन्तरदेशीयराज्यबाट पारवहन/अन्तरदेशीय ढुवानीका लागि अक्तियारी आवेदन गर्न र प्राप्त गर्न आवश्यक हुन्छ।
- पूर्व जानकारीः पारवहन/अन्तरदेशीय ढुवानी राज्यहरुबाट वा भूमिबाट आवागमन हुने हतियारहरुका सम्वन्धमा राष्ट्रिय अक्तियारी प्राप्त निकायले आफ्नो मातहतमा प्राप्त अग्रिम जानकारी र कागजात उपलब्ध गराउनुपर्छ ।
- भन्सार अधिकारीहरूद्वारा मात्र पारवहन/अन्तरदेशीय ढुवानी नियन्त्रणः यसका लागि भन्सार अधिकारीहरूलाई प्रवेश बिन्दुमा हतियार ढुवानीको बारेमा सूचना चाहिन्छ, जसमा प्राविधिक र दस्तावेजीकरण जाँचहरू सञ्चालन गर्न सकिन्छ ।

### *३.१.३ प्रवर्तनका उपायहरू*

- राज्य पक्षले परम्परागत हतियारको पारवहन र ढुवानी सम्बन्धी कानून, नियम र प्रशासनिक प्रक्रियाहरूको पालना सुनिश्चित गर्न उपायहरू र संयन्त्रहरू राख्नुपर्छ ।42

- प्रत्येक राज्य पक्षले कुन निश्चित प्रवर्तनका उपायहरू अपनाउने निर्णय स्वयम गर्नेछ, किनकि ATT ले यस विषयमा मार्गदर्शन प्रदान गर्दैन ।

### *३.२ अभिलेख राख्ने*

- पारवहन वा अन्तरदेशीय राज्य पक्षलाई परम्परागत हतियारहरूको सही अभिलेख राख्न प्रोत्साहित गरिन्छ जुन पारवहन गर्न वा तिनीहरूको क्षेत्राधिकार अन्तर्गतको इलाकामा अन्तर देशीय ढुवानी गर्न अख्तियारी प्राप्त छ ।

- यी अभिलेखहरू कम्तिमा दश वर्षसम्म राख्नुपर्नेछ । 43

**कोष्ट ६ - पारवहन वा अन्तरदेशीय ढुवानीको रेकर्ड राख्ने**

अभिलेखहरूमा यी समावेश हुनैपर्छ:44

अ. मात्रा;
आ. मूल्य;
इ. मोडेल/प्रकार/सिरियल नम्बर;
ई. ATT को दायरा अन्तर्गत परम्परागत हतियारहरूको आधिकारिक रुपमा अन्तर्राष्ट्रिय स्थानान्तरण;
उ. परम्परागत हतियार वास्तविक हस्तान्तरण;
ऊ. निकासीगर्ने राज्य(हरू), पारवहन र अन्तरदेशीय ढुवानीमा पर्ने राज्य(हरू) को विवरण;
ऋ. अन्तिम प्रयोगकर्ता ।

42 Article 14.
43 Article 12 (4).
44 Article 12 (3)

### *३.३ अन्य संयुक्त राष्ट्रसंघका संयन्त्रहरू अन्तर्गतको तुलनामा ATT अन्तर्गत पारवहन/ अन्तरदेशीय ढुवानी - सम्बन्धित आवश्यकताहरू*

पिओए र बन्दुक (फायरआर्मस्) प्रोटोकल जस्ता अन्य अन्तर्राष्ट्रिय संयन्त्रहरूमा परम्परागत हातहतियारको पारवहन/वा अन्तरदेशीय ढुवानी सँग सम्बन्धित सुझावहरू गरिएकोछ जसमा विभिन्न आवश्यकताहरू औंल्याइएको छ। उनीहरुको दायरा फरक भएपनि, सम्भावित दोहोरोपना, पूरकता वा यी तीन संयन्त्रहरुबीचको आपसी तालमेल बारे सचेत हुनु महत्वपूर्ण हुन्छ।

**तालिका ६ - संयुक्त राष्ट्र उपकरणहरूको पारवहन/अन्तरदेशीय ढुवानी-सम्बन्धित आवश्यकताहरूको सिंहावलोकन**

| एटीटी | फायरआमर्स प्रोटोकल | पिओए |
|---|---|---|
| **पारवहन / अन्तरदेशीय ढुवानी नियन्त्रणहरू** | | |
| -धारा ६ हनन हुनेगरि सामग्रीहरुको पारवहन/ ढुवानी अधिकार दिनु हुदैन<br>- एटीटी कार्यान्वयन गर्न राष्ट्रिय प्रयासहरु लिनुहोस्।<br>धारा १४ हेर्नुहोस्।<br><br>- आफ्नो भूमि हुँदै पारवहन/ अन्तरदेशीय ढुवानी हुने अवस्थामा नियमनका उपयुक्त उपायहरू लिनुहोस्<br>,जहाँ<br>आवश्यक र सम्भाव्यता रहन्छ,<br>धारा ९ हेर्नुहोस्। | - बन्दुक, तिनका पाटपूर्जा र सामग्रीहरु र गोलाबारुदको अन्तर्राष्ट्रिय पारवहनलाई नियमन गर्न प्रभावकारी संयन्त्र स्थापना गरि कार्यान्वयन गर्ने। धारा १० (१) हेर्नुहोस्। | --साना हातहतियार र हलुका हतियारहरूको अबैध परिवहनलाई प्रभावकारी नियमन गर्न यथेष्ठ कानुन, नियम, र<br>प्रशासनिक प्रकृयाहरु अपनाउनुहोस्। दफा II.११ हेर्नुहोस्। |
| **दस्तावेजीकरण** | | |
| - परम्परागत हतियारको पारवहन / अन्तरदेशीय ढुवानी को नियमन दस्तावेजीकरण सम्वन्धमा केही उल्लेख गरिएको छैन। | - आयात इजाजत सम्वन्धी जानकारी पारवहन राज्यहरुलाई अग्रिम रुपमै उपलब्ध गराउनुपर्छ धारा १० (३) हेर्नुहोस्।<br>कला। १०(३)। | -साना हातहतियार र हलुका हतियारहरुको परिवहनलाई प्रभावकारी तवरले नियमन गर्न पर्याप्त कानुन,<br>नियम, र<br>प्रशासनिक संयन्त्रहरु स्थापित गरिनुपर्छ, साथै अन्तिम प्रयोगकर्ताको प्रमाणिकरण र लागु गर्ने प्रभावकारी कानुनी कायम गर्नुहोस्। दफा<br>II.१२ हेर्नुहोस्। |

## *४ लेनदेन सम्बन्धी आवश्यकताहरू*

### *४.१ लेनदेन नियमन गर्नुहोस्*

42 Article 14.
43 Article 12 (4).
44 Article 12 (3)

राज्य पक्षले आफ्नो क्षेत्राधिकार अन्तर्गत हुने हतियार लेनदेनलाई नियमन गर्ने उपायहरू अवलम्बन गर्नुपर्दछ ।45 ATT को धारा ६ अन्तर्गत रहि राज्यले आफ्नो दायित्व अर्न्तगत हतियार स्थानान्तरण रोक्न कस्तो नियमन बनाउने भन्ने स्ववीवेकी अधिकार रहन्छ ।

- लेनदेन सम्बन्धी राष्ट्रिय कानून, नियम वा प्रशासनिक प्रक्रियामा निम्न कुराहरू समावेश हुन सक्छन्::
    - लेनदेन भनेको के हो (राष्ट्रिय परिभाषा);
    - परम्परागत हतियारहरुको लेनदेनका लागि कुन सरकारी मन्त्रालय वा विभाग (राष्ट्रिय अक्तियारी) प्राप्त नियमनकारी निकाय हो;
    - लेनदेन अक्तियारी (नियामक प्रक्रियाहरू) प्रदान गर्ने वा अस्वीकार गर्ने मापदण्डहरु के के हुन् ; यदि लागू भएमा
    - मापदण्डले ATT को धारा ६ अन्तर्गत निषेधहरूलाई आत्मसाथ गर्नुपर्नेछ ।
    - नियम उल्लंघन भएमा लागु हुने कानुनी र/वा प्रशासनिक कार्यहरू (प्रवर्तन उपायहरू र संयन्त्रहरू, अभियोजन र सजाय)।
    -

*४.१.१ राष्ट्रिय परिभाषा*

एटीटीले लेनदेन शब्दलाई परिभाषित नगरेको हुनाले लेनदेनले धेरै गतिविधिहरू समेटिने भएकाले, राष्ट्रिय कानूनले नै लेनदेनलाई परिभाषित गर्नु आवश्यक हुन्छ । संयुक्त राष्ट्रसंघको साना हातहतियार तथा हलुका हतियारहरुको लेनदेन सम्वन्धी अन्तरसरकारी विज्ञहरुको समूह SALW46 –(GGE प्रतिवेदन) र साना हातहतियार नियन्त्रण मापदण्ड (ISACS) ले लेनदेनको परिभाषा दिएका छन् ।47

**GGE प्रतिवेदन**

*"८ SALW को सवालमा दलाल भन्नाले मुनाफा वा अन्य प्राप्ती गर्ने उद्देश्यले सम्वन्धित पक्षहरुबीच सेतुको भूमिका खेल्ने र SALW को ओसारपसारलाई सहजीकरण गर्ने सवालमा दलाल भन्नाले आर्थिक वा अन्य कुनै किसिमको मुनाफा प्राप्ती गर्ने उद्देश्यले सम्वन्धित पक्षहरुबीच सेतुको भूमिका खेल्ने व्यक्ति वा निकायका रुपमा बुझ्न सकिन्छ ।"*

42 Article 14.
43 Article 12 (4).
44 Article 12 (3)

**ISACS ०१.२०**

*दलाल: "मध्यस्थकर्ताको रूपमा काम गर्ने व्यक्ति वा संस्था जसले सान्दर्भिक पक्षहरूलाई एकसाथ ल्याउँछ र आर्थिक वा अन्यथा फाइदाको बदलामा सम्भावित लेनदेनको व्यवस्था गर्छ वा सहजीकरण गर्दछ ...।''*

*दलाली वा लेनदेन: ''साना हातहतियार वा हलुका हतियारहरूको अन्तर्राष्ट्रिय स्थानान्तरणको व्यवस्था वा सहजीकरण गर्ने सन्दर्भमा दलालद्वारा गरिएका गतिविधिहरू।''*

*नोट १. दलाली गतिविधिहरूमा यी समावेश हुन्छन्, तर सीमित रहदैनन्:*

*- एक वा बहुल पक्षलाई व्यापारका अवसरहरूको खोजी गर्न सघाउने;*
*- सम्बन्धित पक्षहरूलाई सम्पर्कमा राख्ने;*
*- तिनीहरू बीच सम्झौता वा सम्भावित सम्झौताहरूको प्रस्ताव, व्यवस्थित वा सहजीकरण गर्न सघाउने;*
*- पक्षहरूलाई आवश्यक कागजातहरू प्राप्त गर्न सघाउने;*
*- आवश्यक भुक्तानीहरू व्यवस्थित गर्न पक्षहरूलाई सघाउने"।*

*नोट २. साना हतियार र हलुका हतियारहरूका सम्वन्धमा दलाली जस्तो देखिने कतिपय कार्यहरु मुनाफा कमाउन दलाली देखिएपनि तिनीहरु आँफैमा दलाली नहुन सक्छन् । साना हातहतियार र हलुका हतियारहरूका सवालमा प्राविधिक सहयोग प्रदान गर्ने, तालिम, यातायात, माल ढुवानी, भण्डारण, वित्त, बीमा, मर्मत, सुरक्षा र अन्य सेवासँग सम्वन्धित गतिविधिहरू डिलर वा एजेन्टको रूपमा समावेश हुनसक्छन् ।*

*नोट ३. दलाली वा लेनदेन गतिविधिहरू कि त दलाल नागरिक भएको देशमा, वा निवासमा वा दर्ता भएको देशमा हुन सक्छन्; अर्को देशमा पनि हुन सक्छन् । साना हतियार र हलुका हतियारहरू दलाली गरिने देश हुदै स्थानान्तरण नहुन सक्छन्, न त दलालले साना हतियार र हलुका हतियारहरूको स्वामित्व लिने गर्दन् ।"*

## *४.१.२ राष्ट्रिय निकाय*

राज्य पक्षले नियमन गरेको आधिकारिक राष्ट्रिय निकायलाई परम्परागत हतियारको लेनदेन गर्न नियुक्त गर्नेछ ।48 ATT को धारा २ (२) अन्तर्गत "स्थानान्तरण" विषयमा लेनदेन गठन गरिनेछ ।

- राष्ट्रिय कानूनमै परम्परागत हतियारको लेनदेनलाई नियमन गर्न अधिकार प्राप्त राष्ट्रिय निकायको स्पष्ट रूपमा उल्लेख गरिनु र राष्ट्रिय आयात/निर्यात नियन्त्रण प्रणालीको हिस्सा बनाइनु मनासिब ठहरिन्छ ।

- लेनदेनको नियमन गर्ने जिम्मेवारी कुन निकायलाई सुम्पने भन्ने निर्णय प्रत्येक राज्य पक्षको विशेषाधिकार भएता पनि यो एटीटीको कार्यान्वयनको आवश्यकता र दायित्वहरु अनुरुप हुनुपर्नेछ र सो जिम्मेवारी निर्यातको नियमन गर्ने निकायलाई प्रदान गर्दा सहज हुनेछ ।

49 Article 14.

*४.१.३ नियामक प्रक्रिया*

- राज्य पक्षले नै आफ्नो मातहतका परम्परागत हतियारहरूको नियमन कसरी गर्ने भन्ने निर्णय गर्ने हो, र यसो गर्दा राज्य पक्षले एटीटी (स्थानान्तरणमा प्रतिबन्ध) को धारा ६ अन्तर्गतका दायित्व पालना गर्नुपर्छ। यसका लागि लेनदेन लेनदेनमा संलग्न गराउनु अघि लेनदेनमा संलग्न हुनेहरूको दर्ता र लिखित अक्तियारी जारी गर्ने एक उपाय हुन सक्दछ।

*४.१.४ प्रवर्तन उपायहरू*

- परम्परागत हतियारको लेनदेन सम्बन्धी कानून, नियम र प्रशासनिक प्रक्रियाहरूको पालना सुनिश्चित गर्ने संयन्त्रहरू राष्ट्रिय स्तरमा कायम गरिनेछ।[49]

- राज्यले लागू गर्ने उपायहरू आँफै अपनाउनुपर्नेछ किनकि ATT ले थप विवरणहरू प्रदान गर्दैन।

४.२ संयुक्त राष्ट्र संघका अन्य संयन्त्रहरू अन्तर्गतको तुलनामा एटीटी अन्तर्गत लेनदेन सम्बन्धित आवश्यकताहरू

परम्परागत हतियारहरूको लेनदेनसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय संयन्त्रहरू पनि छन्, जस्तै PoA र फायरआर्म्स् प्रोटोकल। तिनीहरूको दायरा फरक भएपनि उनीहरुबीच रहेको दोहोरोपन, समानता र पूरकता वारे सचेत हुनु महत्वपूर्ण हुन्छ।

**तालिका ४ - संयुक्त राष्ट्रसंघका लेनदेनसँग सम्वन्धित आवश्यकताहरूको सिंहावलोकन**

| एटीटी | फायरआमर्स प्रोटोकल | पिओए |
|---|---|---|
| **लेनदेन नियन्त्रण कार्य** | | |
| - प्रत्येक राज्यले आफ्नो मातहतका हुने लेनदेन कार्यलाई नियमन गर्नेछ आफ्नो राष्ट्रिय कानून अनुरुप, जस्तै दर्ता वा लेनदेनको अक्तियारी धारा हेर्नुहोस् १०। | आफ्नो भूक्षेत्रका दलालहरुको दर्ता प्रकृया सञ्चालन गर्ने कार्य राज्यपक्षले गर्न सक्छ, उनीहरुलाई लेनदेन कार्यका लागि ईजाजतपत्र वा अक्तियारी दिने कार्य, र वा आयात र निर्यातका लागि ईजाजतपत्र र अक्तियारी प्राप्त दलालहरुको नाम र स्थानको खुलाशा गर्ने। धारा १५ हेर्नुहोस्। | - साना हातहतियार र हलुका हतियार लेनदेनमा संलग्न हुने कार्यलाई पर्याप्त कानुनी र प्रशासनीक प्रकृयाहरुद्धारा नियमन गर्नुहोस्: दर्ता, इजाजतपत्र वा लेनदेनमा लेनदेन, साथै गैह्र कानुनी लेनदेन गतिविधिहरुलाई राज्यको अधिनमा रहि यथेष्ठ सँजाय दिने परिपाटी बसाल्नुहोस्। दफा II १४ हेर्नुहोस्। |

49 Article 14.

## *५ परम्परागत हतियारको पथान्तरण रोकथामसँग सम्बन्धित आवश्यकताहरू*

### *५.१ कानूनी आधार*

परम्परागत हतियार हस्तान्तरणमा संलग्न राज्य पक्षले तिनीहरूकोपथान्तरणरोक्न उपायहरू अवलम्बन गर्नेछन50

- हतियार पथान्तरण रोक्नका लागि निर्यात, आयात र पारवहन/अन्तरदेशीय ढुवानी मा संलग्न सबै राज्य पक्षले उपायहरू अबलम्वन गर्नुपर्दछ ।

- त्यस आधारमा, परम्परागत हातहतियारको स्थानान्तरणको जोखिमलाई कम गर्न राज्य पक्षहरूले भरपूर्ण सहयोग र सूचना आदानप्रदान गर्नेछन् ।51

- सूचना आदानप्रदानको दायरा र विस्तारका सम्वन्धमा प्रत्येक राज्यले सूचना आदानप्रदानका लागि जिम्मेवार निकाय सहित त्यस्तो सूचना आदानप्रदानका तौरतरिकाहरू आफ्नो राष्ट्रिय कानून र/वा प्रक्रियाहरूमा परिभाषित गर्नुपर्छ । यसबाहेक, राज्य पक्षले यस उद्देश्यका लागि सूचना आदानप्रदान संयन्त्र स्थापना गर्न द्विपक्षीय, बहुपक्षीय वा क्षेत्रीय सम्झौताहरू अपनाउने सम्वन्धमा विचार गर्न सक्नेछ ।

- आयात, निर्यात र पारवहन/अन्तरदेशीय ढुवानीमा संलग्न सबै राज्य पक्षले आ आफ्नो हैसियतमा हतियार पथान्तरण नहोस् भन्नाका लागि कदमहरु चाल्नुपर्नेछ ।

### *५.२ जानकारी आदानप्रदान*

राज्य पक्षलाई कसरी हतियारको पथान्तरणलाई रोक्न सकिन्छ भनेर एकआपसमा सान्दर्भिक जानकारी प्रदान गर्न प्रोत्साहित गरिन्छ । यस्तो जानकारीमा निम्न कुराहरु समावेश हुनसक्छन्:52

अ भ्रष्टाचार लगायत अवैध गतिविधिहरु;

आ अन्तर्राष्ट्रिय तस्करी मार्गहरू;

इ अवैध दलालहरू;

ई अवैध आपूर्तिको स्रोत;

उ लुकाउने विधिहरू

ऊ प्रेषण गर्ने साझा बिन्दुहरू;

ऋ पथान्तरणमा संलग्न संगठित समूहहरूद्वारा प्रयोग गर्ने गन्तव्यहरू;

ए हतियार चिन्ह लगाउने अभ्यासहरू।

50 *Article* 11 (1).
51 Article 11 (3).
52 Article 11 (5).

### *५.३ पथान्तरण रोक्न निर्यातकर्ता राज्यहरूको भूमिका*

निर्यातगर्ने राज्यले आफ्नो राष्ट्रिय नियन्त्रण प्रणाली मार्फत परम्परागत हतियारको पथान्तरण रोक्न निम्नानुसार प्रयास गर्नेछः

अ निर्यात विचलनको जोखिम मूल्याङ्कन गर्ने;

आ न्यूनीकरणका उपायहरू अवलम्वन गर्ने वा आयातकर्ता राज्यसँग संयुक्त रूपमा विकसित वा सहमति भएका कार्यक्रमहरूलाई अगाडि बढाउने ।

निर्यातकर्ता राज्यले उपयुक्त भएमाः

अ निर्यातमा संलग्न पक्षहरूको जाँचबुझ गर्नेछ;

आ थप कागजात, प्रमाणपत्र, आश्वासनहरू माग गर्न सक्नेछ;

इ निर्यात अक्तियारी नदिने (यदि जोखिम न्यूनीकरण उपायहरू अपर्याप्त छन् भन्ने लागेमा यस्तो हुनसक्छ);

ई निर्यातकर्ता राज्य पक्षले उपयुक्त ठानेका अन्य उपायहरू लिने ।

### *५.४ बिचलन भएको पाइएमा यी उपायहरू अपनाउन सकिन्छः*

- कुनै पथान्तरण भएको थाहा भएमा त्यस्तो विचलनलाई सम्बोधन गर्न राज्य पक्षले उपयुक्त कदम चाल्नेछ ।
- कुन उपाय अवलम्बन गर्ने भन्ने कुरा प्रत्येक राज्य पक्षले निर्धारण गर्ने कुरा हो, जुन अन्तर्राष्ट्रिय कानून सम्मत हुनुपर्दछ ।

ATT ले सम्भावित उपायहरू पेश गरेको छ जस्तो, जस्तैः53

अ सम्भावित प्रभावित राज्य पक्षहरूलाई सचेतना गर्दै;

आ पथान्तरण गरिएका परम्परागत हतियारको ढुवानी जाँच गर्ने;

इ अनुसन्धान र कानून प्रवर्तन मार्फत अनुगमनका उपायहरू अपनाउने ।

53 Article 11 (4)

## ४ सहयोग, पारदर्शिता र जवाफदेहीता प्रवर्द्धन गर्ने

### *१. सहयोग प्रवर्द्धन गर्नुहोस्*

अन्तर्राष्ट्रिय परम्परागत हातहतियारको व्यापार उच्च विश्वव्यापी गतिविधि हो । ATT लाई प्रभावकारी रूपमा लागू गर्न गहन अन्तर्राष्ट्रिय सहयोग चाहिन्छ । पक्ष राष्ट्रहरूलाई अन्तर्राष्ट्रिय रुपमै सहजीकरण गर्न, आपसी हीतका विषयमा परामर्श गर्न र सूचना आदान प्रदान गर्न प्रोत्साहित गरिन्छ। 54

यस्तो सहयोग निम्न क्षेत्रहरूमा हुन सक्छ:

अ गैरकानूनी गतिविधिहरु र संलग्न व्यक्तिहरु लगायत परम्परागत हतियारहरूकोपथान्तरणरोक्ने र उन्मूलन गर्ने;55

आ ATT बमोजिम स्थापित राष्ट्रिय संयन्त्रहरुको उल्लङ्घनमा अनुसन्धान, अभियोजन र कार्वाही;56

इ परम्परागत हतियार हस्तान्तरणमा भ्रष्ट अभ्यासहरु हुनबाट रोक्ने;

म सिकाई र अनुभव आदानप्रदान गर्ने ।

### *२. पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने*

- राज्य पक्षले एटीटी कार्यान्वयनमा दुई प्रकारका प्रतिवेदनहरू सचिवालयमा बुझाउनुपर्ने हुन्छ।
- साथै, हतियार पथान्तरण रोक्न लिइएका कदमहरुवारे जानकारी वा प्रतिवेदनहरु उपलब्ध गराउन प्रोत्साहित गरिन्छ ।
- यी प्रतिवेदनहरू सचिवालयमा पेश गरिनेछ, जुन विश्वासका साथ राज्य पक्षहरुलाई उपलब्ध गराई वितरण गरिन्छ ।

अनिवार्य पेश गर्नुपर्ने प्रतिवेदनहरू:

अ **प्रारम्भिक प्रतिवेदन:** ATT कार्यान्वयन गर्नका लागि गरिएका उपायहरूको प्रारम्भिक प्रतिवेदन। यो प्रतिवेदन राज्य पक्षले पक्ष राष्ट्र भएको वर्षदिन भित्रै पेश गर्नुपर्छ ।57 यो प्रतिवेदनमा राष्ट्रिय नियन्त्रण सूची समावेश हुनुपर्छ ।

**वार्षिक प्रतिवेदन:** प्रत्येक वर्षको ३१ मे महिना भित्र गत वर्ष अक्तियारी दिईएको वा वास्तविक आयात र निर्यातहरु समावेश गर्नुपर्नेछ ।58

54 Article 15.
55 Article 15 (4).
56 Article 15 (5).
57 Article 13 (1).
58 Article 13 (3)

# अनुसूचीःसंयुक्त राष्ट्रसंघको दर्तामा सात कोटीका परम्परागत हातहतियारहरूको विवरण

सरकारी विज्ञहरूको समूहको २०१३ को र सोही साल अद्यावधिक गरिएको र संयुक्त राष्ट्र संघको परम्परागत हतियार दर्ता ( अ/६८/१४०) को निरन्तर सञ्चालन र थप विकास गर्ने महासभाको प्रस्ताव (A/RES/68/43) अनुसार अन्तिम प्रतिवेदनमा समावेश गरिएका सिफारिसहरू।

## उपकरणका किसिम र तिनका परिभाषाहरु 59

### १. युद्धपोतहरू

देशभरि परिचालन गर्न मिल्ने उच्च गतिशीलता र आत्म-सुरक्षा सहितको आफैमा १६.५ मेट्रिक टन ओजनको चक्का र चेन दुवैमा परिचालित हुने, कम्तिमा ७५ मिलिमिटर क्यालिबरको उच्च तोप प्रहार गर्नसक्ने युद्धपोत ।

### २ बख्तरबंद गाडी

चेन, अर्ध चेन वा चक्कामा स्वचालित हुने सवारी साधन, बख्तरबंद सुरक्षा र देशभर परिचालन गर्न सकिने, जसमा (क) चार वा बढी थल सेनाको टोलीलाई ढुवानी गर्न बनाइएको सुसज्जित गाडी, वा (ख) आन्तरिक रुपमा वा स्वप्रहार गर्न सक्ने कम्तिमा १२.५ मिलिमिटर क्यालिबर वा मिसाइल लन्चरको क्षमता भएको बाहन ।

### ३ ठूलो-क्यालिबर सहितको आर्टिलरी प्रणाली

बन्दुक, स्वचालित तोप, बन्दुक वा स्वचालित तोपका प्रकृतिका आर्टिलरी सामग्रीहरु, मोर्टार वा एकैचोटी कैयौं रकेट लञ्च प्रणाली, लगायत सतहमा अप्रत्यक्ष तवरले कैयौं मार हान्न सक्ने ७५ मिलीमिटर र माथिका यन्त्रहरु ।

### ४ लडाकु विमान

(क) मानवयुक्त स्थिर-पखेटा वा परिवर्तनीय पँखेटा सहितको विशेष तरिकाले निर्माण गरिएको र तोकिएको लक्षलाई निर्देशित तवरले मार हान्न सक्ने, निर्देशन रहित तवरले रकेट, बम, गोली वा अन्य ध्वस्त पार्नसक्ने तोपगोला प्रहार गर्नसक्ने विद्युतीय गतिमा लडाकु कार्य गर्न सक्ने, विमानभेदी आक्रमण गर्नसक्ने, हवाई सुरक्षा वा सुसुप्त जानकारी लिन प्रयोग गरिने विशेष विमान;

(ख) स्वचालित स्थायी वा तलमाथि गर्न मिल्ने चलायमान पँखेटा भएको जहाज, जसले हवाई प्रहार गरेर एकिकृत रुपमा लक्ष मिसाइल, रकेट, बम, गोली, तोप प्रहार गर्न सक्ने, र ध्वस्त पार्न सक्ने विमान ।
“लडाकु विमान” ले तालीम प्रदान गर्न प्रयोग हुने विमानलाई खासै बुझाउँदैन त्यसै हिसावले डिजाइन वा रुपान्तरण गरिएको बाहेक ।

59 Available at www.un-register.org/Background/Index.aspx.

## ५. लडाकु हेलिकप्टर

(क) मानव निर्देशित रोटरी-विङ प्रविधिमा आधारित हेलिकप्टर, जसलाई मानव वा स्वचालित एन्टि-आर्मर, हवाई देखि अर्ध सतह, आकाशबाट हवाई प्रहार गरेर एकिकृत रुपमा लक्ष ताकेर मार हान्न सक्ने, एकिकृत रुपमा गोली प्रहार गर्न सक्ने र प्रविधिले सुसज्जित हतियार जसले पटक पकट हवाई गरि उडान भर्ने विद्युतीय प्रविधिबाट लडाई गर्नसक्ने;

(ख) मानवरहित रोटरी-विङ विमान, जसले निर्देशित वा गैह्र निर्शेषित एन्टि-आर्मर, हवाई देखि सतह, हवाईदेखि अर्ध सतह, वा आकाशमै हवाई प्रहार गर्न, लक्ष्य साँध्नसक्ने र एकीकृत रूपमा गोली प्रहार गर्नसक्ने हतियारहरु ।

## ६ युद्धपोतहरू

सैन्य प्रयोजनका लागि बनाईएको ५०० मेट्रिक टन वा माथिको जलयुद्ध गर्नसक्ने बाहन वा पनडुब्बीहरू जसले २५ किलोमिटर टाढासम्म मिसाइल प्रहार गर्न सक्छ अथवा उत्ति नै दुरीमा ध्यंसक विमानभेदी त्रिशुल ।

## ७ मिसाइल र मिसाइल लन्चरहरू

(क) निर्देशित वा गैह्र निर्देशित रकेटहरू, व्यालेष्टिक वा क्रुज मिसाइलहरू कम्तिमा २५ किलोमिटरको दायरामा वारहेड वा विनाशकारी हतियारले मार हान्न सक्ने क्षमताको, जसलाई मिसाइल वा रकेट प्रहार गर्ने उद्देश्यले नै निर्माण गरिएको हुन्छ, जुन क देखि च श्रेणीका हतियारमा समावेश नगरिएको हुन सक्छ । दर्ताको उद्देश्यका लागि, दुरदराजबाटै सञ्चालन गर्न मिल्ने माथि परिभाषित गरिए अनुसार मिसाइलका विशेषताहरूसँग मिल्ने उप-श्रेणीका बाहनहरुलाई समावेश गर्दछ तर जमीनबाट हवाई प्रहार गर्नसक्ने मिसाइलहरू समावेश गर्दैन ।

(द) म्यान पोर्टेबल एयर-डिफेन्स सिस्टम्स (MANPADS).



हतियार व्यापार सन्धि कार्यान्वयन सन्दर्भ सामग्री

# मोड्युल ३
# प्रतिवेदन सम्बन्धी आवश्यकताहरू

www.un.org/disarmament/ATT मा उपलब्ध छ

# १. परिचय

हतियार व्यापार सन्धिमा सहभागी हुने कुनै पनि देश यस सन्धिको कार्यान्वयनका लागि प्रभावकारी उपायहरू लागू गर्न प्रतिबद्ध हुनेछन् ।

हतियार व्यापार सन्धिअन्तर्गतका आफ्ना दायित्वहरू पूरा गर्न कुन उपायहरू सर्वोत्कृष्ट छन् भनी राज्यहरूले निर्णय गर्नेछन् । यस्तो उपाय देशैपिच्छे फरक हुन सक्नेछ ।

यस टुलकिटको मोड्युल २ मा समावेश हतियार व्यापार सन्धिअन्तर्गतका दायित्वहरूको पुनरवलोकनपछि यो तेस्रो मोड्युल 'प्रतिवेदनसम्बन्धी आवश्यकताहरू'ले यस सन्धिअन्तर्गतका प्रतिवेदनसम्बन्धी दायित्वहरूको बुझाइमा राज्यहरूलाई सहयोग गर्ने लक्ष्य राखेको छ ।

मोड्युल ३ ले प्रारम्भिक र वार्षिक गरी दुबै खालका प्रतिवेदनको तयारीसँगै लुकाइएका हतियारको अन्यत्र प्रवाहको सम्बोधनमा अवलम्बन गरिएका प्रभावकारी उपायहरूबारे सूचना पेस गर्नेसम्बन्धमा छलफल गर्दछ ।

# २. हतियार व्यापार सन्धि अन्तर्गत प्रतिवेदन

**गैरआणविक (परम्परागत) हतियारको आयात तथा निर्यातसम्बन्धी खुलापनले राज्यहरूबिच विश्वास प्रवर्द्धन हुन्छ । राष्ट्रिय प्रतिवेदनहरू आदानप्रदान गर्दा पक्ष राष्टहरू र प्रतिवेदनलाई सार्वजनिक रूपमा उपलब्ध गराइएको अवस्थामा अन्य सरोकारवालाहरूसमेत हरेक पक्ष राष्टको हतियार व्यापार सन्धिका दायित्वहरू परिपालनाको अवस्था मूल्याङ्कन गर्न सक्षम बन्दछन् ।**

### १. प्रतिवेदनका प्रकारहरू

हतियार व्यापार सन्धिअनुसार पक्ष राष्टहरूले दुई प्रकारका प्रतिवेदन दिनुपर्दछः[1]

- सन्धि कार्यान्वयनका लागि अवलम्बित उपायहरूबारे प्रारम्भिक प्रतिवेदन
- स्थानान्तरणबारे वार्षिक प्रतिवेदन

यसबाहेक हतियार व्यापार सन्धिले पक्ष राष्टहरूलाई सन्धिको सचिवालयमार्फत सन्धिले समेटेका स्थानान्तरित गैरआणविक ( परम्परागत) हतियारको अन्यत्र प्रवाहको सम्बोधनमा प्रभावकारी सिद्ध भएका उपायहरूबारे अन्य पक्ष राष्टहरूलाई सूचित गर्न पनि उत्प्रेरित गर्दछ ।[2]

1 See comparable table on ATT reports and information on measures taken to address diversion in Annex A to this module.
2 Article 13 (2).

## १.१. प्रारम्भिक प्रतिवेदन

राज्यविशेषका लागि सन्धि कार्यान्वयनमा प्रवेश गरेको एक वर्षभित्र उक्त पक्ष राष्टले हतियार व्यापार सन्धिको कार्यान्वयनका लागि अवलम्बन गरिएका उपायहरूबारे सूचना समेटिएको एक प्रारम्भिक प्रतिवेदन सन्धिको सचिवालयसमक्ष बुझाउनुपर्नेछ ।3

- यस प्रतिवेदनमा न्यूनतम पनि राष्ट्रिय कानुन, राष्ट्रिय नियन्त्रण सूची तथा अन्य नियम एवं प्रशासनिक उपायहरूबारे सूचना समेटिनेछन् ।4
- हतियार व्यापार सन्धिले सन्धिको कार्यान्वयन अभ्यासमा प्रभावकारी ठानिएका एवं अन्य पक्ष राष्टहरूका लागि उपयोगी सिकाइ प्रदान गर्न सक्ने अन्य उपायहरूबारे सूचना समेट्न पनि कुनै पक्ष राष्टहरूलाई रोक्नेछैन ।
- हतियार व्यापार सन्धिको कार्यान्वयनको विश्वव्यापी अवस्थाबारे आधार विन्दुका रूपमा यस प्रतिवेदनलाई प्रयोग गर्नका लागि यस प्रतिवेदनले सन्धि परिपालनामा पक्ष राष्टले अवलम्बन गरेका मुख्य उपायहरूबारे छरितो तथा स्पष्ट सूचना उपलब्ध गराउनुपर्छ ।

१.१.१. राष्ट्रिय कानुन, नियम तथा प्रशासनिक उपायहरूबारेका सूचनामा निम्न विषयवस्तु समेटिन सक्छन् :

- पक्ष राष्टका कानुन, नियम तथा प्रशासनिक प्रक्रियाहरूले हतियारको निर्यात, आयात तथा मध्यस्थताको नियन्त्रणका सम्बन्धमा हतियार व्यापार सन्धिका आवश्यकताको परिपालना गर्ने सुनिश्चितताका लागि अवलम्बन गरेका उपायहरू,
- ओसारपसार तथा ढुवानी सम्बन्धी गतिविधिको समुचित नियमनको सुनिश्चितताका लागि अवलम्बन गरिएका उपायहरू,
- कार्यान्वयन तथा स्थानान्तरणपछिको नियन्त्रणसम्बन्धी अन्य सान्दर्भिक उपायहरू,
- उल्लेखित कानुन, नियम तथा प्रक्रियाका नाम, शीर्षक, दस्ताबेज सङ्ख्या, अवलम्बन मिति, कार्यान्वयन प्रवेश मिति तथा अन्य सम्बन्धित सूचनासँगै सम्भव र सम्बन्धित भएसम्मका दस्ताबेजको सारांश,
- यसबाहेक हतियार अभिलेख, नामाङ्कन तथा भण्डारण व्यवस्थापनको उद्देश्यका सूचना र मार्गदर्शन, उत्कृष्ट अभ्यास, सिकाइ एवं सम्बन्धित प्रशासनिक निर्देशनहरूबारे जानकारी ।

१.१.२. राष्ट्रिय नियन्त्रण सूची

- राष्ट्रिय नियन्त्रण सूचीमा (हतियार, गोलीगठ्ठा र विष्फोटक पदार्थ, पाटपुर्जा तथा सामग्रीलगायत) हतियार व्यापार सन्धिअन्तर्गत स्थानान्तण नियन्त्रणको अधीनमा रहने सबै सामग्रीको राष्ट्रिय विवरण समेटिनु आवश्यक हुनेछ ।5
- हतियार व्यापार सन्धिको दायराका सुरुका सात ओटा वर्गहरूका राष्ट्रिय परिभाषाहरू सन् २०१४ डिसेम्बर २४मा कायम रहेको संयुक्त राष्ट्रसङ्घीय गैरआणविक (परम्परागत) हतियारको दर्तासूची (युएन रजिस्टर)मा प्रयुक्त विवरणको न्यूनतम हदमा हुनेछन् ।6

3 Article 13 (1).
4 Ibidem.
5 For more details on the national control list, refer to Module 5 of this toolkit.
6 Available at www.un-register.org/Reporting/login.aspx.

- साना तथा हलुका हातहतियारका राष्ट्रिय परिभाषाहरू सम्बन्धित राष्ट्रसङ्घीय दस्तावेजमा प्रयुक्त विवरणको न्यूनतम हदमा हुनुपर्नेछ ।7
- हतियार व्यापार सन्धिको धारा २मा सूचीबद्ध वर्गहरूभन्दा व्यापक हुन र सन्धिका प्रावधानहरूलाई गैरआणविक (परम्परागत) हतियारको व्यापकतम दायरामा लागू गर्न पक्ष राष्टहरूलाई प्रोत्साहित गरिन्छ ।
- राष्ट्रिय नियन्त्रण सूचीमा संलग्न सूचना सार्वजनिक रूपमा उपलब्ध हुनुपर्नेछ ता कि हतियार उत्पादक, व्यापारी तथा मध्यस्थकर्ताले धारा २(१)अन्तर्गतका गैरआणविक (परम्परागत) हतियार, गोलीगठ्ठा, पाटपुर्जा तथा सामग्रीको स्थानान्तरणमा आफूले पालना गर्नुपर्ने कानुन, नियम तथा प्रक्रियामा निर्बाध पहुँच प्राप्त गर्नेछन् ।

आफ्ना प्रारम्भिक प्रतिवेदनहरूमा राज्यहरूले तलका लगायत हतियार व्यापार सन्धिको कार्यान्वयनका लागि अवलम्बन गरिएका अन्य उपायहरूबारेका अन्य सूचना पनि संलग्न गर्न सक्दछन् :

- हतियार स्थानान्तरणको नियमनका लागि राष्ट्रिय सम्पर्क विन्दु तथा राष्ट्रिय निकायहरूको नियन्त्रण
- अभिलेख प्रणालीको स्थापना तथा निरन्तरता अनि अन्तर्राष्ट्रिय सहकार्य र सहयोगको सहजीकरणका लागि अवलम्बन गरिएका उपायहरू

**कोष्ठ १: अन्य दस्तावेजका समान आवश्यकताहरू**

हतियार व्यापार सन्धिअन्तर्गतको प्रतिवेदन प्रस्तुति र साझापना. भएका अन्य क्षेत्रीय तथा अन्तर्राष्ट्रिय दस्तावेजअन्तर्गतका प्रतिवेदन प्रस्तुतिमा मिलाप कायम गरी संयुक्त उर्जा विकास गर्न सकिन्छ । प्रारम्भिक प्रतिवेदनको तयारीमा पक्ष राष्टहरूले प्रतिवेदनसम्बन्धी समान आवश्यकता भएका अन्य दस्तावेजको सन्दर्भ प्रयोग गर्न सक्नेछन् । त्यसै गरी, हतियार व्यापार सन्धिअन्तर्गतको प्रारम्भिक प्रतिवेदन पनि अन्य दस्तावेजअन्तर्गत प्रतिवेदन तयारीका लागि जिम्मेवार अधिकारीहरूका लागि उपयुक्त हुन सक्छ ता कि दोहोरोपना नहोस् ।

- ➢ संयुक्त राष्ट्रसङ्घीय गैरआणविक (परम्परागत) हतियारको दर्तासूची (युएन रजिस्टर) : पूर्वपरिभाषित सात वर्गका हतियारको स्थानान्तरणबारे राज्यहरूले सूचना दिनेछन् ।
- ➢ साना तथा हलुका हातहतियारबारे कार्यक्रम (पिओए) : हरेक दुई वर्षमा राज्यहरूले साना तथा हलुका हातहतियारको अवैधानिक व्यापारको रोकथाम तथा नियन्त्रणका लागि अवलम्बन गरिएका उपायहरूबारे स्वैच्छिक प्रतिवेदन पेस गर्नेछन् । निःशस्त्रीकरण मामिलासम्बन्धी संयुक्त राष्टसङ्घीय कार्यालय (युनोडा)ले उपलब्ध गराएको अनलाइन प्रतिवेदन फारममा राज्यहरूलाई साना तथा घरेलु हातहतियारको स्थानान्तरण, मध्यस्थता, भण्डारण व्यवस्थापन, क्षमता अभिवृद्धिको आवश्यकता, अन्तर्राष्ट्रिय सहकार्य तथा सहयोगलगायतका विविध विषयमा सूचना मागिन्छ । राज्यहरूले पेस गरेका सबै प्रतिवेदनहरू कार्यक्रम कार्यान्वयन सहयोग प्रणाली (पिओए आइएसएस)मा उपलब्ध छन् ।
- ➢ अन्तर्राष्ट्रिय पहिचान दस्तावेज (आइटिआई) : अवैध साना तथा हलुका हातहतियारको पहिचानमा सहकार्य प्रवर्द्धनसँग सम्बन्धित विषयका क्षमता अभिवृद्धि आवश्यकता, अन्तर्राष्ट्रिय सहकार्य र सहयोग गतिविधि प्रवर्द्धनका लागि पनि, साना तथा हलुका हातहतियारको पर्याप्त अङ्कन तथा अभिलेख व्यवस्थापनका लागि सक्षम बनाउने उपायहरूबारे राज्यहरूले द्वैवार्षिक प्रतिवेदन दिनुपर्नेछ ।
- ➢ "हतियार, सैन्य सामग्री, दोहोरो प्रयोगका बस्तु तथा प्रविधिको स्थानान्तरणसम्बन्धी राष्ट्रिय कानुन" शीर्षकको संयुक्त राष्ट्रसङ्घीय महासभा निर्णय : हतियार, सैन्य सामग्री, दोहोरो प्रयोगका बस्तु तथा प्रविधिको स्थानान्तरणसम्बन्धी राष्ट्रिय कानुनबारे सूचना उपलब्ध गराउन राज्यहरूलाई हरेक वर्ष आग्रह गरिनेछ । यस निर्णयबमोजिम विगतमा राज्यहरूले पेस गरेका सूचनालाई युनोडाले अनलाइन विवरणमा अद्यावधिक गर्नेछ (http://www.un.org/disarmament/convarms/NLDU/) ।

7 Such as the International Instrument to Enable States to Identify and Trace, in a Timely and Reliable Manner, Illicit Small Arms and Light Weapons (ITI), available at www.poa-iss.org/InternationalTracing/InternationalTracing.aspx; the Protocol against the Illicit Manufacturing of and Trafficking in Firearms, Their Parts and Components and Ammunition, supplementing the UN Convention against Transnational Organized Crime (Firearms Protocol), available at www.unodc.org/documents/treaties/UNTOC/Publications/A-RES%20 55-255/55r255e.pdf.; the Report of the Panel of Governmental Experts on Small Arms (A/52/298), available at www.un.org/depts/ddar/Firstcom/SGreport52/a52298.html.

- हतियार व्यापार सन्धिका हरेक पक्ष राष्टले राज्यविशेषका लागि यस सन्धिको कार्यान्वयनमा प्रवेश गरेको पहिलो वर्षभित्र आफ्नो प्रारम्भिक प्रतिवेदन बुझाउनुपर्नेछ ।
- प्रारम्भिक प्रतिवेदनपछि पक्ष राष्टहरूले हतियार व्यापार सन्धिको कार्यान्वयनका लागि अवलम्बन गरिएका नयाँ उपायहरूबारे सचिवालयलाई उपयुक्त समयमा सूचित गर्नेछन् ।[8] अन्ततः पक्ष राष्टहरूको सम्मेलनले यस्तो सूचनाका लागि उपयुक्त समयबारे मार्गदर्शन प्रदान गर्न सक्नेछ ।
- आफूलाई अन्तर्राष्ट्रिय सहयोग आवश्यक पर्न सक्ने क्षेत्रहरूको पहिचानका लागि प्रारम्भिक प्रतिवेदन प्रयोग गर्न पनि पक्ष राष्टहरूलाई प्रोत्साहित गरिन्छ ।
- हतियार व्यापार सन्धिको आधाररेखा आकलन सर्वेक्षणजस्ता उपलब्ध साधनहरूको प्रयोग पनि उपयोगी हुन सक्छ ।[9]

**सुझाव** : कानुन तथा नियमका पूर्णपाठ पेस गर्नु व्यावहारिक नहुन सक्छ । बरु पक्ष राष्टहरूले आफ्ना प्रतिवेदनमा ती कानुन तथा नियमका मुख्य पक्षहरूको पहिचान र सारांश समेटेर छोटो व्याख्या समावेश गर्न सक्छन् । यस्तो व्याख्यामा सम्बन्धित सम्पूर्ण दस्तावेजका शीर्षक, सन्दर्भ सङ्ख्या, उपलब्ध भएमा वेबसाइट लिङ्क, अवलम्बन मिति, कार्यान्वयनमा प्रवेश मिति र पक्ष राष्टले सान्दर्भिक महसुस गर्ने अन्य सूचना समावेश हुन सक्छन् ।

### १.२. वार्षिक प्रतिवेदन

पक्ष राष्टहरूले हतियार व्यापार सन्धिको दायराभित्रको हतियारको अनुमतिप्राप्त वा वास्तविक निर्यात तथा आयातबारे अघिल्लो वर्षको प्रतिवेदन हरेक वर्षको मे ३१ भित्र[10] पेस गर्नुपर्नेछ । यस्तो प्रतिवेदनमा वाणिज्यगत दृष्टिकोणले गम्भीर तथा राष्ट्रिय सुरक्षाका सूचना उल्लेख नगर्न सकिनेछ ।

- यस्तो प्रतिवेदनमा गैरआणविक (परम्परागत) हतियारको संयुक्त राष्ट्रसङ्घीय दर्तासूची[11]मा पक्ष राष्टले पेस गरेको सूचना नै समावेश हुन सक्नेछ । यसो गर्दा दोहोरोपन हटी हतियार व्यापार सन्धिका पक्ष राष्टहरूको प्रतिवेदनसम्बन्धी भार कम हुनेछ ।
- आफ्ना वार्षिक प्रतिवेदनमा पक्ष राष्टहरूले आफूले सान्दर्भिक मानेका थप सूचना पनि प्रदान गर्न सक्नेछन् ।
- प्रतिवेदनसँगै हतियार व्यापार सन्धिका पक्ष राष्टहरूले आआफ्ना नियमकानुन अनुसार अनुमतिप्राप्त वा वास्तविक निर्यातबारे राष्ट्रिय अभिलेख राख्नुपर्नेछ भने उनीहरूलाई आफ्नो क्षेत्राधिकारमा वा मार्फत स्थानान्तर वा ओसारपसार तथा ढुवानी भएका गैरआणविक (परम्परागत) हतियारको राष्ट्रिय अभिलेख राख्न प्रोत्साहित गरिनेछ ।[12]
- हतियार व्यापार सन्धिले राष्ट्रिय अभिलेखका विशिष्ट विषयवस्तु र ढाँचाबारे विस्तृत जानकारी दिँदैन । यद्यपि, राष्ट्रिय अभिलेख (र वार्षिक प्रतिवेदन)मा न्यूनतम पनि तलका सूचना समावेश गर्न सिफारिस गरिन्छ[13] :

8 Article 13 (1).
9 Available at www.armstrade.info/.
10 Article 13 (3).
11 For an overview of reporting themes under relevant UN frameworks, see Annex B of this module.
12 Article 12 (1) and (2).

१. परिमाण
२. मूल्य
३. माडेल, प्रकार तथा क्रम सङ्ख्या
४. निर्यातकर्ता, आयातकर्ता तथा ओसारपसार र ढुवानीमा संलग्न राज्यहरूबारे विवरण
५. अन्तिम प्रयोगकर्ता ।

सुझाव : अभिलेख व्यवस्थापनलाई प्रतिवेदनभन्दा छुट्टै गतिविधिका रूपमा हेर्नुभन्दा पनि पक्ष राष्टहरूले राष्ट्रिय अभिलेखलाई आफ्नो वार्षिक प्रतिवेदनको तयारीका लागि आवश्यक सूचनाको मुख्य स्रोतका रूपमा लिनुपर्दछ । अन्य शब्दमा भन्नुपर्दा, पक्ष राष्टहरूले राष्ट्रिय प्रतिवेदनमा प्रत्यक्ष योगदान गर्ने गरी अभिलेख व्यवस्थापन प्रणाली स्थापना तथा तदनुरूप परिमार्जन गर्न सक्नेछन् ।

सुझाव : अन्ततः एउटा खाका विकास गरी त्यसमा सहमति नभएसम्मका लागि, हतियार व्यापार सन्धिअन्तर्गतको वार्षिक प्रतिवेदनको आधारका रूपमा सहमतिप्राप्त राष्ट्रसङ्घीय दर्तासूची (रजिस्टर)को प्रतिवेदन खाका नै प्रयोग गर्नु पक्ष राष्टहरूका लागि उपयोगी हुन सक्छ । यस अवस्थामा, परिमाण, मूल्य, मोडेल तथा प्रकार, कारोबारमा संलग्न राज्यहरूको विवरण र अन्तिम प्रयोगकर्तालगायतका थप विवरण उपलब्ध गराउन फारमको 'टिप्पणी' लहर प्रयोग गर्न प्रोत्साहित गरिन्छ ।

13 Article 12 (3).

**कोष्ठ २ : वार्षिक प्रतिवेदनका सूचना स्रोतहरू**

- निर्यात तथा आयातबारेका सूचना सङ्कलन तथा एकीकरणका लागि सामान्यतया रक्षा, परराष्ट्र र व्यापारलगायत मन्त्रालयजस्ता सरकारका विविध निकायहरू, अनुमति निकाय, भन्सार तथा उत्पादकहरूको संलग्नता आवश्यक पर्दछ ।
- वार्षिक प्रतिवेदनका लागि सूचना सङ्कलनको प्रक्रिया तथा विधिको विवरण देशैपिच्छे फरक हुने भए पनि तलको चित्रमा सम्भाव्य सूचना स्रोत र तिनको भूमिकाको उदाहरण प्रस्तुत गरिएको छ ।




## २. अन्यत्र प्रवाहको रोकथामका उपायहरूबारे सूचना

- हतियार व्यापार सन्धिले गैरआणविक (परम्परागत) हतियारको अन्तर्राष्ट्रिय व्यापारको नियमनका लागि सर्वोच्च साझा अन्तर्राष्ट्रिय मापदण्ड स्थापना गर्ने मात्र नभई गैरआणविक (परम्परागत) हतियारको अवैधानिक व्यापारको रोकथाम र उन्मूलन गरी तिनको अन्यत्र प्रवाहको रोकथामको पनि लक्ष्य लिएको छ ।14
- हतियार व्यापार सन्धिअनुसार पक्ष राष्टहरूले अन्तर्राष्ट्रिय हतियार स्थानान्तरणमा उच्च मापदण्ड लागू गरे पनि निर्यातकर्ता मुलुक छाडेपछि तिनको अन्यत्र प्रवाह रोकथाममा कुनै उपाय अवलम्बन गर्नुनपर्ने अवस्थामा हतियार व्यापार सन्धि प्रभावकारी नहुन सक्छ ।
- हतियार व्यापार सन्धिले पक्ष राष्टहरूलाई धारा २(१)मा उल्लेखित स्थानान्तरित गैरआणविक (परम्परागत) हतियारको अन्यत्र प्रवाहको सम्बोधनमा प्रभावकारी सिद्ध भएका उपायबारे सचिवालयमार्फत अन्य पक्ष राष्टहरूलाई सूचित गर्न प्रोत्साहित गर्नेछ ।

15 Article 13 (2).

- अन्यत्र प्रवाहको रोकथामबारे प्रतिवेदन अनिवार्य नभए पनि[15] यस्ता प्रतिवेदन पेस गर्न गम्भीर पहल गर्न पक्ष राष्टहरूलाई सिफारिस गरिन्छ ।

## २.१. (निर्यातकर्ता राज्यको दृष्टिकोणमा) अन्यत्र प्रवाह रोकथामका उपायबारे सूचना

- प्रायजसो, अन्यत्र प्रवाह रोकथामका लागि निर्यातकर्ता र आयातकर्ता दुबै पक्षको संयुक्त पहल आवश्यक हुन्छ । ओसारपसार तथा ढुवानीमा संलग्न राज्यलगायत अन्यले पनि अन्यत्र प्रवाहको रोकथाममा सहयोग गर्न कदम चाल्नुपर्ने हुन सक्छ ।
- निर्यातकर्ता पक्ष राष्टको दृष्टिकोणमा, अन्यत्र प्रवाह रोकथामका उपायहरू निम्न हुन सक्दछन् :
  क. निर्यात अनुमति प्रदान गर्नुअघि अन्यत्र प्रवाहको जोखिम आकलन,
  ख. अन्यत्र प्रवाहको रोकथामलाई लक्षित गरी आयातकर्ता राज्यसँगको सहमतिमा न्यूनीकरण उपाय स्थापना वा साझा रूपमा विकसित एवं सहमत कार्यक्रम,
  ग. निर्यातमा संलग्न पक्षहरूको सूक्ष्म परीक्षण,
  घ. आयातकर्ताबाट प्रदान हुने थप दस्ताबेज तथा प्रमाणपत्रको आवश्यकता,
  ङ. निर्यातित हतियारको अन्यत्र प्रवाह हुने जोखिम नभएको भनी आयातकर्ताको आश्वासनको आवश्यकता,
  च. आयातकर्ता राज्यले आफूले आयात गरेका हतियार पुनः निर्यात गर्न चाहेमा पालना गर्नुपर्ने सर्तहरू निर्धारण,
  छ. अनुमतिप्राप्त अन्तिम प्रयोगकर्तासम्म हतियार पुग्ने र रहने आत्मविश्वास निर्यातकर्ता पक्ष राष्टका निकायमा नभएमा निर्यातको अनुमति रोक,
  ज. भ्रष्टाचार, हतियारको अन्यत्र प्रवाहमा संलग्न सङ्गठित समूहले प्रयोग गर्ने अन्तर्राष्ट्रिय बेचबिखन मार्ग, अवैधानिक मध्यस्थकर्ता, दस्ताबेजको किर्ते प्रति निर्माण तथा दुरुपयोग, अवैधानिक सामग्रीका स्रोत, सामग्री लुकाउने तरिका, सामग्री पठाउने सामान्य विन्दुहरू तथा गन्तव्यलगायत अवैधानिक गतिविधिबारे सूचना आदानप्रदान ।

## *२.२. (आयातकर्ता राज्यको दृष्टिकोणमा) अन्यत्र प्रवाह रोकथामका उपायबारे सूचना*

- आयातकर्ता राज्यको दृष्टिकोणमा, अन्यत्र प्रवाह रोकथामका उपायहरू निम्न हुन सक्दछन् :

  क. हतियारको अन्यत्र प्रवाह हुन सक्ने, त्यसलाई सहयोग र प्रोत्साहन गर्ने गतिविधिको अपराधीकरणलगायत हतियारको अन्यत्र प्रवाह रोकथामका लागि कानुनी उपायको अवलम्बन,
  ख. आवश्यकताभन्दा बढी भण्डारणको पहिचान र विसर्जनका उपायसहित हतियार भण्डारण व्यवस्थापन र सुरक्षा प्रणालीको स्थापना र सुधार,
  ग. मध्यस्थता सम्बन्धी गतिविधिको नियमन तथा नियमन र नियन्त्रणको सुदृढीकरण,
  घ. सीमा तथा भन्सार नियन्त्रणमा सुधारका उपाय अवलम्बन,
  ङ. विशेषतः देशको सुरक्षा क्षेत्र र भन्सारमा विद्यमान हतियारको अन्यत्र प्रवाह सिर्जना वा सहजीकरण गर्न सक्ने भ्रष्ट अभ्यासको रोकथाम तथा नियन्त्रणका लागि उपाय अवलम्बन,
  च. हतियारको अन्यत्र प्रवाहमा संलग्न निकायहरू, अन्यत्र प्रवाहका स्रोत, मार्ग तथा माध्यम पहिचान गर्न कानुन कार्यान्वयन अधिकारीको क्षमता अभिवृद्धिका उपायको व्यवस्था (जस्तै : अनुसन्धानमूलक तथा जासुसी सूचना सङ्कलन क्षमता अभिवृद्धिका उपाय, अध्ययनहरू),
  छ. आयातका समयमा हतियारको अङ्कनको व्यवस्थासहित हतियार अङ्कन र अभिलेख व्यवस्थामा सुधारका उपाय अवलम्बन,
  ज. अन्तिम प्रयोग वा प्रयोगकर्ता प्रमाणपत्रलगायत दस्ताबेजको किर्ते प्रति सिर्जनाको रोकथाम एवं तिनको प्रमाणिकता र समुचित प्रयोग सुनिश्चितताका लागि उपाय अवलम्बन,
  झ. भ्रष्टाचार, हतियारको अन्यत्र प्रवाहमा संलग्न सङ्गठित समूहले प्रयोग गर्ने अन्तर्राष्ट्रिय बेचबिखन मार्ग, अवैधानिक मध्यस्थकर्ता, दस्ताबेजको किर्ते प्रति निर्माण तथा दुरुपयोग, अवैधानिक सामग्रीका स्रोत, सामग्री लुकाउने तरिका, सामग्री पठाउने सामान्य विन्दुहरू तथा गन्तव्यलगायत अवैधानिक गतिविधिबारे सूचना आदानप्रदान,
  ञ. सामग्री प्राप्त भइसकेपछिको प्रमाणीकरण तथा नियन्त्रणको सहजीकरणका लागि उपाय अवलम्बन ।

15 Article 13 (2).

*२.३. (पारवहन र ढुवानीमा संलग्न राज्यको दृष्टिकोणमा) अन्यत्र प्रवाह रोकथामका उपायबारे सूचना*

ओसारपसार तथा ढुवानीमा संलग्न राज्यको दृष्टिकोणमा, अन्यत्र प्रवाह रोकथामका उपायहरू निम्न हुन सक्दछन् :

क. भ्रष्टाचार, हतियारको अन्यत्र प्रवाहमा संलग्न सङ्गठित समूहले प्रयोग गर्ने अन्तर्राष्ट्रिय बेचबिखन मार्ग, अवैधानिक मध्यस्थकर्ता, अवैधानिक सामग्रीका स्रोत, सामग्री लुकाउने तरिका, सामग्री पठाउने सामान्य विन्दुहरू तथा गन्तव्यलगायत अवैधानिक गतिविधिबारे सूचना आदानप्रदान,

ख. आफ्नो अधिकार क्षेत्रबाट ओसारपसार वा ढुवानी हुँदै गरेको सामग्री एवं भ्रष्टाचारलगायत अवैधानिक गतिविधिबारे सम्बन्धित दस्तावेजसहित सामयिक र भरपर्दो सूचना प्राप्त गर्न पारवहन र ढुवानीमा संलग्न राज्यहरूलाई सक्षम बनाउने संयन्त्र स्थापना ।

कार्यविधिजन्य कारणले उल्लेखित कदमहरू (आयातकर्ता, निर्यातकर्ता एवं पारवहन र ढुवानीमा संलग्न राज्यका) विविध दृष्टिकोणमा विभाजित छन् । तर व्यवहारमा, एउटै पक्ष राष्टलाई तीनै दृष्टिकोणसँग सम्बन्धित उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकता हुन पनि सक्छ । एउटै राज्य फरकफरक समय वा फरकफरक कारोबारका हकमा आयातकर्ता, निर्यातकर्ता एवं ओसारपसार तथा ढुवानीमा संलग्न राज्य हुन सक्छ ।

## अनुसूची

क. हतियार व्यापार सन्धिअन्तर्गतका प्रतिवेदनहरूको सारांश

| **प्रकार** | **प्रारम्भिक प्रतिवेदन** | **वार्षिक प्रतिवेदन** | **अन्यत्र प्रवाह रोकथाम प्रतिवेदन** |
|---|---|---|---|
| **आवृत्ति** | एक पटक र त्यसपछि नयाँ उपाय अवलम्बन गरिएपछि आवश्यकताअनुसार | वार्षिक | आवश्यकताअनुसार |
| **म्याद** | पक्षराष्ट्र सन्धि कार्यान्वयनमा प्रवेश गरेको एक वर्षभित्र | हरेक वर्ष मे ३१ | आवश्यकताअनुसार |
| **मुख्य विषयवस्तु** | राष्ट्रिय कानुन, राष्ट्रिय नियन्त्रण सूची, अन्य नियम तथा प्रशासनिक उपाय, राष्ट्रिय सम्पर्क विन्दु | हतियार व्यापार सन्धिको दायराभित्रको हतियारको अनुमतिप्राप्त वा वास्तविक निर्यात तथा आयातबारे सूचना | स्थानान्तरित गैरआणविक (परम्परागत) हतियारको अन्यत्र प्रवाहको सम्बोधनमा प्रभावकारी सिद्ध भएका उपायहरू |
| **पेस गर्नुपर्ने निकाय** | हतियार व्यापार सन्धि सचिवालय | हतियार व्यापार सन्धि सचिवालय | (हतियार व्यापार सन्धि सचिवालयमार्फत) पक्ष राष्टहरू |
| **वितरण** | सचिवालयले प्रतिवेदन उपलब्ध गराई पक्ष राष्टहरूलाई वितरण गर्नेछ। | सचिवालयले प्रतिवेदन उपलब्ध गराई पक्ष राष्टहरूलाई वितरण गर्नेछ। | सचिवालयले प्रतिवेदन उपलब्ध गराई पक्ष राष्टहरूलाई वितरण गर्नेछ। |

ख. पक्ष राष्टहरूले ध्यान दिनुपर्ने हतियार व्यापार सन्धिअन्तर्गतका प्रतिवेदनहरूका तत्वहरू

| | सन्धि - प्रारम्भिक | सन्धि - वार्षिक* | सन्धि - अन्यत्र प्रवाह रोकथामका उपाय | राष्ट्रसङ्घीय दर्ता सूची | पिओए/आइटिआई** |
|---|---|---|---|---|---|
| कार्यान्वयन तथा सहकार्य | | | | | |
| गैरआणविक (परम्परागत) हतियारको राष्ट्रिय परिभाषा | x | | | | |
| राष्ट्रिय जाँच सूची | x | | | | |
| राष्ट्रिय सम्पर्क विन्दु | x | x | | x | x |
| सूचना आदानप्रदान संयन्त्र | x | | x | | x |
| सिकाइ | x | | x | | |
| हतियार व्यापार सन्धिको उल्लङ्घनसम्बन्धी अनुसन्धान, अभियोजना तथा न्यायिक प्रक्रियामा सहयोग | x | | | | x |
| अन्तर्राष्ट्रिय सहयोगको व्यवस्था | | | | | x |
| अन्तर्राष्ट्रिय सहयोगको आग्रह | | | | | x |
| निर्यात नियमन | | | | | |
| गैरआणविक (परम्परागत) हतियारको निर्यात नियमन | x | | | | |
| गोलीगठ्ठा र विष्फोटक पदार्थको निर्यात नियमन | x | | | | |
| सामग्री तथा पाटपूर्जाको निर्यात नियमन | x | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| कानुन, नियम तथा प्रशासनिक उपाय | X | | | | X |
| निर्यात अनुमतिका लागि आवश्यक दस्तावेज | X | | | | X |
| राष्ट्रिय निकाय | X | | | | X |
| अभिलेख : अनुमतिप्राप्त / वास्तविक | X | | | | X |
| कारोबार विवरण : | | | | | |
| • आयातकर्ता राज्य | | X | | X | |
| • वस्तुको मोडेल तथा प्रकार (व्याख्या) | | X | | X | |
| • परिमाण | | | | | |
| • मूल्य | | | | | |
| • मध्यम स्थान | | X | | X | |
| • स्थानान्तरणबारे टिप्पणी | | X | | | |
| • जोखिम न्यूनीकरणका लागि अवलम्बित उपाय | | X | | X | |
| • विश्वास अभिवृद्धिका लागि सहमत उपाय | | X | | | |
| | | X | | | |
| | | X | | | |
| उपायहरूको कार्यान्वयन | X | | | | X |
| आयात नियमन | | | | | |
| कानुन, नियम तथा प्रशासनिक उपाय | X | | | | X |
| आयात अनुमतिका लागि आवश्यक दस्तावेज | X | | | | |
| राष्ट्रिय निकाय | X | | | | X |
| अभिलेख : अनुमतिप्राप्त / वास्तविक | X | | | | X |
| कारोबार विवरण : | | | | | |
| • निर्यातकर्ता राज्य | | X | | X | |
| • वस्तुको मोडेल तथा प्रकार (व्याख्या) | | | | | |
| • परिमाण | | X | | X | |
| • मूल्य | | | | | |
| • मध्यम स्थान | | | | X | |
| • अन्तिम प्रयोगकर्ता र अन्तिम प्रयोगकर्ताको अभिलेखीकरण | | X | | | |
| | | X | | | |
| • स्थानान्तरणबारे टिप्पणी | | X | | X | |
| | | X | | | |
| | | X | | | |
| भण्डारण व्यवस्थापन | X | | | | X |
| सीमा तथा भन्सार नियन्त्रण | X | | | | X |

| | | | | | |
|---|---|---|---|---|---|
| हतियार अङ्कन | x | | | | x |
| ओसारपसार तथा ढुवानी नियमन | | | | | |
| कानुन, नियम तथा प्रशासनिक उपाय | x | | | | |
| ओसारपसार तथा ढुवानी अनुमतिका लागि आवश्यक दस्तावेज | x | | | | |
| राष्ट्रिय निकाय | x | | | | |
| अभिलेख :<br>● निर्यातकर्ता राज्य<br>● आयातकर्ता राज्य<br>● वस्तुको मोडेल तथा प्रकार (व्याख्या)<br>● परिमाण<br>● मूल्य | x | x<br>x<br>x<br>x<br>x | | | |
| मध्यस्थतासम्बन्धी गतिविधिको नियमन | | | | | |
| कानुन, नियम तथा प्रशासनिक उपाय | x | | | | x |
| मध्यस्थतासम्बन्धी गतिविधिको अनुमतिका लागि आवश्यक दस्तावेज | x | | | | |
| राष्ट्रिय निकाय | x | | | | |
| अभिलेख | x | | | | x |
| उपायहरूको कार्यान्वयन | x | | | | x |
| हतियारको अन्यत्र प्रवाहको रोकथाम | | | | | |
| सूचना आदानप्रदान<br>● भ्रष्टाचार लगायत अवैधानिक गतिविधि<br>● अन्तर्राष्ट्रिय बेचबिखन मार्ग<br>● अवैधानिक मध्यस्थकर्ता<br>● अवैधानिक सामग्रीका स्रोत<br>● सामग्री लुकाउने तरिका<br>● सामग्री पठाउने सामान्य विन्दुहरू<br>● हतियारको अन्यत्र प्रवाहमा संलग्न सङ्गठित समूहले प्रयोग गर्ने गन्तव्य | | | x<br>x<br>x<br>x<br>x<br>x<br>x | | |
| अनुसन्धान तथा कानुन कार्यान्वयनका उपाय | | | x | | |
| अङ्कन, पहिचान तथा भण्डारण व्यवस्थापन | | | | | |
| भण्डारण व्यवस्थापन सुधारका उपाय | x | | x | | x |
| हतियारको उचित अङ्कन सुनिश्चितताका | x | | x | | x |

| | | | | | |
|---|---|---|---|---|---|
| उपाय | | | | | |
| हतियार पहिचानमा सहकार्य अभिवृद्धिका उपाय | x | | x | | x |

* हतियार व्यापार सन्धिअनुसारको वार्षिक प्रतिवेदनमा वाणिज्यगत दृष्टिकोणले गम्भीर तथा राष्ट्रिय सुरक्षाका सूचना उल्लेख नगर्न सकिनेछ ।

** यो सूचना पिओए प्रतिवेदन खाकामा आधारित छ ।



हतियार व्यापार सन्धि कार्यान्वयन सन्दर्भ सामग्री

# मोड्युल ४
# सूचना आदनप्रदान, अन्तर्राष्ट्रिय सहयोग र सहायता

www.un.org/disarmament/ATT मा उपलब्ध छ

## १.परिचय

हतियार व्यापार सन्धिमा हस्ताक्षर गर्ने राष्ट्रले सन्धि कार्यान्वयनका लागि पर्याप्त उपायको व्यवस्था गर्ने प्रतिबद्धता गर्नुपर्दछ । सन्धि अन्तर्गतको दायित्व पूरागर्न कुन उपाय उपयुक्त हुन्छ भन्ने निर्णय राज्यले गर्नेछ । यी उपायहरु देशैपिच्छे फरक हुनसक्छन् ।

एकाइ-३ अनुसार सन्धिअन्तर्गत प्रतिवेदन गर्दा आवश्यक पर्ने शर्त पुनरवलोकन गरेपश्चात् सन्धि कार्यान्वयनका लागि सूचना आदनप्रदान गर्न संयन्त्र निर्माण तथा अन्तर्राष्ट्रिय सहयोग र सहायता सहजीकरणमा राज्यलाई मद्दत गर्नु यो एकाइको उद्देश्य हो ।

यस एकाइमा राष्ट्रिय सम्पर्क व्यक्ति/विन्दु र पक्ष राष्ट्र सम्मेलनको भूमिकाका बारेमा चर्चा गरिनेछ । यसले सन्धिको कार्यान्वयनबारे अन्तर्राष्ट्रिय सहयोग र सहायतालाई पनि सम्बोधन गर्नेछ ।

## २.सूचना आदनप्रदानका माध्यम

सन्धिअन्तर्गत दायित्व पालनाका सन्दर्भमा कार्यान्वयन गर्नुपर्ने उपायका बारेमा पक्ष राष्ट्र जिम्मेवार हुनेछन् । सन्धि कार्यान्वयनसम्बन्धी विषयमा सूचना आदनप्रदानका लागि पक्ष राष्ट्रले राष्ट्रिय सम्पर्क व्यक्ति/विन्दु तोक्नुपर्दछ ।[1] पक्षराष्ट्र सम्मेलनले पनि सन्धि कार्यान्वयनसँग सम्वन्धित विषयमा सूचना आदनप्रदान र छलफल गर्ने अवसर पक्षराष्ट्रलाई प्रदान गर्दछ ।[2] सन्धिले यस्ता माध्यम स्थापना गरेको छ । यसका अतिरिक्त पक्षराष्ट्र अरु राष्ट्रसित प्रत्यक्ष सम्पर्कमा संलग्न भएर सन्धिसँग सम्बन्धित बिषयमा सूचना आदनप्रदानका लागि स्थापना गरिने कुनैपनि क्षत्रीय संयन्त्र वा व्यवस्थाको प्रयोग गर्न सक्नेछन् ।

### *१. राष्ट्रिय सम्पर्क विन्दु*

#### *१.१. राष्ट्रिय सम्पर्क विन्दु के हो ?*

हतियार व्यापार सन्धिको कार्यान्वयनसँग सम्बन्धित सूचनाको आदनप्रदानका लागि पक्षराष्ट्रले एक वा एकभन्दा बढी राष्ट्रिय सम्पर्क विन्दु नियुक्त गर्नुपर्ने व्यवस्था सन्धिको धारा ५(६) ले गरेको छ । राष्ट्रिय सम्पर्क विन्दु अन्तर्राष्ट्रिय सञ्जालको स्थापना अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौता (जस्तै, साना हतियार तथा अन्तर्राष्ट्रिय अनुगमन उपकरणसम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्ययोजना (UN Programme of Action on Small Arms and International Tracing Instrument) को सामान्य प्रचलन हो । हतियार व्यापार सन्धिले राष्ट्रिय सम्पर्क विन्दुको परिभाषा दिएको छैन, तर यसलाई देहाय बमोजिम बुझ्न सकिन्छ :

1 Article 5 (6).
2 Article 17 (4)

*अन्य राष्ट्र, हतियार व्यापार सन्धि सचिवालय र सम्बन्धित उपक्षेत्रीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाका अधिकारी तथा हतियार स्थानान्तरण नियन्त्रणका लागि जिम्मेवार अन्य राष्ट्रिय अधिकारीसँग सम्पर्क गर्ने, सन्धिसम्बन्धी सूचनाका लागि अनुरोध प्राप्त गर्ने, सन्धिसम्बन्धी सूचना र सिकाइ आदनप्रदान गर्ने, सहयोगको लागि अनुरोध प्राप्त गर्ने, सन्धिबारे अरु राष्ट्रलाई सहायता प्रदान गर्ने कामका लागि संयोजन लगायत सन्धि सम्बन्धित कार्य गर्न तोकिएको सरकारी एकाइ/संस्था ।*

## *१.२. राष्ट्रिय सम्पर्क विन्दु/व्यक्तिको दायित्व*

पक्षराष्ट्रबीच सूचना आदनप्रदान गर्नु राष्ट्रिय सम्पर्क विन्दुको प्रमुख भूमिका हुनेछ । राष्ट्रिय सम्पर्क विन्दुले दिने वा सोमार्फत् आदनप्रदान हुने सूचनामा देहायमा उल्लेख गरिएका लगायत सूचना पर्दछन् :

- सन्धि लागू तथा कार्यान्वयनसम्बन्धी आपसी हितका विषयसँग सम्बन्धित सूचना;[3]
- राष्ट्रिय प्रतिवेदनसम्बन्धी विषयलगायत हतियार व्यापार सन्धि सचिवालयमा गरिने पत्राचार;
- उपयुक्त भएको खण्डमा र हतियार स्थानान्तरण नियन्त्रणसम्बन्धी उपयुक्त राष्ट्रिय निकाय/अधिकारीसँगको समन्वयमा तामेलीमा रहेको वा स्वीकृत निर्यातको लागि अख्तियारी दिने;
- परम्परागत हतियार स्थानान्तरणका क्रममा हुनसक्ने विचलनको जोखिम न्यूनीकरणका लागि व्यवस्था गर्न आवश्यक तथ्य/विवरण तथा सरसल्लाह । यसमा सम्बन्धित राष्ट्र भन्नाले हतियार आयात र निर्यात गर्ने तथा पारवहन हुने पक्ष राष्ट्र पर्दछन्;
- सन्धि कार्यान्वयनका लागि अनुरोध गरिएका सहयोग;
- सन्धि कार्यान्वयनका विषयमा अन्य राष्ट्रलाई सहायता प्रदान गर्ने;
- सन्धि कार्यान्वयनका प्रभावकारी अभ्यास र सिकाइ ।

## *१.३ राष्ट्रिय सम्पर्क विन्दु नियुक्ति*

- सन्धिका हरेक पक्षराष्ट्रले आफ्नो घरेलु कानून बमोजिम राष्ट्रिय सम्पर्क विन्दुको नियुक्ति गर्नेछन् । विशेषतः परराष्ट्र, व्यापार, रक्षा र गृह मन्त्रालय, राष्ट्रपति कार्यालयको उपयुक्त एकाइ वा कानून कार्यान्वयन निकायलाई राष्ट्रिय सम्पर्क विन्दुको कार्यभार दिइने छ । प्रभावकारी र पारदर्शी हतियार स्थानान्तरण राष्ट्रिय नियन्त्रण प्रणालीका लागि प्रत्येक पक्षराष्ट्रले एक सक्षम राष्ट्रिय अधिकारी/निकायको व्यवस्था गर्नुपर्ने भएकाले[4] सोही निकाय/अधिकारीले नै राष्ट्रिय सम्पर्क विन्दुको रुपमा काम गर्नु उपयुक्त हुन्छ ।

- सन्धि कार्यान्वयनसम्बन्धी विषयमा पक्षराष्ट्र भित्र रहेका अन्य सार्वजनिक वा निजी निकायसँग उपयुक्त सूचनाको लागि अनुरोध गर्ने अधिकार राष्ट्रिय सम्पर्क विन्दुलाई दिनुपर्ने सिफारिस गरिएको छ ।

**सुझावः** सन्धि पक्षराष्ट्र सम्मेलन तथा सहायक निकायका बैठकका साथै सन्धि सम्बन्धित उपयुक्त क्षेत्रीय तथा अन्तर्राष्ट्रिय बैठक र समारोहमा सहभागी हुने राष्ट्रिय प्रतिनिधिमण्डलमा राष्ट्रिय सम्पर्क विन्दुको सहभागिता भएमा, त्यसले सम्पर्क विन्दुलाई सम्पर्क सञ्जाल निर्माणका साथै सन्धि कार्यान्वयनबारे भएका नयाँ घटनाक्रम तथा सिकाइका बारेमा अद्यावधिक जानकारी हासिल गर्न सक्षम बनाउँछ ।

3 Article 15 (2).
4 Article 5 (5).

### *१.४. राष्ट्रिय सम्पर्क विन्दु नियुक्ति सम्बन्धमा सञ्चार*

सम्पर्क विन्दु सम्बन्धी कुन कुन सूचना हतियार व्यपार सन्धि सचिवालयलाई जानकारी गराउनुपर्छ भन्ने बारेमा सन्धिमा निर्दिष्ट गरिएको छैन ।5 तर देहाय बमोजिमको सूचना/जानकारी उपयोगी हुनेछन् :

(क) तोकिएको एकाइ/संस्थाको नाम;

(ख) ठेगाना;

(ग) सम्पर्क व्यक्ति;

(घ) इमेल ठेगाना (व्यक्तिगत इमेल ठेगाना होइन । (सम्भव भएसम्म एकाइ/संस्थाले पहुँच हुने इमेल ठेगाना भएमा उचित हुनेछ);

(ङ) टेलिफोन र फ्याक्स नम्बर;

सम्पर्क विन्दुसँग सम्बन्धित सूचना/जानकारीमा कुनै परिवर्तन भएमा सोको जानकारी तुरुन्त सन्धि सचिवालयलाई गराउनुपर्नेछ ।6

### *१.५. राष्ट्रिय सम्पर्क विन्दुको सूची*

- राष्ट्रिय सम्पर्कविन्दुको सूची राख्ने र पक्ष राष्टलाई उपलब्ध गराउने जिम्मेवारी हतियार व्यापार सन्धि सचिवालयको हुनेछ ।7 पक्षराष्ट्र सम्मेलनले सो सूची सर्वसाधारणलाई उपलब्ध गराउने निर्णय गर्न सक्नेछ ।
- राष्ट्रिय सम्पर्क विन्दु सञ्जाल पक्षराष्ट्रबीच सहयोग अभिवृद्धि र सूचना आदनप्रदान गर्ने एक महत्वपूर्ण साधन हुनसक्छ ।

### *१.६. अन्य उपकरणमा राष्ट्रिय सम्पर्क विन्दु*

हातहतियारसम्बन्धी पारदर्शितालगायत परम्परागत हतियार विधाका अधिकांश अन्तर्राष्ट्रिय उपकरणले राष्ट्रिय सम्पर्क विन्दुलाई देहायका विषयमा समेत जिम्मेवारी प्रदान गर्न पक्षराष्ट्रलाई अनुरोध गर्दछन् :

- हातहतियार प्रलेख;
- साना हतियारसम्बन्धी कार्य कार्यक्रम;
- अन्तर्राष्ट्रिय अनुगमन (tracing) संयन्त्र;
- परम्परागत हतियारसम्बन्धी संयुक्त राष्ट्र संघ पञ्जीकरण (UN Register);
- सैनिक खर्चसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रतिवेदन ।

- विभिन्न उपकरणका लागि राज्यले एउटै राष्ट्रिय सम्पर्क विन्दुलाई तोक्न सक्नेछन् । राज्यले विभिन्न उपकरणका लागि भिन्दाभिन्दै सम्पर्क विन्दु तोक्नाका साथै तिनीहरुबीच निकट आपसी सहयोग कायम गराउन सक्नेछन् । जस्तै, साना हतियारसम्बन्धी कार्यमूलक कार्यक्रम/अन्तर्राष्ट्रिय अनुगमन उपकरण र हतियार व्यापार सन्धि अन्तर्गत प्रतिवेदन तयार गर्ने कार्य ।

5 Article 5 (6).
6 Ibidem.
7 Article 18 (3)b.

## *२ पक्ष राष्ट्र सम्मेलन*[8]

सन्धिका पक्षराष्ट्रको सम्मेलनले राज्यलाई नियमित भेला भएर सूचना आदनप्रदान तथा महत्वपूर्ण विषयमा छलफल गर्ने अवसर प्रदान गर्दछ ।

### *२.१. पक्षराष्ट्र सम्मेलनमा छलफल तथा निर्णय गरिने विषय*

(क) यसको पहिलो बैठकमा त्यसको कार्यविधिबारे;
(ख) सहायक निकायको गठन तथा तिनीहरु उपर सम्मेलनको निगरानी;
(ग) स्वेच्छिक कोषको स्थापना;[9]
(घ) सम्मेलन, सचिवालय र यसले स्थापना गर्ने सहायक निकायका आर्थिक नियम;
(ङ) सचिवालयको कार्य र बजेट;
(च) आगामी साधारण आर्थिक सत्रसम्मका लागि बजेट;
(छ) विश्वव्यापीकरणका लागि हतियार व्यापार सन्धिको प्रबर्द्धन लगायत यसको कार्यान्वयन तथा सञ्चालन;
(ज) सन्धि कार्यान्वयनसम्बन्धी प्रशासनिक, बन्दोबस्ती र आर्थिक प्रावधान;
(झ) सन्धिको व्याख्याका क्रममा आउने विषय;
(ञ) सन्धि लागू भएको छ वर्षपछि र त्यसपछि प्रत्येक तीन वर्षमा सन्धिको संशोधन;[10]
(ट) सन्धि अनुरुपका अरु कार्य ।

### *२.२. पक्षराष्ट्र सम्मेलनको असाधारण बैठक*[11]

देहायको अवस्थामा पक्षराष्ट्र सम्मेलनको असाधारण वा आकस्मिक बैठक बस्न सक्नेछ :

- पक्षराष्ट्र सम्मेलनले आवश्यक ठानेको अवस्थामा;
- दुई तिहाइ पक्षराष्ट्रको समर्थनसहित कुनै एक पक्षराष्ट्रले लिखितरुपमा अनुरोध गरेमा ।

**सुझाव**: सन्धि पक्षराष्ट्रको सम्मेलन तथा सहायक निकायका साथै सन्धिसँग सम्बन्धित उपयुक्त क्षेत्रीय तथा अन्तर्राष्ट्रिय बैठक र समारोहमा सहभागी राष्ट्रिय प्रतिनिधिमण्डलमा हतियार निर्यात/आयात नियन्त्रण विज्ञको सहभागिताले उनीहरुलाई सञ्जाल निर्माण गर्नमा र सन्धिको कार्यान्वयनको घटनाक्रम तथा सिकाइ बारेमा अद्यावधिक हुन सक्षम बनाउँछ ।

8 Article 17.
9 Article 16 (3).
10 The Treaty entered into force on 24 December 2014 therefore, the conference of States Parties could consider proposed amendments on its meeting in 2020 if any State Party had submitted such proposal to the ATT Secretariat. Henceforth, the conference of States Parties will only consider such proposals every three years.
11 Article 17 (5).

## ||| ३. सन्धि कार्यान्वयनमा अन्तर्राष्ट्रिय सहयोग र सहायता

### *१. अन्तर्राष्ट्रिय सहयोग*

परम्परागत हतियारको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन र हतियार व्यापार सन्धिको प्रभावकारी कार्यान्वयन गर्न पक्षराष्ट्रबीचमा व्यापक सहयोगको आवश्यकता पर्दछ । सन्धि अन्तर्गत अन्तर्राष्ट्रिय सहयोग देहायलगायत विभिन्न स्वरुपमा हुन सक्छ :

(क) राष्ट्रिय सम्पर्क विन्दु सञ्जालमार्फत् हतियार व्यापार सन्धि कार्यान्वयनबारे सूचना, अनुभव र सिकाइको आदनप्रदान;
(ख) पक्षराष्ट्रको सम्मेलनमा परम्परागत हतियारको क्षेत्रमा भएको घटनाक्रम विकासलगायत सन्धि कार्यान्वयनसम्बन्धी पुनरावलोकन;
(ग) हतियार आयात गर्ने पक्षराष्ट्र हतियार स्थानान्तरणको अन्तिम गन्तव्य भएको अवस्थामा तामेली वा वास्तविक निर्यात अख्तियारीबारे आयात र निर्यात गर्ने पक्षराष्ट्रबीच सहकार्य र सूचनाको आदनप्रदान; [12]
(घ) हतियार विचलनको रोकथामका लागि साझेदारी तथा सूचना आदनप्रदान;
(ङ) अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियाजस्ता विषयमा आपसी सहयोग;
(च) द्विपक्षीय वा क्षेत्रीय तहमा हतियार व्यापार सन्धिको विषयमा वार्ता;
(छ) सन्धिको धारा १६(३) अन्तर्गत स्थापना हुने स्वेच्छिक कोषबाट आर्थिक सहयोगलगायत द्विपक्षीय सम्झौता वा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनबाट सन्धि कार्यान्वयनका लागि सहायता प्रदान गर्ने ।

#### *१.१. पक्ष राष्ट्रबीच सूचना आदनप्रदान*

- हतियार स्थानान्तरणमा संलग्न मुलुक वा सबै उपयुक्त पक्षराष्ट्रबीच असल अभ्यास र सिकाइजस्ता विषयमा पर्याप्तरुपमा सूचना आदनप्रदान सन्धि सफल कार्यान्वयनको एक आवश्यक तत्व हो ।
- पक्ष राष्ट्रबीच सूचना आदनप्रदानले हतियार स्थानान्तरणमा थप पारदर्शीता र जवाफदेहिता ल्याउँछ ।
- पक्षराष्ट्र सूचना आदनप्रदानमा संलग्न हुने धेरै तरिका छन्, जस्तैः
    - राष्ट्रिय सम्पर्क विन्दुबीच प्रत्यक्ष वार्ता;
    - एक पक्षराष्ट्रको राष्ट्रिय सम्पर्क विन्दु र अर्को राष्ट्रको राष्ट्रिय स्थानान्तरण नियन्त्रण अधिकारीबीच सञ्चार;
    - द्विपक्षीय वा क्षेत्रीय तहमा अधिकारीबीच भेटघाट/बैठक वा बहुपक्षीय बैठकको आसपास (साइडलाइन)मा हुने भेटवार्ता;
    - विभिन्न पक्षराष्ट्रका राष्ट्रिय स्थानान्तरण नियन्त्रण अधिकारी/निकायबीच पत्राचार;
    - सूचना आदनप्रदानसम्बन्धी मौजुदा वा नयाँ द्विपक्षीय, क्षेत्रीय वा बहुपक्षीय संयन्त्रको संरचनाभित्रका उपयुक्त माध्यम मार्फत् सूचनाको सञ्चार ।

12 Article 8 (3).

### *१.१.१. हतियार व्यापार सन्धिको कार्यान्वयनसम्बन्धी सूचना आदनप्रदान*

सन्धि कार्यान्वयनलाई प्रभावकारीरुपमा बढावा दिन पक्षराष्ट्रले सूचना आदनप्रदान गर्नुपर्छ । आदनप्रदान गरिने सूचनामा देहायका कुरा पर्दछन् :

(क) सन्धि लागू गर्ने सम्बन्धी आपसी हितको विषयहरु;13

(ख) धारा २ (१) अन्तर्गत परम्परागत हतियारहरुका पथान्तरण ।रोकथाम र निराकरणका लागि गैरकानूनी क्रियाकलाप र व्यक्तिका बारेमा तथ्य विवरण;14

(ग) हतियार व्यापार सन्धिको कुनैपनि पक्षबारे सिकाइ;15

### *१.१.२. जवाफदेहिता सुनिश्चित गर्न र पथान्तरण रोक्न सहयोग तथा सूचना आदनप्रदान*

उपयुक्त र सम्भव भएमा हतियार निर्यात, आयात र पारवहन गर्ने पक्षराष्ट्रले राष्ट्रिय कानूनबमोजिम समाविष्ट हतियारको स्थानान्तरणमा विचलनको जोखिमलाई न्यूनीकरण गर्न सहयोग र सूचना आदनप्रदान गर्नुपर्दछ।16

हतियार आयात गर्ने पक्षराष्ट्रले अनुरोध गरेको खण्डमा निर्यात गर्ने कुनै पनि पक्षराष्ट्रले उपयुक्त सूचना उपलब्ध गराउनुपर्नेछ। त्यसको अख्तियारीको बारेमा आयात गर्ने पक्षराष्ट्र र परवाहन हुने पक्षराष्ट्रलाई हतियार निर्यात गर्ने पक्षराष्ट्रको राष्ट्रिय कानून, नियम वा नीतिको अधिनमा रहेर सो सूचना उपलब्ध गर्नुपर्दछ।17

परम्परागत हतियारकोपथान्तरणरोकथाम र निर्मूल गर्नका लागि पक्षराष्ट्रले गैरकानूनी क्रियाकलाप र व्यक्तिका बारेमा सूचना प्रदान गर्नुपर्दछ।18

### *१.१.३. हतियार व्यापार सन्धि सचिवालयमार्फत् सूचना आदनप्रदान*

देहाय बमोजिमका सूचना र जानकारी सचिवालयलाई प्रदान गर्नका लागि पक्षराष्ट्रलाई प्रोत्साहित गरिन्छ र ती राष्ट्रले त्यस्ता सूचना उपलब्ध गराउनु पर्नेछ। तत्पश्चात् सचिवालयले सो सूचना सबै पक्षराष्ट्रलाई पठाउने छ।

(क) प्रत्येक पक्ष राष्ट्रको घरेलु कानून बमोजिम हतियारको राष्ट्रिय नियन्त्रण सूची (आवश्यक),19

(ख) राष्ट्रिय सम्पर्क विन्दु (आवश्यक),20

(ग) सन्धि कार्यान्वयन गर्न अवलम्बन गरिएका उपायका बारेमा प्रारम्भिक प्रतिवेदन,21

(घ) उचित भएका खण्डमा हतियार व्यापार सन्धि कार्यान्वयन गर्न अवलम्बन गरिएको नयाँ उपायसम्बन्धी प्रतिवेदन (आवश्यक),22

(ङ) वार्षिक प्रतिवेदन (आवश्यक);23

(च) परम्परागत हतियारकोपथान्तरणसम्बोधन गर्न प्रभावकारी प्रमाणित भएका उपायका बारेमा सूचना/जानकारी (प्रोत्साहित गरिएको);24

13 Article 15 (2).
14 Article 15 (4).
15 Article 15 (7).
16 Article 11 (3).
17 Article 7 (6).
18 Ibidem.
19 Article 5 (4).
20 Article 5 (6).
21 Article 13 (1).
22 Ibidem.
23 Article 13 (3).
24 Article 13 (2).

### *१.२. विवाद समाधान/निराकरण;*[25]

सन्धि लागू गर्ने वा सन्धिको व्याख्यासम्बन्धी विषयमा पक्षराष्ट्रबीच उत्पन्न हुनसक्ने कुनै पनि विवाद आपसी सहमतिमा समाधान गर्न पक्षराष्ट्रले एक आपसमा छलफल र सहयोग गर्नेछन् । पक्षराष्ट्रले विवादको समाधान देहायका उपायमार्फत् खोज्ने छन् :

(क) छलफल;
(ख) मध्यस्थता ;
(ग) मेलमिलाप;
(घ) न्यायिक समाधान;
(ङ) कानूनी मध्यस्थता;
(च) अन्य कुनै शान्तिपूर्ण उपायद्वारा ।

## *२. अन्तर्राष्ट्रिय सहयोग*

- परम्परागत हतियार, गोलीगट्ठा तथा पार्टपूर्जाको अन्तर्राष्ट्रिय स्थानान्तरणको प्रभावकारी नियमन तथा हतियारपथान्तरणरोकथामका लागि सन्धिका पक्षराष्ट्रले कार्यान्वयनका उपयुक्त उपाय अवलम्बन गर्नेछन् ।[26]
- प्रत्येक पक्षराष्ट्रले सरकारी संस्था, पर्याप्त कानूनी संरचना, आर्थिक र प्राविधिक स्रोतसाधन सन्धिको कार्यान्वयनमा संलग्न गरेको सुनिश्चित गर्नुपर्नेछ ।
- धेरै पक्षराष्ट्रले त्यसका निमित्त सहायताको लागि अनुरोध गर्नेतर्फ विचार गर्न सक्छन् ।
- हतियार व्यापार सन्धि अन्तर्गत प्राप्त हुने सहयोगले सबै पक्षराष्ट्रलाई सन्धि प्रभावकारीरुपमा कार्यान्वयन गर्नमा मद्दत पुऱ्याउँछ ।
- पक्षराष्ट्रबीच द्विपक्षीय सम्झौताका साथै क्षेत्रीय र अन्तर्राष्ट्रिय संघसंस्थामार्फत अन्तर्राष्ट्रिय सहायता प्रदान गर्न सकिन्छ ।

### *२.१. सहयोगका क्षेत्र*

प्रत्येक पक्षराष्ट्रले आफूले चाहेको सहायताको स्तर/तह, प्रकृति र मात्राको बारेमा मूल्याङ्कन गर्न सक्नेछन् ।[27] धारा १६(१) मा कुन कुन क्षेत्रमा सहायता माग्न सकिन्छ भन्ने उदाहरण दिइएको छ :

(क) कानूनी वा विधायी कार्यसम्बन्धी सहायता;
(ख) संस्थागत क्षमता अभिवृद्धि;
(ग) प्राविधिक क्षमता अभिवृद्धि;
(घ) वस्तुगत सहायता;
(ङ) आर्थिक सहायता ।

25 Article 19.
26 Article 14.
27 For example, the Arms Trade Treaty Baseline Assessment Project has developed a survey that helps countries to identify areas where they need assistance.
See www.armstrade.info .

### *२.१.१ कानुनी वा विधायिकी सहयोग*

- कानुनी वा विधायिकी सहयोग अन्तर्गत मौजुदा कानून र नियमन संरचनाको पुनरवलोकन वा नयाँ कानून निर्माण पर्दछन्, जस्तैः
  - प्रशासनिक र फौजदारी दण्ड सजायलगायत व्यापार नियन्त्रण सम्बन्धी ऐन कानून;
  - भन्सार कानून र हातहतियार नियमन तथा नियन्त्रण ऐन;
  - आयात र निर्यात नियन्त्रण नीति वा प्रशासनिक प्रक्रिया/विधिलगायतका नियमन प्रक्रिया;
  - परम्परागत हातहतियारकोपथान्तरणरोकथाम परिलक्षित कानून, नियमन प्रक्रिया;
  - हतियार नियन्त्रण राष्ट्रिय सूची ।

- कानूनी र विधायिकी सहायता उपलब्ध गराउनेसम्बन्धी अन्तर्राष्ट्रिय सहयोग कार्यक्रम विभिन्न स्वरुपमा हुन सक्छन्, जस्तैः
  - उपयुक्त कानून, नीति तथा प्रक्रियाको मस्यौदा वा पुनरवलोकन गर्ने उद्देश्यसहितका कार्यशाला, गोष्ठी र प्रशिक्षण कार्यक्रम;
  - प्रभावकारी कानून, नीति र प्रक्रियाबारे सूचना आदनप्रदानसम्बन्धी गोलमेच छलफल/बैठक;
  - पक्षराष्ट्रद्वारा नमूना कानूनको निर्माण;
  - परामर्शदाताले प्रदान गर्ने प्राविधिक सहयोग;
  - असल अभ्यास र सिकाइ आदनप्रदान ।

### *२.१.२. संस्थागत क्षमता अभिवृद्धि*

संस्थागत क्षमता अभिवृद्धिसम्बन्धी अन्तर्राष्ट्रिय सहयोग कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप पर्दछन् :

(क) राष्ट्रिय निर्यात/आयात नियन्त्रण प्रणाली स्थापनाका लागि सहयोग;
(ख) अन्तरनिकाय प्रक्रिया र राष्ट्रिय संयोजन संयन्त्रलाई सहायता;
(ग) देहाय बमोजिमका अधिकारी र कर्मचारीलाई तालिमः

- राष्ट्रिय सम्पर्क विन्दु;
- इजाजत/अख्तियारी प्रदान गर्ने अधिकारी;
- भन्सार र सीमाना नियन्त्रणलगायत कानून कार्यान्वयन गर्ने अधिकारी;
- हतियार र गोलीगठ्ठा भण्डार व्यवस्थापन, सूचना संकलन तथा हतियार पञ्जीकरण र अनुगमनसम्बन्धी सैनिक एवम् सुरक्षा बलका अधिकारी;
- मान्य भएको खण्डमा निगरानी गर्ने जिम्मेवारी प्रदान गरिएका सांसद र अधिकारीहरु ।

## *२.२. सहयोगका प्रकार*

मुख्यतः तीन प्रकारका सहायता प्रदान गर्न सकिनेछः प्राविधिक, भौतिक र आर्थिक ।

### *२.२.१. प्राविधिक सहयोग*

प्राविधिक सहयोगका उदाहरण यस प्रकार छन्ः

(क) कार्यशाला, गोष्ठी, गोलमेच बैठक र छलफल, तालिम कार्यक्रम;
(ख) प्रशिक्षण सामग्री, हाते पुस्तक, दस्तावेज, सफ्टवेयर एप्लिकेसनको निर्माण;
(ग) असल अभ्यास र सिकाइ आदनप्रदान;
(घ) सहपाठीले सहपाठीलाई तालिम दिने, सिकाउने तथा मार्गदर्शन गर्ने;
(ङ) परामर्श सेवा;

(च) तालिम भ्रमण, कर्मचारीको भ्रमण आदनप्रदान;
(छ) भण्डार, गोदाम र डिपोको निर्माण गर्ने वा मर्मतसंभार गर्ने ।

### *२.२.२. भौतिक/वस्तुगत सहयोग*

हतियार व्यापार सन्धि कार्यान्वयन गर्न आवश्यक पर्ने उपकरण प्रदान गर्न, सापटी दिन, सहुलियतपूर्ण दरमा भाडामा लगाउन वा जिन्सी सहयोगको रुपमा समेत दिन सकिन्छ ।

### *२.२.३. आर्थिक सहायता*

आर्थिक सहायताको स्रोत देहाय बमोजिम प्राप्त गर्न सकिन्छः

(क) द्विपक्षीय र बहुपक्षीय सहयोग;
(ख) सन्धिको धारा १६(३) अन्तर्गत स्थापना गरिने स्वेच्छिक कोष वा हतियार नियमन सहयोग अभिवृद्धि सम्बन्धी संयुक्त राष्ट्रसंघ कोष सुविधालगायत समान उद्देश्यका अरु कुनै कोष ।28

### *२.३. थप विचारणीय पक्ष*

सहयोग प्रदान गर्दा पक्षराष्ट्रले देहाय बमोजिमका मापदण्डमा विचार पुर्‍याउनुपर्छः

(क) लचकता अपनाउने तथा निश्चित मापदण्डको विचार गर्नेः सबैको लागि एउटै आकारप्रकारको सामग्री उपयुक्त नहुन सक्छ;
(ख) राष्ट्रिय स्वामित्व स्थापना गर्ने;
(ग) दिगोपनको सुरक्षा;
(घ) लैङ्गिक संवेदनशील पद्धति सुनिश्चित गर्ने ।

### *२.३.१. सबैलाई त्यही कुरा सामग्री उपयुक्त नहुन सक्छ*

हतियार व्यापार सन्धि कार्यान्वयनका लागि प्रदान गरिने सहयोग, सहयोग प्राप्त गर्ने राज्यको विशिष्ट आवश्यकता अनुसार हुनुपर्दछ । सहायता कार्यक्रम तर्जुमा गर्दा देहाय बमोजिमका अवस्थालाई ध्यानमा राख्नुपर्छ :

(क) देशको आकार (ठूलो/सानो);
(ख) भूगोल (जस्तै- सिमानाको लम्बाई, सिमानासम्मको पहुँच);
(ग) पूर्वाधार, प्रमुख व्यापारिक मार्ग;
(घ) ऐतिहासिक, साँस्कृतिक र राजनीतिक सन्दर्भ;
(ङ) आर्थिक-सामाजिक विकास;
(च) संवैधानिक तथा सरकारको ढाँचा र प्रशासनिक अभ्यास;
(छ) क्षेत्रीय सहयोगको स्तर;
(ज) हतियार निर्यात र/वा आयातको आकार (आयतन) तथा मूल्य;

28 More information on UNSCAR is available at www.un.org/disarmament/UNSCAR.

(झ) विशेष गरी साना तथा हलुका हतियारलगायत गैरकानुनी परम्परागत हतियारको वृद्धिसँग सम्बन्धित समस्याबाट हतियार प्राप्त गर्ने पक्षराष्ट्र प्रभावित भएको छ/छैन;
(ञ) हतियार प्राप्त गर्ने पक्षराष्ट्रले हतियारकोपथान्तरणहुने समस्या सामना गरेको छ कि ?
(ट) उपलब्ध स्थानीय स्रोत साधन;
(ठ) संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम वा लागू औषध र अपराधसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यालयजस्ता संयुक्त राष्ट्र सङ्घका देशीय साझेदार तथा क्षेत्रीय संगठनद्वारासमेत सञ्चालित यथोचित मौजुदा कार्यक्रमहरु;
(ड) निशस्त्रीकरण र हतियार प्रसार क्षेत्रमा अन्य दाताद्वारा सञ्चालित मौजुदा सहायता कार्यक्रमहरु;
(ढ) हतियार प्राप्त गर्ने राज्य वा क्षेत्रमा सञ्चालित सन्धि सम्बन्धित मौजुदा परियोजनाहरु ।

### *२.३.२. राष्ट्रिय स्वामित्व*

- कुनैपनि सहायता कार्यक्रमको सफलता सुनिश्चित गर्नका लागि राष्ट्रिय स्वमित्व एक महत्वपूर्ण तत्व हो । आफ्नो देशको आवश्यकता मूल्याङ्कन गर्न, सन्धि कार्यान्वयन प्रक्रिया अगाडि बढाउन र सन्धि कार्यान्वयन सम्बन्धी गरिने प्रयासलाई सहयोग पुग्ने गरी सिकेका पाठ लागू गर्न हतियार प्राप्त गर्ने राष्ट्रका अधिकारी उपयुक्त स्थानमा हुन्छन् ।
- अन्तर्राष्ट्रिय सहयोग प्रभावकारी हुनाका लागि सन्धि कार्यान्वयनमा आवश्यक पर्ने सहायताको पहिचान गर्न हतियार प्राप्त गर्ने राष्ट्रले गहन मूल्याङ्कन गर्नु आवश्यक छ ।
- हतियार व्यापार सन्धि कार्यान्वयनको पूरै प्रक्रिया (सहायता परियोजना चक्र: आवश्यकता मूल्याङ्कन, लक्षित सहायता कार्यक्रम तर्जुमा, कार्यक्रम कार्यान्वयन अनुगमन, कार्यक्रमको मूल्याङ्कन र अनुगमन चरण, सिकाइसम्बन्धी दस्तावेज निर्माण)मा प्रत्यक्षरुपमा संलग्न हुन हतियार प्राप्त गर्ने राष्ट्र इच्छुक हुनुपर्दछ ।
- स्वामित्व सुनिश्चित गर्न हतियार प्राप्त गर्ने राष्ट्रले स्थानीय मानवस्रोत र सम्भव भएमा भौतिक तथा आर्थिक स्रोतसाधन योगदान गर्नुपर्छ । त्यस्तै, सो राष्ट्रले सन्धि कार्यान्वयनको प्रभावकारी उपायको दिगोपन पनि सुनिश्चित गर्नुपर्छ ।

### *२.३.३. दिगोपन*

वास्तविक प्रभावकारी सहायता कार्यक्रम त्यो हो, जसले हतियार प्राप्त गर्ने राज्यमा दिगो र लामो समयसम्म प्रभाव राख्छ । यस्तोखालका कार्यक्रममा देहायका विषय अन्तरनीहित हुन्छन् :

(क) दिग्दर्शन, निर्देशिका, प्रशिक्षण पुस्तिका र 'कसरी गर्ने' भन्ने विषयमा मार्गदर्शनको निर्माण;
(ख) सहायता कार्यक्रममार्फत् प्रदान गरिएको तालिम र ज्ञान हतियार प्राप्त गर्ने राष्ट्रमा अनुकरण र वृद्धि गर्न सकियोस् भन्ने हेतुले सो कार्यक्रममा 'प्रशिक्षक प्रशिक्षण' अंश समावेश हुनुपर्छ;
(ग) सहायता कार्यक्रमको एक अंशको रुपमा यदि उपकरण प्रदान गरेको भए उपकरणको प्रयोग र स्याहारसम्भार सम्बन्धी पर्याप्त प्रशिक्षण ।

### *२.३.४. लैङ्गिक संवेदनशील पद्दति*

पक्षराष्ट्रले आफ्नो अन्तर्राष्ट्रिय सहायता कार्यक्रममा देहाय बमोजिमका उदाहरणमार्फत लैङ्गिक दृष्टिकोण पनि समावेश गर्न सक्छन्:

(क) लैङ्गिक संवेदनशील जोखिम मूल्याङ्कनको महत्व र त्यसलाई कसरी कार्यान्वयन गरिन्छ भन्ने कुरालाई विचार गर्ने;

(ख) हतियार प्राप्त गर्ने राष्ट्रको निर्णय निर्माण प्रक्रियाका साथै कार्यक्रम तर्जुमा र कार्यान्वनमा महिला तथा महिला समूहको सहभागिता प्रवर्द्धन गर्ने;29
(ग) हतियार प्राप्त गर्ने राज्यमा सहायता कार्यक्रममा महिलालाई लाभग्राही/लक्षित प्रशिक्षार्थीका रुपमा समावेश गर्ने;
(घ) महिलामाथि हतियार विचलनको परिणामलाई सम्बोधन गर्ने;
(ङ) प्रशिक्षक प्रशिक्षण खण्डमा महिलालाई समावेश गर्ने ।

## *२.४. सहयोगका लागि अनुरोध*

हतियार व्यापार सन्धि कार्यान्वयनका लागि कुनै पनि पक्ष राष्ट्रले सहयोगका लागि अनुरोध गर्न सक्नेछ । यस्तो सहयोग देहायका निकायमार्फत् अनुरोध गर्न सकिनेछ : पक्ष राष्ट
(क) हतियार व्यापार सन्धि सचिवालय;
(ख) द्विपक्षीय वार्तामा अन्य पक्षराष्ट्र/देश;
(ग) क्षेत्रीय र उपक्षेत्रीय संगठन;
(घ) संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय संघसस्था;
(ङ) गैर-सरकारी संस्था ।

## *२.५. सहयोगका लागि अनुरोधका तत्व*

हतियार व्यापार सन्धि कार्यान्वयनका लागि सहयोग अनुरोध गर्दा उपयोगी हुनसक्ने महत्वपूर्ण सूचना देहायका बुँदामा समावेश छन्:

(क) सम्पर्क विवरण
(पक्ष राष्ट्रले आफ्नो अनुरोधलाई उसको राष्ट्रिय सम्पर्क विन्दुमार्फत् पठाउनेतर्फ विचार गर्न सक्छ।)

- संस्था;
- सम्पर्क व्यक्ति;
- दर्जा;
- फोन र फ्याक्स नम्ब;
- इमेल ठेगाना ।

### (ख) अनुरोध गरिएको सहयोग संक्षेपमा

(अनुरोध गरेको सहयोगका सम्बन्धमा छोटकरीमा उल्लेख गर्ने)

### (ग) अनुरोध गरेको सहायताको विवरण

- कानुनी वा विधायकी सहयोग
  - नमूना कानून
  - सामरिक, व्यापार नियन्त्रणसम्बन्धी कानून
  - भन्सार र सिमाना नियन्त्रण कानून
  - कार्यान्वयनसम्बन्धी कानून
  - राष्ट्रिय नियन्त्रण (प्रतिबन्ध)सम्बन्धी सूची

अन्य कुनै भएमा उल्लेख गर्ने ।

- संस्थागत क्षमता अभिवृद्धि
  - राष्ट्रिय नियन्त्रण प्रणाली स्थापना
  -अन्तर निकाय प्रक्रियामा सहयोग
  - अभिलेख राख्ने प्रणालीको स्थापना
  - सूचना आदनप्रदानको लागि कार्यविधि निर्माण
  - निशस्त्रीकरण, अपरिचालन (सैन्य विघटन) र पुनः सम्मिलन
  - हतियार पञ्जीकरण
  - हतियार अनुगमन

- तालीम



## हतियार व्यापार सन्धि कार्यान्वयन सन्दर्भ सामग्री

# मोड्युल ५
# हस्तान्तरणसम्बन्धी प्रतिबन्धहरू

यो पुस्तिका **www.un.org/disarmament/ATT** मा उपलब्ध रहेको छ ।

## १. परिचय

हतियार व्यापार सन्धि (ATT) मा सहभागी हुने कुनै पनि देश यस सन्धिको कार्यान्वयन गर्न प्रभावकारी उपायहरूको लागू गर्न प्रतिबद्ध हुनेछन् ।

प्रत्येक राज्यले हतियार व्यापार सन्धि अन्तर्गत आफ्ना दायित्वहरू पूरा गर्न आवश्यक पर्ने उपायहरू निर्धारण गर्नेछ । यी उपायहरू देशपिच्छे फरक हुन सक्छन् ।

हस्तान्तरणसम्बन्धी प्रतिबन्ध शीर्षको यस पाँचौं मोड्युलले हतियार व्यापार सन्धिको धारा ६ को पालनाको सुनिश्चित गर्न हतियार हस्तान्तरणको अख्तियारी दिँदा ध्यानमा राख्नुपर्ने मानकीकृत मापदण्डहरू अवलम्बन गर्न राज्यहरूलाई सहयोग गर्ने लक्ष्य राखेको छ ।

## २. हस्तान्तरण भनेको के हो ?

धारा २(२) बमोजिम हतियारको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी गतिविधिहरू (निर्यात, आयात, तस्करी/ओसारपसार, पारवहन, अन्तरदेशीय परिवहन र लेनदेन) हस्तान्तरण अन्तर्गत पर्दछन् ।[1]

## ३. प्रतिबन्धहरू

- धारा ६ ले हतियार व्यापार सन्धि अन्तर्गत परम्परागत हतियार, गोलीगठ्ठा र पार्टपुर्जा तथा सामानहरू (वस्तुहरू) हस्तान्तरणको प्रतिबन्धहरूलाई स्थापित गरेको छ । यसले हरियारको स्वीकार्य र जिम्मेवारीपूर्ण हस्तान्तरणभित्र के के पर्दैन भनेर निर्दिष्ट गर्दछ ।
- धारा ६ अन्तर्गतका दायित्वहरू यस सन्धिद्वारा समेटिएका वस्तुहरूको हस्तान्तरणमा अधिकारक्षेत्र भएका सबै पक्ष राष्टहरूमा लागू हुन्छन् ।

1 See modules 6, 7, 8 and 9 for more information concerning these activities.

## *१. संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को हतियार प्रतिबन्ध वा संयुक्त राष्ट्रसंघीय बडापत्रको भाग ७ अन्तर्गत कार्य गर्दै सुरक्षा परिषद्ले अपनाएका उपायहरू अन्तर्गतका पक्ष राष्टको दायित्वहरूको उल्लङ्घन हुने हस्तान्तरणको प्रतिबन्ध*

- पक्षराष्ट्रहरूले हतियार व्यापार सन्धिद्वारा समेटिएका वस्तुहरूको कुनै पनि हस्तान्तरणले संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदको हतियार प्रतिबन्ध वा संयुक्त राष्ट्रसंघीय बडापत्रको भाग ७ अन्तर्गत काम गर्दै सुरक्षा परिषद्ले अपनाएका उपायहरू अन्तर्गत कुनै अन्य पक्ष राष्टको दायित्वहरूको उल्लङ्घन गर्दछ भने त्यस्तो हस्तान्तरणलाई अख्तियारी दिनेछैनन् ।[2]

- यी हतियार प्रतिबन्धहरू अन्तर्गत प्रतिबन्धित राज्य वा संस्थामा हतियार हस्तान्तरण गर्न पक्ष राष्टहरूलाई निषेध गरिएको छ । राज्यहरूले प्रतिबन्धको कार्यान्वयन गर्न गराउन सबै आवश्यक उपायहरू अवलम्बन गर्नेछन् भनेर पनि सुरक्षा परिषद्को सङ्कल्प प्रस्तावमा भनिएको छ ।

**सुझाव :** सुरक्षा परिषदको हतियार प्रतिबन्धको सम्बन्धमा हालको सूची हेर्न www.un.org/sc/committees जानुहोस् ।

हतियार प्रतिबन्धको अतिरिक्त संयुक्त राष्ट्रसंघको वडापत्रको भाग ७ अन्तर्गत कार्य गर्दै सुरक्षा परिषदले पक्ष राष्टहरूमा दायित्वहरू सिर्जना गर्ने अन्य उपायहरू अवलम्बन गरेको छ । उदाहरणका लागि, सङ्कल्प प्रस्ताव १३७३ ले राज्यहरूले आत ङ्कवादीहरूलाई हतियारको आपूर्ति गर्ने गराउने कार्यलाई बन्द गर्नेछन् भनेर दायित्व स्थापित गरेको छ ।[3]

## **२. अन्तर्राष्ट्रिय सम्झौताहरू अन्तर्गतका सान्दर्भिक अन्तर्राष्ट्रिय दायित्वहरूको उल्लङ्घन हुने हस्तान्तरणको प्रतिबन्ध, विशेष गरी परम्परागत हतियारहरूको हस्तान्तरण वा अवैध तस्करी/ओसारपसारसँग सम्बन्धित ।**

- पक्ष राष्टहरूले सन्धि अन्तर्गत समेटिएका वस्तुहरूको कुनै पनि हस्तान्तरणले अन्तर्राष्ट्रिय सम्झौताहरू अन्तर्गत सान्दर्भिक अन्तर्राष्ट्रिय दायित्वहरू उल्लङ्घन गर्दछ त्यस्तो हस्तान्तरणको अख्तियारी दिनेछैनन्, विशेष गरी परम्परागत हतियारहरूको हस्तान्तरण, वा अवैध तस्करी/ओसारपसारसँग सम्बन्धित ।
- पक्ष राष्टहरू अन्तर्राष्ट्रिय सम्झौताहरू अन्तर्गत आफ्ना कानूनी दायित्वहरू बारे सचेत छन् भन्ने मान्यता राखिएको छ । हतियार व्यापार सन्धि अन्तर्गत समेटिएका वस्तुहरूको हस्तान्तरणको अख्तियारी दिने जिम्मेवार अधिकारीहरूले ती अन्तर्राष्ट्रिय दायित्वहरूमध्ये कुन कुन दायित्व धारा ६(२) लागू गर्ने प्रयोजनमा सान्दर्भिक छन् भन्ने कुरा राम्ररी जान्नु आवश्यक छ ।
- बहुपक्षीय र क्षेत्रीय सम्झौताहरूको उदाहरणहरूको सूची यस मोड्युलमा अनुसूचीको रूपमा संलग्न गरिएको छ ।

2 Article 6 (1).
3 S/RES/1373 (2001)

### ३. हस्तान्तरणको अख्तियारी दिँदाको बखत समेटिएका वस्तुहरू नरसंहार, मानवता विरुद्धको अपराध, सन् १९४९ को जेनेभा महासन्धिको गम्भीर उल्लङ्घन वा अन्य युद्ध अपराधहरू गर्न प्रयोग गरिने छ भन्ने पक्ष राष्टलाई जानकारी हुन आएमा हस्तान्तरण प्रतिबन्ध लगाउने ।

- हस्तान्तरणको अख्तियारी दिँदाको समयमा हस्तान्तरणको अख्तियारी दिइने वस्तुहरू नरसंहार, मानवता विरुद्धको अपराध, सन् १९४९ को जेनेभा महासन्धिको गम्भीर उल्लङ्घन, नागरिक सम्पत्ति वा संरक्षित नागरिकहरू विरुद्ध लक्षित आक्रमण  वा आफू पक्ष रहेका अन्तर्राष्ट्रिय सम्झौताहरूद्धारा परिभाषित गरिएका अन्य युद्ध अपराधका कार्य गर्न प्रयोग गरिने छ भन्ने राज्य पक्षलाई जानकारी हुन आएमा पक्ष राष्टले त्यस्ता हस्तान्तरणलाई अनिवार्य प्रतिबन्ध लगाउनुपर्छ ।
- यदि हस्तान्तरणलाई अख्तियारी दिएमा पक्ष राष्टले हतियार व्यापार सन्धिको पालना नगरेको मात्र हुँदैन, यसले अन्तर्राष्ट्रिय गलत कार्यमा सहयोग वा सहायता गरेकोमा राज्यको उत्तरदायित्वसम्बन्धी कानून अन्तर्गत दोषी समेत ठहर हुन सक्नेछ ।

अन्तर्राष्ट्रिय गलत कार्यहरूको सम्बन्धमा राज्यहरूको उत्तरदायित्वसम्बन्धी नियमको धारा १६ ले देहायका प्रवाधानको व्यवस्था गरेको छ :

“अर्को राज्यलाई अन्तर्राष्ट्रिय रूपमा गलत कार्य गर्नमा सहयोग वा सहायता गर्ने राज्य त्यसो गरेको कार्यका लागि अन्तर्राष्ट्रिय रूपमा जिम्मेवार हुन्छ यदि : (क) त्यो राज्यले अन्तर्राष्ट्रिय रूपमा गलत कार्य हुनेछ भन्ने अवस्थाको ज्ञान हुँदाहुँदै त्यसो गर्छ; र (ख) उक्त राज्यले त्यस्तो कार्य गरेमा त्यो अन्तर्राष्ट्रिय रूपमा गलत हुनेछ ।[4]

## ४. धारा ६ को प्रावधानहरूको अनुपालन सुनिश्चित गर्न परम्परागत हतियार, गोलीगठ्ठा र पार्टपुर्जा एवम् सामानहरूको हस्तान्तरणलाई अख्तियारी दिनु वा दिन अस्वीकार गर्नु अघि पक्ष राष्टहरूले जाँच गर्नुपर्ने पक्षहरू

- धेरैजसो राज्यमा हतियारको अन्तर्राष्ट्रिय हस्तान्तरणको सम्बन्धमा राज्यको नियन्त्रण वा  नियमनको अभ्याससँग सम्बन्धित कानून, नियम र प्रक्रियाहरू छन् । हतियारको व्यापार सन्धिको धारा ८८ को पूर्ण अनुपालना सुनिश्चित गर्न यी कानून, नियम र प्रक्रियाहरू परिमार्जन गर्न आवश्यक हुन सक्छ । तल मूल्याङ्कन गरिनुपर्ने पक्षहरूको सुझाव सूची दिइएको छ, जसलाई पक्ष राष्टहरूले धारा ६ अनुरूप नभएको हस्तान्तरणका (निर्यात, आयात, पारवहन/अन्तरदेशीय परिवहन र लेनदेन गतिविधिहरू) कार्यलाई उनीहरूले अख्तियारी दिँदैनन् भनेर सुनिश्चित गर्नमा प्रयोग गर्न सक्छन् ।

### ४.१. हस्तान्तरणले धारा ६(१) को उल्लङ्घन गर्छ गर्दैन भन्ने मूल्याङ्कन गर्न विचार गर्नुपर्ने पक्षहरू

(क) प्रापक राज्य सुरक्षा परिषद्को हतियारसम्बन्धी प्रतिबन्धमा परेको छ कि छैन;

*4 The International Court of Justice in the Case concerning Application of the Convention on the Prevention and Punishment of the Crime of Genocide affirmed that Article 16 of the Articles on State Responsibility reflects a customary rule. Application of the Convention on the Prevention and Punishment of the Crime of Genocide (Bosnia and Herzegovina v. Serbia and Montenegro), Judgment, I.C.J. Reports 2007, p. 217, para. 420.*

(ख) सो हस्तान्तरणले आतङ्कवादी गतिविधिको कारण अन्तर्राष्ट्रिय शान्ति र सुरक्षालाई खतरा पार्ने सम्बन्धी सुरक्षा परिषद्को सङ्कल्प प्रस्ताव १३७३ को उल्लङ्घन गरेको छ वा छैन;[5]

(ग) सुरक्षा परिषद्को हतियार प्रतिबन्धहरूको सम्मान गर्ने सम्बन्धमा प्रापकको विगत र वर्तमानको रेकर्ड;

(घ). सुरक्षा परिषद्को हतियार प्रतिबन्धको उल्लङ्घन हुनेगरी हस्तान्तरण गरिएका वस्तुहरू प्रयोग हुने छैनन् भनेर सुनिश्चित गर्ने प्रापकको क्षमता;

(ङ) औपचारिक प्रतिबद्धताहरूमा व्यक्त गरिएअनुसार प्रापक राज्यको अभिप्राय;

(च) सुरक्षा परिषद्को हतियार प्रतिबन्धको उल्लङ्घनको अनुसन्धान गर्न वा सोसम्बन्धी अनुसन्धानमा सहयोग गर्न प्रापक राज्य असफल भएको छ कि छैन;

(छ) माथिका कुराहरूको अतिरिक्त निर्यात गर्ने पक्ष राष्टहरूले सुरक्षा परिषद्द्वारा स्थापित हतियार प्रतिबन्धहरूको उल्लङ्घनलाई अपराध करार गर्ने कानून प्रापक राज्यले अपनाएको छ कि छैन भनेर विचार गर्न सक्छन् ।

## ४.२. हस्तान्तरणले धारा ६(२) को उल्लङ्घन गर्छ गर्दैन भनेर मूल्याङ्कन गर्न विचार गर्नुपर्ने पक्षहरू

(क) सो हस्तान्तरणले संयुक्त राष्ट्रसंघीय बडापत्र अन्तर्गतको दायित्वहरू उल्लङ्घन गर्छ कि गर्दैन;

(ख) सो हस्तान्तरणले अख्तियारी दिने पक्ष राष्टले वहन गर्नुपर्ने अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वहरूको उल्लङ्घन गरेको छ कि छैन;

(ग) सो हस्तान्तरणले अख्तियारी दिने पक्ष राष्टको अन्तर्राष्ट्रिय मानवीय कानूनप्रतिको दायित्व उल्लङ्घन गरेको छ कि छैन;

(घ) सो हस्तान्तरण पक्ष राष्टले बहन गर्नुपर्ने अन्तर्राष्ट्रिय सम्झौताहरू, विशेष गरी परम्परागत हतियारहरूको हस्तान्तरण वा अवैध तस्करी/ओसारपसार सम्बन्धमा रहेका दायित्वहरूको पालना गर्छ कि गर्दैन ।

## ४.३. हस्तान्तरणले धारा ६(३) को उल्लङ्घन गर्छ गर्दैन भनेर मूल्याङ्कन गर्न विचार गर्नुपर्ने पक्षहरू

(क) वस्तुहरू नरसंहार गर्न प्रयोग गरिने छ कि छैन;

(ख) वस्तुहरू मानवता विरुद्धको अपराध गर्न प्रयोग गरिने छ कि छैन;

(ग) वस्तुहरू सन् १९४९ को जेनेभा महासन्धिहरूको गम्भीर उल्लङ्घन गर्न प्रयोग गरिने छ कि छैन;[6]

(घ) वस्तुहरू नागरिक सम्पत्तिविरुद्ध लक्षित आक्रमणहरू गर्न प्रयोग गरिने छ कि छैन;

(ङ) वस्तुहरू संरक्षित नागरिकहरू विरुद्ध आक्रमण गर्न प्रयोग गरिने छ कि छैन;

(च) वस्तुहरू अख्तियारी दिने राज्य पक्ष रहेको अन्तर्राष्ट्रिय सम्झौताहरूले परिभाषित गरेको अन्य युद्ध अपराधहरू गर्न प्रयोग गरिनेछ कि छैन ।

www.un.org/sc/committees.

www.un.org/sc/committees.

E.g. www.ohchr.org/EN/HRBodies/Pages/HumanRightsBodies.aspx.

E.g. www.icc-cpi.int/en_menus/icc/situations%20and%20cases/Pages/situations%20and%20cases.aspx

## ५. हस्तान्तरणको अख्तियारी दिँदा पक्ष राज्यले विचार गर्नुपर्ने जानकारीका स्रोतहरू

प्रत्येक पक्षराष्ट्र हतियार व्यापार सन्धि अन्तर्गत आफ्ना दायित्वहरूको अनुपालन सुनिश्चित गर्न आफूले गर्नुपर्ने कार्यान्वयनका गतिविधिहरूको लागि जिम्मेवार रहन्छ । पक्षराष्ट्र भित्रका अधिकारप्राप्त निकायहरूले तलका जानकारी स्रोतहरू हेर्ने कुरामा विचार गर्न सक्छन् :

- सुरक्षा परिषद्को हतियार प्रतिबन्ध लागू रहेको हालको सूची;[7]
- सुरक्षा परिषद्का समितिहरूद्वारा जारी गरिएको कार्यान्वयन सहायतासम्बन्धी सूचनाहरू;[8]
- संयुक्त राष्ट्रसंघीय मानव अधिकार निकायहरू र अन्तर्राष्ट्रिय न्यायाधिकरणहरूका सान्दर्भिक दस्तावेजहरू;[9,10]
- द्विपक्षीय वा क्षेत्रीय सूचना आदानप्रदान संयन्त्र मार्फत पक्ष राष्टलाई उपलब्ध गुप्तचरी र अन्य जानकारी;
- हतियार व्यापार सन्धिका अन्य पक्ष राष्टहरूसँग जानकारी आदान प्रदान;
- क्षेत्रीय र विशेष अदालत र न्यायाधिकरणका दस्तावेजहरू;
- अन्य विश्वसनीय स्रोतहरू, जस्तै क्षेत्रीय मानव अधिकार संगठनहरू र नागरिक समाज संगठनहरू ।

---

www.un.org/sc/committees.
www.un.org/sc/committees.
E.g. www.ohchr.org/EN/HRBodies/Pages/HumanRightsBodies.aspx.
E.g. www.icc-cpi.int/en_menus/icc/situations%20and%20cases/Pages/situations%20and%20cases.aspx

# अनुसूची

**केही बहुपक्षीय तथा क्षेत्रीय लिखतहरूको सूची**

संयुक्त राष्ट्रसंघीय संयन्त्रहरू

- अत्यधिक हानिकारक हुनसक्ने वा वृहत असर गर्नसक्ने निश्चित परम्परागत हतियारहरूको प्रयोगमा निषेध वा प्रतिबन्धसम्बन्धी महासन्धि (CCW) ।
- सबै प्रकारका साना तथा हलुका हतियारको अवैध व्यापारलाई रोकथाम, न्यूनीकरण र उन्मूलनका लागि संयुक्त राष्ट्र संघको कार्ययोजना (PoA)
- अन्तर्राष्ट्रिय संगठित अपराध विरुद्धको महासन्धि (TOC) - बन्दुक, त्यसका पार्टपुर्जा तथा सामान र गोलीगठ्ठाको अवैध निर्माण र ओसारपसार/तस्करी विरुद्धको प्रोटोकल (बन्दुकसम्बन्धी प्रोटोकल)

अन्तर्राष्ट्रिय सम्झौताहरू

- ब्याक्टेरियायुक्त (जैविक) र विषाक्त हतियारको विकास, उत्पादन र भण्डारणमा प्रतिबन्ध तथा तिनीहरूलाई नष्ट गर्नेसम्बन्धी महासन्धि (BWC)
- रसायनिक हतियारको विकास, उत्पादन र भण्डारणमा प्रतिबन्ध तथा तिनीहरूलाई नष्ट गर्नेसम्बन्धी महासन्धि (CWC)
- सैन्य प्रकृति बाहिरका बारुदी सुरुङको प्रयोग, भण्डारण, उत्पादन तथा हस्तान्तरणमा प्रतिबन्धसम्बन्धी महासन्धि (ओटावा सन्धि)
- क्लस्टर गोलीगठ्ठासम्बन्धी महासन्धि (CCM)
- ब्यालिस्टिक मिसाइलहरूको प्रसार विरुद्धको हेग आचार संहिता (HCOC)
- ब्यालिस्टिक मिलाइलहरूको प्रसार विरुद्धको अन्तर्राष्टि आचार संहिता (ICOC)
- मिसाइल प्रविधि नियन्त्रण क्षेत्र (MTCR)
- आणविक हतियारको अप्रसार सन्धि (NPT)
- परम्परागत हतियार तथा दोहोरो प्रयोगका सामान तथा प्रविधिको निर्यात नियन्त्रणसम्बन्धी वासेनार व्यवस्था

क्षेत्रीय सम्झौताहरू

- सबै प्रकारका साना हतियारहरूको अवैध तस्करी/ओसारपसारको रोकथाम, न्यूनीकरण तथा उन्मूलनसम्बन्धी एन्डियन योजना
- साना तथा हलुका हतियार, तिनका गोलीगठ्डा, तिनको निर्माण, मर्मत वा जोडजाम गर्न प्रयोग हुनसक्ने पार्टपुर्जा तथा सामानहरू नियन्त्रणसम्बन्धी मध्य अफ्रिकी महासन्धि (किन्शासा महासन्धि)
- साना तथा हलुका हतियार, तिनको गोलीगठ्ठा र अन्य सामग्रीसम्बन्धी पश्चिम अफ्रिकी राज्यहरूको आर्थिक समुदाय (ECOWAS) बीचको महासन्धि
- हतियारको लेनदेन नियन्त्रण सम्बन्धी युरोपेली संघको साझा स्थिति २००३/४६८/सीएफएसपी
- सैन्य प्रविधि तथा उपकरण निर्यात नियन्त्रणसम्बन्धी साझा नियमहरूको परिभाषामा यूरोपीय संघको साझा स्थिति २००८/९४४/सीएफएसपी
- बन्दुक, गोलीगठ्ठा, विस्फोटक पदार्थ र अन्य सम्बन्धित सामग्रीको अवैध निर्माण र तस्करी/ओसारपसार विरुद्धको अन्तर-अमेरिकी महासन्धि (सिफ्टा महासन्धि)
- ग्रेट लेक क्षेत्र र अफ्रिकाको हर्न र सीमा राज्यहरूमा साना र हलुका हतियारहरूको रोकथाम, नियन्त्रण तथा न्यूनीकरण सम्बन्धी नैरोबी प्रोटोकल
- युरोपेली सुरक्षा तथा सहयोग संगठन (OSCE)को साना हतियार र हल्का हतियारसम्बन्धी दस्तावेज
- बन्दुक, गोलीगठ्ठा र यसका अन्य सामग्रीहरूको नियन्त्रण सम्बन्धी दक्षिण अफ्रिकी विकास समुदाय (SADC)को प्रोटोकल



## हतियार व्यापार सन्धि कार्यान्वयन सन्दर्भ सामग्री

# मोड्युल ६
# निर्यात

यो पुस्तिका **www.un.org/disarmament/ATT** मा उपलब्ध रहेको छ ।

## १ परिचय

हतियार व्यापार सन्धिमा सामेल हुने कुनै पनि देश सन्धि कार्यान्वयन गर्न प्रभावकारी उपायहरू अवलम्बन गर्न प्रतिबद्ध हुनु पर्छ ।

प्रत्येक राज्यले हतियार व्यापार सन्धि अन्तर्गत आफ्ना दायित्वहरू पूरा गर्न आवश्यक पर्ने उपायहरू निर्धारण गर्नेछ । यी उपायहरू देश अनुसार फरक हुन सक्छन् ।

*परम्परागत हतियार, गोलाबारुद, पार्टपुर्जा र सामग्रीहरूको निर्यात*सम्बन्धी यो छैठौं मोड्युलले राज्यहरूलाई राष्ट्रिय निर्यात नियन्त्रण प्रणाली स्थापना र कायम गर्दा विचार गर्नुपर्ने व्यावहारिक जानकारी प्रदान गर्दछ । विशेष गरी, यो मोड्युलले निर्यात मूल्याङ्कन कसरी सञ्चालन गर्ने भनेर छलफल गर्नेछ ।

## २. राष्ट्रिय निर्यात नियन्त्रण प्रणाली

राष्ट्रिय निर्यात नियन्त्रण प्रणालीमा संस्थागत व्यवस्था र संयन्त्र, कानून, नियम, नीति, विधि र प्रक्रियाहरू समावेश हुन्छन् र यसको माध्यमबाट सरकारले निश्चित उत्पादन, प्रविधि र सेवाहरूको निर्यातमा नियन्त्रण गर्छ । सामान्यतः राष्ट्रिय नियन्त्रण प्रणालीले सम्बन्धित राज्यको अधिकार क्षेत्र अन्तर्गतको भूमिबाट ती वस्तु, प्रविधि वा सेवाहरूको निर्यातलाई नियमन, मूल्याङ्कन र अनुगमन गर्ने तथा अख्तियारी प्रदान गर्ने र/वा अस्वीकार गर्ने गर्दछ ।

➢ व्यापार सन्धिअन्तर्गत, राज्य पक्षहरूले सन्धिका प्रावधान कार्यान्वयनका लागि राष्ट्रिय नियन्त्रण प्रणाली स्थापना र कायम गर्नेछन् ।[1]

➢ पक्ष राष्ट्रहरूले आफ्नो राष्ट्रिय नियन्त्रण प्रणालीद्वारा गरिएको निर्यात मूल्याङ्कन अनुसार परम्परागत हतियार, गोलाबारुद, पार्टपुर्जा र सामग्रीहरूको निर्यातलाई अख्तियारी प्रदान वा निषेध गर्ने छन् ।[2]

➢ पक्ष राष्ट्रहरूले राष्ट्रिय निर्यात नियन्त्रण प्रणाली मार्फत प्रभावकारी रूपमाः

- सन्धिअन्तर्गत आफ्नो दायित्वहरूको पालना गर्नेछन् ;
- अख्तियारी प्रदान गर्ने पक्षराष्ट्रको क्षेत्राधिकार अन्तर्गतको इलाकाबाट अर्को देशमा वस्तुहरू निर्यात हुने अवस्थाको नियन्त्रण गर्ने छन् (यदि आयात गर्ने देश सन्धिको पक्ष राष्ट्र भएता पनि);
- निश्चित अवस्था र परिस्थितिहरूमा वस्तुहरूको निर्यात रोक्न सक्नेछन्;
- निर्यात गरिएका वस्तुहरू अनाधिकृत प्रयोगकर्ताहरूका हातमा जाने जोखिम कम गर्न सक्नेछन्;
- आफ्नो अधिकार क्षेत्र अन्तर्गतको भूमिबाट हुने हतियार स्थानान्तरणको निगरानी गर्नेछन् ।
-

1 Article 5 (2).
2 Article 7.

## *१. सन्धि अन्तर्गत राष्ट्रिय निर्यात नियन्त्रण प्रणालीका तत्वहरू*

### *१.१. राष्ट्रिय कानून र राष्ट्रिय नियन्त्रण सूची*

राष्ट्रिय कानूनले देहायका विषय स्पष्ट रूपमा उल्लेख गर्नुपर्छ :

क. कुन वस्तुहरू निर्यात नियन्त्रण अन्तर्गत पर्दछन् (राष्ट्रिय नियन्त्रण सूची);

ख. वस्तुहरूको निर्यात नियमन र नियन्त्रण गर्न कुन सरकारी मन्त्रालय, विभाग र निकाय जिम्मेवार छन् (राष्ट्रिय निकायहरू);

ग. निर्यातका लागि अख्तियारी प्रदान प्रदान गर्ने वा अस्वीकार गर्ने प्रक्रियाहरू (नियामक प्रक्रियाहरू);

घ. निर्यात अपराधका अवस्थामा लागू गरिने कानुनी र/वा प्रशासनिक कार्यहरू, (जस्तै कानून कार्यान्वयनका उपाय, संयन्त्र, अभियोजन र सजाय) ।

➢ राज्य पक्षहरूले राष्ट्रिय नियन्त्रण सूची कायम राख्न र स्थापना गर्न आवश्यक छ ।[3] कम्तिमा, राष्ट्रिय नियन्त्रण सूचीले धारा २(१) मा सूचीबद्ध आठ प्रकारका हतियारहरूको राष्ट्रिय परिभाषा समावेश गर्नुपर्छ । सूचीमा गोलाबारुद[4] साथै निर्यात नियन्त्रणको अधीनमा रहेका पार्टपुर्जा र सामग्रीहरू पनि समावेश हुन सक्छन् ।[5]

➢यसका अतिरिक्त पक्षराष्ट्रहरूले ढुवानी हेलिकप्टर, ट्याङ्कर विमान, ट्रक, आक्रमण डुङ्गा, इलेक्ट्रोनिक्स र अप्टिकल उपकरण, रडार र अन्य धेरै यस्ता यातायातका साधन र उपकरणहरू नियन्त्रण गर्न सक्नेछन् ।

➢ राष्ट्रिय नियन्त्रण सूची, निर्यात नियन्त्रणको अधीनमा रहेका सबै वस्तुहरू समावेश भएको एकल वा निर्यात नियन्त्रणको अधीनमा रहेका विभिन्न प्रकारका वस्तुहरू समावेश सूचीहरूको संयुक्त सूची हुन सक्छ ।

➢ निर्यात नियन्त्रणको अधीनमा हुने प्राविधिक विकास र उदीयमान प्रविधिहरूलाई समेट्नका लागि सुनिश्चितता गर्न राष्ट्रिय नियन्त्रण सूचीलाई नियमित रूपमा अद्यावधिक गरिनुपर्छ ।

➢ राज्य पक्षहरूले आफ्नो राष्ट्रिय नियन्त्रण सूचीहरू ATT सचिवालयलाई उपलब्ध गराउनेछन् र सचिवालयले ती सूची अन्य राज्य पक्षहरूलाई उपलब्ध गराउनेछ ।[6]

➢राज्य पक्षहरूलाई उनीहरूको नियन्त्रण सूची सार्वजनिक रूपमा उपलब्ध गराउन प्रोत्साहित गरिन्छ। विशेष गरी हतियार वा गोलाबारुदको निर्माण, निकासी वा आयात वा हतियारको व्यापारमा संलग्न अधिकारप्राप्त दलाल लगायतको सूची(हरू)मा पहुँच हुनुपर्छ ।

➢ सिद्धान्ततः अनिवार्य निर्यात अक्तियारी का अधीनमा नभएका वस्तुहरूमा राज्य पक्षहरूले "क्याच-अल" प्रावधान[7] लागू गर्न सक्छन् ।

3 Article 5 (2).
4 Article 3.
5 Article 4.
6 Article 5 (4).
7 Many peripheral items that are not listed on the national control lists may still enhance the weapons' effectiveness, or contribute to weapons development/enhancement/production programmes. It may be difficult or impractical to attempt to include all those items in the list. Instead, a "catch-all" provision requires government's authorization to export unlisted items when there is a reason to believe that the item may be intended for undesirable end use and/or end-user.

### १.२. *राष्ट्रिय अधिकारीहरू*

➢ ATT अन्तर्गत समेटिएका वस्तुहरूको निर्यातमा प्रभावकारी र पारदर्शी राष्ट्रिय नियन्त्रण र नियमन सुनिश्चित गर्न राज्य पक्षहरूले सक्षम राष्ट्रिय अधिकारीहरू तोक्नुपर्छ ।8

➢ निर्यात नियन्त्रण प्रणाली स्थापना गर्ने आवश्यकता मुख्य रूपमा आयातकर्ता र कहिलेकाहीं मात्र आफ्नो क्षेत्रबाट अर्को राज्यमा वस्तुहरू हस्तान्तरण गर्ने प्रक्रियामा रहेका लगायत सबै राज्य पक्षहरूमा लागू हुन्छ । सामान्यतया, थोरै वा कुनै हतियार निर्यात नगर्ने राज्यहरूलाई विस्तृत प्रणालीको आवश्यकता नहुन सक्छ ।

➢ इजाजतपत्र र अक्तियारी प्रक्रियामा कुन सरकारी निकायलाई संलग्न गर्ने भन्नेबारे निर्णय गर्ने राष्ट्रिय विशेषाधिकार हो । कुन-कुन संस्थाहरू संलग्न हुन आवश्यक छ भन्ने बारे विचारमा व्यापारको मात्रा, घरेलु प्रतिरक्षा उद्योगको अस्तित्व, र वस्तुहरूको रणनीतिक महत्व समावेश छ ।

➢ केही देशहरूमा, सरकारका निश्चित मन्त्रालयहरू, जस्तै परराष्ट्र मन्त्रालय, ले राजनीतिक मूल्याङ्कन गर्दछ र/वा प्रशासनिक स्तरमा राष्ट्रिय निर्यात नियन्त्रण अधिकारीहरूले गरेको मूल्याङ्कनहरूमा विचार गर्न निर्देशन दिन्छ ।

तोकिएका राष्ट्रिय अधिकारीहरूले मानवअधिकार लगायत प्रस्तावित निर्यातका रणनीतिक, सैन्य र विदेश नीतिको प्रभावमाथि विचार गर्नु पर्छ । यस अतिरिक्त उच्च सरकारी स्तरबाट आउने निर्देशन वा दिशानिर्देशहरूद्वारा यस्ता विचार निर्देशित हुनुपर्छ ।

➢ तोकिएको राष्ट्रिय अधिकारीहरूले नियामक व्यवस्था संचालन गर्नुपर्छ र निर्यात अक्तियारी प्रक्रिया मार्फत नियन्त्रणहरू लागू गर्नुपर्छ ।

➢ केही देशहरूमा, राष्ट्रिय अक्तियारी एक निरीक्षण संयन्त्रको अधीनमा छ (जस्तै विधायी निकायद्वारा)।

➢ अख्तियारी प्रदान गर्ने निकायले गर्ने कार्य अन्तर्गत देहायबमोजिमका कार्य समावेश हुन सक्छन:

एटीटीको धारा ६ लगायत, देशको कानून र अन्तराष्ट्रिय कानून अनुरुपका दायित्वहरु बमोजिम मेल खाएको हुनुपर्छ ।

क. अन्तर्राष्ट्रिय हतियार व्यापारमा संलग्न हुन अनुमति/ईजाजतपत्र प्रदान गर्ने;
ख. निर्यात आवेदनहरू प्राप्त र समीक्षा गर्ने;
ग. सन्धिको धारा ६ सहित अन्तर्राष्ट्रिय कानून अन्तर्गत राष्ट्रिय कानून र देशको दायित्वहरूको अनुपालन सुनिश्चित गर्ने;

घ. सन्धिको धारा ७ अन्तर्गत आवश्यक निर्यात मूल्याङ्कन सञ्चालन गर्ने;

ङ. निर्यात अख्तियारी जारी गर्ने वा अस्वीकार गर्ने र पछिको अवस्थामा, अन्तर-निकाय सहयोग मार्फत पूर्ण अनुपालन सुनिश्चित गर्ने;

च. परम्परागत हतियार र वस्तु निर्यातका लागि सबै कागजातहरू र स्वीकृतिहरू विस्तृत र अख्तियारी अघि जारी गरिएको छ भनेर सुनिश्चित गर्ने;

छ. निर्यात इजाजतपत्र/अधिकारको अभिलेख राख्ने;

ज. आयात गर्ने राज्यलाई र अनुरोध भएमा निर्यात वस्तु पारवहन हुने (पारवहन वा अन्तरदेशीय ढ’वानी) राज्यहरूलाई, यदि लागू भएमा र यसको राष्ट्रिय कानून, नीति र अभ्यासहरूको अधीनमा, अक्तियारी को बारेमा उपयुक्त जानकारी उपलब्ध गराउने;

झ. निर्यात अख्तियारी प्रक्रियामा संलग्न अन्य मन्त्रालय र विभागहरूसँग समन्वय गर्ने;
ञ. लागू हुने अवस्था र राष्ट्रिय कानून अनुसार पर्यवेक्षण निकायलाई रिपोर्ट गर्ने;

8 Article 5 (5).

ट. उद्योगलाई सान्दर्भिक कानून र प्रक्रियाहरूसँग परिचित गराउन सूचना उपलब्ध गराउनेलगायत सचेतना-बढाउने कार्यक्रमहरू सञ्चालन गर्ने र उद्योगसम्म पुऱ्याउने;

ठ. निर्यात गर्ने कम्पनीहरूको आन्तरिक अनुपालन प्रणाली/कार्यक्रमहरूको मूल्याङ्कन गर्ने।

## *१.३. परम्परागत हतियार निर्यातको लागि नियामक प्रक्रियाहरू*

### *१.३.१. अनुक्रमण प्रक्रियाहरू*

- राष्ट्रिय नियन्त्रण सूचीमा समावेश भएका कुनै पनि परम्परागत हतियार वा सम्बन्धित वस्तुहरू निकासी गर्दा अपनाउनु पर्ने क्रमबद्ध प्रक्रियाहरू राष्ट्रिय निकासी नियन्त्रण प्रणालीले संकेत गर्नुपर्छ।

- सामान्यतया, अनुक्रम प्रक्रियामा देहायका कुरा पर्दछन्:

**पूर्व-आवश्यकता** - अन्तर्राष्ट्रिय हतियार व्यापारमा संलग्न हुनका लागि निर्यातकर्ता र हस्तान्तरणमा संलग्न अन्य पात्रहरूको लागि सरकारबाट अनुमति (यस्तो अनुमति आवश्यक पर्ने राज्यहरूमा)।

**चरण १ -**आयात अक्तियारी र यदि लागू वा सम्भव भएमा अन्तिम प्रयोग/प्रयोगकर्ता कागजात तथा अन्य सान्दर्भिक कागजातहरू निर्यातकर्ताले आयातकर्ताबाट प्राप्त गर्दछ। निर्यातकर्ता राज्यले सान्दर्भिक कागजातहरूको प्रामाणिकता प्रमाणित गर्दछ। स्थानान्तरणमा यदि कुनै दलाल संलग्न छ भने, लेनदेन अक्तियारी प्राप्त गर्दछ।

**चरण २ -** निर्यातकर्ताले निर्यात अख्तियारीको लागि आवेदन दिन्छ।

**चरण ३ -**राष्ट्रिय निकासी नियन्त्रण अक्तियारी हरूद्वारा निर्यात मूल्याङ्कन गरिन्छ।

**चरण ४-** राष्ट्रिय अख्तियारी निकायद्वारा निर्यात अक्तियारी प्रदान/अस्वीकार गरिने छ।

**चरण ४ दष्क -** यदि निर्यात गर्ने पक्ष राष्ट्र नयाँ सान्दर्भिक जानकारीको बारेमा सचेत भएको अवस्थामा उपयुक्त भएमा आयातकर्ता राज्यसँग परामर्श पछि निर्यात अख्तियारीका बारेमा पुनः मूल्याङ्कन गरिन्छ।

**चरण ५ -**निकासीका क्रममा हतियार पारवहन अख्तियारी यस्तो पारवहन हुने राज्यबाट प्राप्त गरिन्छ।

## चित्र १ - अनुक्रम प्रक्रिया




**सञ्चालन इजाजतपत्र** (राष्ट्रिय कानूनद्वारा आवश्यक भएमा मात्र)

- राज्य पक्षहरूले, तिनीहरूको राष्ट्रिय कानून अनुसार, एक निर्यात इजाजतपत्र प्रणाली स्थापना गर्न सक्छन्, जसमा वैध सञ्चालन इजाजतपत्र धारकहरूले मात्र निर्यात अक्तियारी को लागि आवेदन दिन सक्छन्।

- त्यस्ता अवस्थामा, निर्यात प्राधिकारको लागि आवेदन दिनको लागि सञ्चालन इजाजतपत्र एक पूर्व शर्त हो । सामान्यतया, प्रत्येक अलग लेनदेनको लागि अख्तियारी आवश्यक हुनेछ।

**सञ्चालन इजाजतपत्रको लागि आवेदन** (राष्ट्रिय कानुनद्वारा सञ्चालन इजाजतपत्र आवश्यक भएमा मात्र)

- सञ्चालन इजाजतपत्रका लागि आवेदकहरूले राष्ट्रिय नियमहरूले तोकेको मापदण्डहरू पूरा गर्न आवश्यक छ।

- सञ्चालन इजाजतपत्रको लागि आवेदन अस्वीकार गरिनुपर्छ, यदि:

क. आवेदकले राष्ट्रिय नियमहरू द्वारा स्थापित इजाजतपत्र मापदण्डहरू पूरा गर्न असफल भएमा ।

ख. विगतमा हतियारको अवैध व्यापारमा निवेदकको संलग्नता रहेको प्रमाण भएमा ।

ग. आवेदनको समर्थनमा पेश गरिएको जानकारी वा विवरण झुटा, गलत वा अपूर्ण भएमा ।

घ. आवेदकलाई अर्को राज्यमा सञ्चालन इजाजतपत्र जुन आधारमा दिन अस्वीकार गरिएको छ, सो आधार आवेदनमाथि विचार गरिरहेको राज्यमा पनि लागू हुने भएमा ।

ङ. आवेदक आपराधिक कार्यमा संलग्न भएको अभिलेख छ ।

**सञ्चालन इजाजतपत्रको म्याद समाप्ति** (राष्ट्रिय कानूनद्वारा सञ्चालन इजाजतपत्र आवश्यक भएमा मात्र)

➢ जहाँ निर्यात इजाजतपत्र जारी गरिन्छ, इजाजतपत्रको वैधता सीमित समयका लागि मात्र हुनुपर्छ। यी कागजातहरूमा म्याद समाप्त हुने  मिति उल्लेख भएको हुनुपर्छ जुन मिति पछि ती मान्य हुँदैनन् ।

सञ्चालन अनुमतिपत्रहरूमा म्याद सकिने मिति स्पष्ट रूपमा जनाएको हुनुपर्छ। राष्ट्रिय अक्तियारी ले निर्यात नियन्त्रणमा संलग्न अन्य अधिकारीहरूलाई, विशेष गरी भन्सार अधिकारीहरूलाई, म्याद सकिने मितिको जानकारी प्रदान गर्न सक्छ।

**आवश्यक कागजातहरू प्राप्त र प्रमाणीकरण गर्ने**

➢ निर्यात प्राधिकारका लागि आवेदन गर्दा, निर्यातकर्ताले आफ्नो आवेदनको साथमा सान्दर्भिक कागजातहरू पेश गर्न आवश्यक छ। निकासी गर्ने पक्ष राष्ट्रको प्राधिकारप्राप्त राष्ट्रिय निकायले पेस गरिएका कागजातहरूको वैधता र त्यसमा समावेश जानकारीको सत्यता र शुद्धताको परीक्षण र प्रमाणीकरण गर्नुपर्छ। सान्दर्भिक कागजातहरूको उदाहरणहरू यस प्रकार छन्:

क. आयात प्राधिकार/अख्तियारी;
ख. अन्तिम-प्रयोग/प्रयोगकर्ता अभिलेख;
ग. लेनदेनका लागि दिएको अख्तियारनामा पत्र ।

**चरण १ - आयात अनुमोदन**

➢ यदि लागू हुने भएमा, निर्यातकर्ताले निर्यात प्राधिकारका लागि आवेदन गर्नु अघि आयातकर्ता राज्यबाट आयात अक्तियारी  प्राप्त गर्न सक्छ। यद्यपि, सबै देशहरूले आयात अख्तियारी जारी गर्दैनन्।

**अन्तिम-उपयोग/प्रयोगकर्ता कागजातहरू**

➢ राष्ट्रिय निकासी नियन्त्रण अधिकारीहरूले अन्तिम-उपयोग/प्रयोगकर्ता कागजात पेश गर्न लगाउन सक्छन्।

➢ देशको आधारमा अन्तिम-प्रयोग/प्रयोगकर्ता कागजातहरू फरक फरक नामका हुन सक्छन् वा अन्तिम-प्रयोगकर्ता सरकारी निकाय वा निजी संस्था के हो, त्यसको आधारमा (जस्तै, अन्तिम-प्रयोगकर्ता प्रमाणपत्र, अन्तिम-प्रयोग विवरणहरू)।

➢ अन्तिम-प्रयोग/प्रयोगकर्ता प्रमाणीकरण प्रक्रियालाई अन्तिम-प्रयोगकर्ता प्रमाणपत्र, अन्तिम-प्रयोग/प्रयोगकर्ता वक्तब्य वा प्रत्याभूति वा अन्य कागजातहरू पेश गर्न आवश्यक हुन सक्छ जसले अन्तिम-प्रयोग/प्रयोगकर्ताको बारेमा सान्दर्भिक जानकारी प्रदान गर्दछ।

➢ निर्यातकर्ता राज्यले आयातकर्ता र अन्तिम प्रयोगकर्ता तथा आयातकर्ता आफैंले उपलब्ध गराएको कागजातहरूको सत्यता वा विश्वसनीयता पुष्टि गर्ने थप जानकारी प्राप्त गर्न अन्य स्रोतहरूको प्रयोग गर्न सक्नेछन् ।

➢ अन्तिम-प्रयोगकर्ता प्रमाणपत्रहरू लगायत अन्तिम-प्रयोग/प्रयोगकर्ता कागजातहरूको लागि कुनै अन्तर्राष्ट्रिय रूपमा सर्वसम्मत मानक ढाँचा छैन।[9] यी कागजातहरूमा प्रायः देहायका कुरा समावेश हुन्छन्:[10]

क. जारी गरेको मिति;

ख. सम्झौता क्रमसंख्या (नम्बर);

ग. निर्यातकर्ताको विवरण (नाम, ठेगाना);

9 Some regional or other organizations, such as the Wassenaar Arrangement on Export Controls for Conventional Arms and Dual-Use Goods and Technologies (WA), the Organization for Security and Co-operation in Europe (OSCE) and the European Union (EU) have produced best practice guidelines that elaborate on the types of information and assurance that should be contained in end-user certificates.
10 Also, exporting States often have specific legal requirements for contents or may provide templates to be utilized or completed by the importers.

घ. अन्तिम प्रयोगकर्ताको विवरण (नाम, ठेगाना);
ङ. हस्तान्तरणमा संलग्न व्यक्तिहरू, दलालहरू वा अन्य पक्षहरूको विवरण, लागू हुने भएमा (नाम, ठेगाना);

च. अन्तिम गन्तव्य देश;

छ. सामानको विवरण;

ज. परिमाण;

झ. मूल्य;

ञ. वस्तुहरूको अन्तिम प्रयोग उल्लेख गरिएको;

ट. पुनः निर्यात निषेधसम्बन्धी दफा;

ठ. अन्तिम प्रयोगकर्ता प्रमाणपत्रमा हस्ताक्षर गर्ने अधिकृत व्यक्तिको पूरा नाम, उक्त व्यक्तिको हस्ताक्षर;

ड. कम्पनी वा सरकारको छाप। यो ध्यान दिनुपर्छ कि इलेक्ट्रोनिक एप्लिकेसनको बढ्दो प्रयोगका कारण वाटरमार्कहरू र इम्बोस्ड स्ट्याम्पहरू वा छापहरू बाहेक प्रमाणीकरणका नयाँ स्वरूपहरूको विकास हुन सक्छ। यद्यपि, इलेक्ट्रोनिक प्रणालीहरू नभएका स्थान वा जहाँ इलेक्ट्रोनिक एप्लिकेसनका अतिरिक्त कागजी प्रतिलिपिहरू आवश्यक पर्दछ, त्यस अवस्थामा त्यस्ता परम्परागत विधिहरूको प्रयोजन विद्यमान रहिरहन्छ। 11

## अन्तिम-प्रयोग/प्रयोगकर्ता कागजातहरूको प्रमाणीकरण

➢ अन्तिम-प्रयोग/प्रयोगकर्ता कागजातहरूको प्रमाणीकरण एक कानुनी औपचारिकता हो, जसद्वारा आयात गर्ने राज्यका अधिकारीहरूले कागजातहरूमा गरेका हस्ताक्षरहरूको प्रामाणिकता, हस्ताक्षरकर्ताहरूको ओहदा र, यदि लागू हुने भएमा, छाप वा टिकटको प्रमाणिकता प्रमाणित गरिन्छ।

➢ अनुरोध भएमा, अन्तिम-प्रयोगकर्ता कागजातहरूको वैधता र विश्वसनीयताको प्रमाणीकरण र निर्धारण गर्ने लगायत अन्तिम-प्रयोग/प्रयोगकर्ता प्रमाणीकरण प्रक्रियाहरूमा निर्यात गर्ने राज्यहरूलाई आयात गर्ने राज्यहरूले सहयोग गर्नुपर्छ,। यो सहायता सम्भव भएमा र उपयुक्त भएमा दूतावास वा वाणिज्य दूतावासका प्रतिनिधिहरू मार्फत उपलब्ध गराउन सकिन्छ। उदाहरणका लागि, अन्तिम प्रयोग/प्रयोगकर्ता कागजातहरूको डेलिभरी कूटनीतिक माध्यमहरू मार्फत गर्न सकिन्छ।

➢ अन्तिम-प्रयोग/प्रयोगकर्ता प्रमाणिकरण प्रक्रियाहरूमा, राष्ट्रिय निकासी नियन्त्रण अधिकारीहरूले सूचनाका विभिन्न स्रोतहरू प्रयोग गर्न सक्छन्, जसमा निर्यातकर्ता राज्यहरूका सम्बन्धित अधिकारीहरूलाई उपलब्ध टेलिफोन र व्यापार निर्देशिकाहरू, इन्टरनेट स्रोतहरू, राष्ट्रिय सम्पर्क बिन्दु र अन्य स्रोतहरू जस्ता खुला स्रोत जानकारीहरू विरुद्ध जाँचहरू समावेश छन्।12

11 Some electronic applications systems still require the submission of an original, hard-copy EUC.
12 For more on end-use and end-user control systems:
www.un.org/disarmament/HomePage/ODAPublications/OccasionalPapers/PDF/OP21.pdf

**चरण २ - निर्यात अनुमोदनको लागि आवेदन**

- आयातकर्ता राज्य वा गैर-राज्य निकाय जे भएपनि परम्परागत हतियार, गोलाबारुद र पार्टपुर्जा र सामग्रीको सबै स्थानान्तरणका लागि निर्यात अक्तियारी लिनु आवश्यक हुनेछ । तसर्थ, निर्यात अक्तियारी देहायका अवस्थामा आवश्यक छ:

  क. राज्यबाट-राज्यसम्म स्थानान्तरण;13

  ख. राज्यबाट निजी स्थानान्तरण;14

  ग. निजी-देखि-राज्य स्थानान्तरण;

  घ. व्यावसायिक बिक्री -निजीबाट-निजी)।

**निर्यात अक्तियारी का लागि आवेदनको विषयवस्तु**

- राष्ट्रिय नियन्त्रण सूचीमा समावेश भएका परम्परागत हतियार र सम्बन्धित वस्तुहरूको निर्यात सम्बन्धी अक्तियारी को लागि आवेदन फारमको ढाँचा र सामग्रीको बारेमा प्रत्येक राज्यले निर्णय गर्दछ। आवेदन फारमले निम्न जानकारीका लागि अनुरोध गर्न सक्छ:

क. अक्तियारी को लागि आवेदकको नाम र सम्पर्क विवरणहरू;

ख. आवेदकको सञ्चालन इजाजतपत्र नम्बर, यदि लागू हुने भएमा;

ग. निर्यातका लागि वस्तुहरूको विस्तृत विवरण (प्रकार, मोडेलको नाम, मोडेल नम्बर, परिमाण, आदि);

घ. स्थानान्तरणको विवरण (मान, स्थानान्तरणको मिति, आदि);

ङ. पारवहन हुने देशहरू/बन्दरगाहहरू र/वा पानीजहाज, यदि लागू हुन्छ र आवेदनको समयमा थाहा भएमा;

च. दलाल, मध्यस्थकर्ता, आयातकर्ता, सामान चलानीकर्ता वा स्थानान्तरणमा संलग्न अन्य पक्षहरूको नाम र सम्पर्क विवरणहरू;

छ. यातायात मार्गको विवरण, प्रत्येक खण्डको लागि प्रयोग गरिने यातायातका साधनहरू, यदि आवेदनको समयमा थाहा भएमा;

ज. आयात गर्ने देश;

झ. निर्यात गरिने वस्तुहरूको अभिष्ट प्रयोग;

ञ. आधिकारिक अन्तिम-प्रयोगकर्ताको नाम र सम्पर्क विवरणहरू।

- एक विधिवत भरिएको आवेदन फारमका साथ अन्य आवश्यक कागजातहरू (आयात अक्तियारी , अन्तिम-प्रयोग/प्रयोगकर्ता अभिलेख, आदि) हुनुपर्छ र सो फारम राष्ट्रिय कानूनद्वारा निर्धारित विधि मुताबिक राष्ट्रिय अक्तियारी  निकायमा पेश गर्नुपर्छ।

13 In this particular context, the term “State” refers to government entities, such as armed forces and law enforcement institutions.
14 In this context, the term “private” refers to any non-State entity, including, but not limited to, private individuals and organizations.

## चरण ३ - निर्यात मूल्याङ्कन गर्ने

➢ निर्यात अक्तियारी र अन्य सबै आवश्यक कागजातहरूको लागि विधिवत भरिएका आवेदनहरू प्राप्त गरेपछि, अक्तियारी अधिकारीहरूले निम्न सिद्धान्तहरूलाई ध्यानमा राखेर आवेदनहरूको मूल्याङ्कन गर्नुपर्छ:

*क. गैर-भेदभाव*

निकासी मूल्याङ्कन गैर-भेदभावपूर्ण तरिकाले गरिनेछ।

*ख. वस्तुनिष्ठता*

प्रत्येक राज्य पक्षले हतियार व्यापार सन्धिलाई वस्तुनिष्ठ रूपमा लागू गर्नेछ। वस्तुनिष्ठता सुनिश्चित गर्न राष्ट्रिय कानून र नीतिहरू बमोजिम स्पष्ट र पूर्व-परिभाषित मापदण्डको आधारमा निर्यात मूल्याङ्कन गरिनुपर्छ।

*ग. पारदर्शिता*

निर्यात अक्तियारी का लागि विधिहरू सान्दर्भिक कानून वा नियमहरूमा स्पष्टरुपमा परिभाषित र अन्यथा कानून वा नियमहरूले तोकेको बाहेक सबै निर्यात अक्तियारी प्रक्रियाहरूमा लागू हुनुपर्दछ । अधिकतम पारदर्शिता सुनिश्चित गर्न, मूल्याङ्कन प्रक्रियाहरूको सामान्य जानकारी सार्वजनिक रूपमा उपलब्ध हुनुपर्छ र विशेष निर्यात मूल्याङ्कनका नतिजाहरू सम्बन्धित पक्षको लागि पहुँचयोग्य हुनुपर्छ ।




**चित्र २ - निर्यात मूल्याङ्कन सञ्चालन प्रकिया[15]**

*कुनैपनि निर्यातकर्ता राज्यले हतियार व्यापार सन्धि अनुसार वस्तु र उद्देश्यमा आधारित निर्यात प्रतिवन्धवारे विचार विमर्श गरोस् भन्नेमा प्रौत्साहन गरिन्छ ।

[15]यो रेखाचित्रले सन्धिका सान्दर्भिक धाराको क्रमलाई प्रतिबिम्बित गर्ने उद्देश्य राख्दछ, त्यसैले यो प्रतिबन्धहरू (धारा ६) को मूल्याङ्कनबाट सुरु हुन्छ, त्यसपछि (अनुच्छेद ७) मा सूचीबद्ध जोखिमहरूको मूल्याङ्कन हुन्छ र त्यसपछि (धारा ११)मा विचलनको जोखिम मूल्याङ्कन गरिएको छ । राष्ट्रिय अधिकारीहरूले यो क्रमलाई व्यवहारमा अनिवार्य रूपमा पालना नगर्न तथा एउटै मूल्याङ्कनमा सबै चरणहरू समेट्न सक्छन्।

**क. प्रारम्भिक मूल्याङ्कन**

➢ देहायका कुरा आवेदनमा संलग्न छन् या छैनन्, निर्धारण गर्न अक्तियारी  निकायले आवेदनहरूको अग्रिम छानबिन गर्नुपर्दछ ।

- आवश्यक सबै कागजात (जस्तै, अन्तिम प्रयोग/प्रयोगकर्ता कागजपत्रहरू, यदि लागु हुने भएमा आयात अख्तियारी) रीतपूर्बक भरेको;
- निर्यातकर्ता/उत्पादक सम्बन्धी योग्यता सर्तहरू पूरा भएको । (उदाहरणका लागि, के निर्यातकर्तासँग सञ्चालन अनुमतिपत्र छ ? के निर्यातकर्ता निर्यात अख्तियारीका लागि आवेदन दिन योग्य छ ? के निर्यातकर्ता/निर्मातालाई पहिले उल्लङ्घन वा अन्य कारणले रोक लगाइएको छैन?)

**ख.स्थानान्तरण निषेध मूल्याङ्कन**[16]

➢ अक्तियारी  निकायले सन्धिको धारा ६ अन्तर्गत प्रस्तावित निर्यात निषेध गरिएको छैन भनेर मूल्याङ्कन गर्नुपर्छ ।

➢ त्यसको लागि, अक्तियारी  अधिकारीहरूले देहायका कुरा मूल्याङ्कन गर्नेछन् :

- प्रस्तावित निर्यातले संयुक्त राष्ट्र संघ बडापत्रको अध्याय ७ अन्तर्गत सुरक्षा परिषदले अपनाएका उपाय अन्तर्गत राज्यको दायित्वहरू उल्लङ्घन गर्छ वा गर्दैन, विशेष गरी हतियार प्रतिबन्धहरू;
- प्रस्तावित निर्यातले राज्य पक्ष रहेको अन्तर्राष्ट्रिय सम्झौताहरू अन्तर्गत सान्दर्भिक अन्तर्राष्ट्रिय दायित्वहरू उल्लङ्घन गर्छ वा गर्दैन, विशेष गरी परम्परागत हतियारहरूको हस्तान्तरण वा अवैध तस्करीसँग सम्बन्धित;
- निकासी गरिने हतियार वा वस्तुहरू राज्य पक्ष भएको अन्तर्राष्ट्रिय सम्झौताहरूद्वारा परिभाषित अपराधहरू, जस्तै नरसंहार, मानवता विरुद्धको अपराध, १९४९ को जेनेभा महासन्धिको गम्भीर उल्लङ्घन, नागरिक वस्तु वा त्यसरी संरक्षित नागरिकहरू विरुद्ध निर्देशित आक्रमण वा अन्य युद्धमा प्रयोग हुने कुरा राज्यलाई जानकारी भए वा नभएको ।

➢ यदि निर्यातले माथि उल्लिखित कुनैपनि उल्लङ्घनहरू निम्त्याउँछ भन्ने भएमा, निर्यातकर्ता राज्यले निर्यात अख्तियारी प्रदान गर्न अस्वीकार गर्नेछ।

➢राज्यहरूले परम्परागत हतियार, गोलाबारुद, पार्टपुर्जा र सामग्रीको निर्यात अक्तियारी लाई निषेध गर्न आफ्नो राष्ट्रिय कानूनमा थप मापदण्डहरू पनि स्थापना गर्न सक्छन्।

➢ मूल्याङ्कन गर्दा, अक्तियारी  निकायले अन्य सम्बन्धित सरकारी निकायहरूका साथै खुला स्रोतहरू लगायत अन्य स्रोतहरूबाट जानकारी र सल्लाहसुझाव लिनुपर्छ।

**ग. जोखिम मूल्याङ्कन**

➢ यदि निर्यातले सन्धिको धारा ६ मा उल्लिखित प्रतिबन्धहरू उल्लङ्घन गर्दैन भन्ने यकिन भएमा, निर्यातकर्ता राष्ट्र पक्षले निर्यातले सन्धिको धारा ७ अन्तर्गत सूचीबद्ध कुनै जोखिमहरू छन् कि छैनन् भनेर मूल्याङ्कन गर्नेछ।

त्यसको लागि, निर्यातकर्ता राज्यले देहायका कुरा मूल्याङ्कन गर्नेछः

16 For a detailed analysis on Article 6 (Prohibitions) of the ATT, see module 5.

➢ परम्परागत हतियार वा सामग्रीहरूले शान्ति र सुरक्षामा योगदान पुर्‍याउने वा कमजोर पार्ने सम्भावना।17 धारा ७ (१)(क) मा प्रयुक्त पदावली "इच्छा" ले धारा ७ (१) (ख) मा प्रयुक्त शब्द "सक्छ" को तुलनामा निश्चितताको उच्च सीमा वा हद तोकेको छ।

> यो मूल्याङ्कन गर्दा, राष्ट्रिय अधिकारीहरूले धारा २(१), ३ र ४ मा समेटिएका सामग्रीहरूको निर्यातबाट निस्कने सकारात्मक र नकारात्मक प्रभावको पहिचान र म"ल्याङ्कनगर्नुपर्छ। यदि ती अधिकारीहरूले निर्यातले शान्ति र सुरक्षामा योगदान पुर्‍याउने सम्भावना छ भनी निर्धारण गरेमा (एक सकारात्मक प्रभाव), तिनीहरूले यो विषयलाई निर्यात अख्तियारीको पक्षमा बल पुर्‍याउने कारणहरूको सूचीमा थप्नुपर्छ।
>
> यदि राष्ट्रिय अधिकारीहरूले निर्यातले शान्ति र सुरक्षालाई कमजोर पार्ने सम्भावना छ भनी (नकारात्मक नतिजा) निर्क्योल गरेमा यसलाई जोखिमका कारकहरूको सूचीमा थप्नुपर्छ र यसले जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन वा निर्यातलाई अस्वीकार गर्नुपर्ने आवश्यकतालाई औंल्याउँछ ।

➢ अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लङ्घन गर्न वा सहजीकरण गर्न परम्परागत हतियार वा वस्तुहरू प्रयोग हुन सक्ने जोखिम ।18

> **अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लङ्घन के हो ?**19
>
> **अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघन एक युद्ध अपराध हो ।** यस्तो उल्लङ्घन अन्तर्राष्ट्रिय वा गैर-अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वहरूमा हुन सक्छ ।
>
> यदि यस्तो उल्लङ्घनले संरक्षित व्यक्तिहरू (जस्तै नागरिकहरू, युद्धबन्दीहरू, घाइते र बिरामीहरू) वा वस्तुहरू (जस्तै नागरिक वस्तुहरू वा पूर्वाधारहरू) लाई जोखिममा पार्छ वा यदि यसले महत्त्वपूर्ण मूल्यमान्यताहरूको उल्लङ्घन गर्छ भन, त्यो उल्लङ्घन गम्भीर उल्लङ्घनमा पर्छ ।
>
> अधिकांश युद्ध अपराधभित्र मृत्यु, चोटपटक, विनाश वा सम्पत्तिको गैरकानूनी कब्जा पर्दछन्। शारीरिक रूपमा व्यक्ति वा वस्तुहरूलाई प्रत्यक्ष रूपमा जोखिममा नपार्ने भए पनि यदि कुनै क्रियाकलापले महत्त्वपूर्ण सार्वभौमिक मान्यताहरू उल्लङ्घन गरेमा त्यस्ता क्रियाकलाप युद्ध अपराध अन्तर्गत पर्दछन् । यसका उदाहरणमा शवप्रति दुर्व्यवहार वा अपमान गर्ने र सशस्त्र बलमा १५ वर्ष मुनिका बालबालिकाहरू भर्ती गर्नेजस्ता क्रियाकलाप पर्दछन्।
>
> अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लङ्घनहरू यसप्रकार छन्:
>
> - **सन् १९४९ को जेनेभा महासन्धि अन्तर्गत निर्दिष्ट गरिए अनुसार चारप्रकारका गम्भीर उल्लङ्घनहरू;**20
> - **सन् १९७७ को अतिरिक्त अभिलेख (प्रोटोकल) १ अन्तर्गत निर्दिष्ट गरिए अनुसार गम्भीर उल्लङ्घनहरू;**21
> - **अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको धारा ८ अन्तर्गत निर्दिष्ट गरिएको युद्ध अपराध;**
> - **परम्परागत अन्तर्राष्ट्रिय मानवीय कानून अन्तर्गत पर्ने अन्तर्राष्ट्रिय र गैर-अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वहरूमा हुने अन्य युद्ध अपराधहरू।**

17 Article 7 (1) (a).
18 Article 7 (1) (b) (i).
19 International Committee of the Red Cross (ICRC), Explanatory Note What are "serious violations of international humanitarian law"?, available at www.icrc.org/eng/assets/files/2012/att-what-are-serious-violations-of-ihl-icrc.pdf.
20 Articles 50, 51, 130, 147 of Conventions I, II, III and IV respectively.
21 Articles 11 and 85.

**समाबेश गरिएका वस्तुहरूको निर्यात अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लङ्घनमा प्रयोग हुन सक्ने जोखिमको मूल्याङ्कन गर्न सुझाव गरिएका सूचकहरू** [22,23]

- आयातकर्ता वा अन्तिम प्रयोगकर्ताले अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लङ्घन गरेको छ वा छैन;

- आयातकर्ता वा अन्तिम प्रयोगकर्ताले अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लङ्घनलाई सहयोग गरेको वा प्रोत्साहन गरेको छ वा छैन;

- आयातकारी राज्यले[24] अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लङ्घनलाई रोक्न वा जिम्मेवार व्यक्तिलाई सजाय दिनेलगायतका सबै सम्भाव्य उपायहरू अपनाएको छ वा छैन;

- आयातकर्ता राज्यले अन्तर्राष्ट्रिय मानवीय कानूनका नियमहरू लागू गर्ने औपचारिक प्रतिबद्धता गरेको र तिनको कार्यान्वयनका लागि उपयुक्त उपायहरू गरेको छ वा छैन;

- आयातकर्ता राज्यले अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लङ्घनको दमनका लागि आवश्यक कानुनी, न्यायिक र प्रशासनिक उपायहरू गरेको छ वा छैन;

- आयातकर्ता राज्यले विशेष गरी सशस्त्र बल र अन्य हतियार वाहकहरूलाई समावेश गर्न अन्तर्राष्ट्रिय मानवीय कानून विस्तार गरेको छ वा छैन, र अन्तर्राष्ट्रिय मानवीय कानूनलाई आफ्नो सैन्य सिद्धान्त, पुस्तिका र निर्देशनहरूमा एकीकृत गरेको छ;
- आयातकर्ता राज्यले बालबालिकालाई सशस्त्र बल वा सशस्त्र समूहमा भर्ना गर्न र द्वन्द्वमा सहभागी हुन नदिने कदम चालेको छ वा छैन;
- आयातकर्ता राज्यले अन्तर्राष्ट्रिय मानवीय कानूनको सम्मान सुनिश्चित गर्न क्षमता र इच्छाशक्ति सहितका जवाफदेही अक्तियारी  संरचनाहरू स्थापना गरेको छ वा छैन;
- अनुरोध गरिएको हतियार र सैन्य उपकरणहरू अन्तिम-प्रयोग र/वा उल्लेख गरिएको अन्तिम-उपयोगकर्ताको परिचालन आवश्यकताहरू र क्षमताहरूसँग मिल्दोजुल्दो छ वा छैन;
- आयातकर्ता राज्यले आफ्ना हातहतियार र सैन्य उपकरण र तिनको थप स्थानान्तरणमा कडा र प्रभावकारी नियन्त्रण राख्छ वा राख्दैन।

➢ अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको गम्भीर उल्लङ्घन गर्न वा सहजीकरण गर्न परम्परागत हतियार वा वस्तुहरू प्रयोग हुन सक्ने जोखिम[25]

**अन्तर्राष्ट्रिय मानवअधिकार कानूनको गम्भीर उल्लंघन के हो?**

**सबै मानव अधिकार उल्लङ्घनहरू अस्वीकार्य भएता पनि सन्धिले अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको "गम्भीर" उल्लङ्घनलाई मात्र सम्बोधन गर्छ।** धारा ७ (१) (ख) (२) मा अपनाईएको मापदण्डले अन्तर्राष्ट्रिय समुदायले ठूलो चासोको रूपमा लिएको उल्लङ्घनको अवस्थामा मात्र समावेश गरिएका वस्तुहरूको स्थानान्तरण अधिकार दिनबाट निर्यातकर्ता राज्यलाई रोक्नु पर्छ भन्ने संकेत गर्दछ। यो मापदण्डले हतियार हस्तान्तरणले मानव अधिकारमा पार्ने प्रभावमाथि जोड दिन्छ।

22 International Committee of the Red Cross (ICRC), Arms transfer decisions: Applying international humanitarian law criteria – A practical guide (2007), in particular pages 5-15. Available at www.icrc.org/eng/resources/documents/publication/p0916.htm
23 The proposed indicators listed herein are to be understood as a non-exhaustive list of suggestions. Except for the indicators that correspond to the criteria or factors stipulated in the ATT, particularly in Articles 6 and 7, it is up to each State Party to decide which indicators would be most appropriate for use in its export assessments.
24 Transfers to non-State entities that are not under the control or jurisdiction of a State must also be subject to the prohibitions and risk assessments provided in Articles 6 and 7 of the ATT.
25 Article 7 (1) (b) (ii).

यो मापदण्डले **मानव अधिकार कानूनमा उचित सचेतता सहितको इमान्दार प्रयाससम्बन्धी मापदण्ड** समावेश गर्नुपर्छ।

उचित सचेतता सहितको इमान्दार प्रयाससम्बन्धी मापदण्ड अनुसार प्रस्तावित निर्यातमा गम्भीर उल्लङ्घनहरूलाई सहजीकरण गर्ने पर्याप्त जोखिम रहेको छ कि छैन भनी तर्कसंगतरूपमा निर्धारण गर्न निर्यातकर्ता राज्यहरूलाई प्रभावकारी अनुसन्धानमा संलग्न हुन आवश्यक हुन्छ ।

हतियारको प्रयोग वा बिना प्रयोग मानव अधिकार उल्लङ्घन हुन सक्छ तर मानवअधिकार उल्लङ्घन गर्नेहरूलाई हतियार हस्तान्तरणले उल्लङ्घन सहज बनाउन वा बढाउन सक्छ।

अन्तर्राष्ट्रिय मानवअधिकार कानूनको गम्भीर उल्लङ्घन के हो भन्ने बारे अन्तर्राष्ट्रिय रूपमा सहमति भएको परिभाषा नभए पनि, राज्य पक्षहरूले गम्भीर उल्लङ्घन के हो भनेर निर्धारण गर्न निम्नलिखित कारकहरूलाई ध्यानमा राख्नुपर्छ:

- अधिकार उल्लङ्घनको प्रकृति;

- उल्लङ्घनको परिमाण;

- पीडितको प्रकार (असुरक्षा);

- उल्लङ्घनको प्रभाव[26]

मानव अधिकार उल्लङ्घन जब निरन्तर, प्रणालीगत र/वा व्यापक रूपमा हुन्छन्, ती गम्भीर प्रकृतिका हुन्छन् ।

अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको गम्भीर उल्लङ्घनका उदाहरणहरू यसप्रकार छन्, तर यत्तिमा सीमित छैनन्: प्रणालीगत हत्या, बलात्कार, जबरजस्ती विस्थापन, सर्वसाधारण नागरिक विरुद्ध आक्रमण, बलको अत्यधिक प्रयोग, सेना र सुरक्षा बलहरूद्वारा दुर्व्यवहार, बेपत्ता पार्ने, यातना, लैङ्गिक हिंसा, र गैरकानुनी हत्या ।

**समावेश गरिएका वस्तुहरूको निर्यात अन्तर्राष्ट्रिय मानवअधिकार कानूनको गम्भीर उल्लङ्घनमा प्रयोग हुनसक्ने जोखिमको मूल्याङ्कन गर्न सुझाव गरिएका सूचकहरू**

- प्राप्तकर्ता राज्य अन्तर्राष्ट्रिय र क्षेत्रीय मानव अधिकार उपकरणहरूको पक्ष हो वा होइन;

- आयातकर्ता वा अन्तिम प्रयोगकर्ताले अन्तर्राष्ट्रिय मानवअधिकार कानूनको गम्भीर उल्लङ्घनलाई सहयोग वा प्रोत्साहन गरेको छ वा छैन;

- प्राप्तकर्ता राज्यले अन्तर्राष्ट्रिय र क्षेत्रीय मानवअधिकार सम्बन्धी उपकरणहरू लागू गर्न राष्ट्रिय कानून र नियमहरू अपनाएको छ वा छैन;

- प्राप्तकर्ता राज्यसँग राज्य वा यसका प्रतिनिधीहरूद्वारा गरिएका मानवअधिकार उल्लङ्घन र उल्लङ्घनको अनुसन्धानका लागि कानून र प्रभावकारी प्रक्रियाहरू छन् वा छैनन्;

- प्राप्तकर्ता राज्यसँग अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको सम्मान सुनिश्चित गर्ने अधिकार, क्षमता र इच्छासहितको जवाफदेही संरचना छ वा छैन;

- प्राप्तकर्ता राज्यसँग गम्भीर मानवअधिकार उल्लङ्घनलाई कारबाही गर्ने क्षमता र इच्छासहितको सक्षम, स्वतन्त्र, निष्पक्ष र सक्रिय न्यायपालिका छ वा छैन;

26 “What constitutes ‘a serious violations of human rights law’?” Geneva Academy, Academy Briefing No. 6. www.genevaacademy.ch/docs/publications/Briefings%20and%20In%20breifs/Briefing%206%20What%20is%20a%20serious%20violation%20of%20human%20rights%20law_Academy%20Briefing%20No%206.pdf

- प्राप्तकर्ता राज्यले विशेष गरी सुरक्षा र प्रहरी बल र अन्य हतियार वाहकहरूलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानूनको प्रचारप्रसार गरेको तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानूनलाई यसको प्रशिक्षण, पुस्तिका र निर्देशनहरूमा एकीकृत गरेको छ वा छैन;

- प्राप्तकर्ता राज्यसँग अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको प्रवर्द्धनका लागि स्वतन्त्र अनुगमन निकाय र राष्ट्रिय संस्थाहरू छन् वा छैनन्;

- प्राप्तकर्ता राज्यमा मानवअधिकार उल्लङ्घनकर्ताहरूको दण्डहीनताबारे अभिलेख छ वा छैन;

- प्राप्तकर्ता राज्यसँग अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको गम्भीर उल्लङ्घनको आरोपको अनुगमन र अनुसन्धान गर्ने संयन्त्र छ वा छैन;

- निर्यात अक्तियारी  आवेदनमा वर्णित वा समान प्रकारको हतियार प्राप्तकर्ता राज्यमा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको गम्भीर उल्लङ्घनको लागि प्रयोग भएको प्रमाण छ वा छैन;

- अनुरोध गरिएको हतियार र सैन्य उपकरणहरू सम्बन्धित अन्तिम प्रयोगकर्ताको परिचालन आवश्यकताहरू र क्षमताहरूसँग मिल्दोजुल्दो छन् वा छैनन्;

-अन्तर्राष्ट्रिय मानवअधिकार कानूनको सम्मान गर्ने क्रममा अन्तिम प्रयोगकर्ताको आचरण संयुक्त राष्ट्रसंघीय मानवअधिकार अनुगमन निकाय, क्षेत्रीय मानवअधिकार अनुगमन निकाय, राष्ट्रिय मानवअधिकार आयोगहको गम्भीर चासोको विषय बनेको छ वा छैन;

- प्राप्तकर्ता राज्यले आफ्नो हतियार र सैन्य उपकरण र तिनीहरूको थप स्थानान्तरणमा कडा र प्रभावकारी नियन्त्रण राख्छ वा राख्दैन।

➢ परम्परागत हतियार वा वस्तुहरु निर्यातकर्ता राष्ट्र पक्ष भएको आतंकवाद सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि वा प्रलेख अन्तर्गत अपराध ठहर्ने कार्यमा प्रयोग वा सहजीकरण गर्नमा प्रयुक्त हुन सक्ने जोखिम।[27]

**आतंकवादसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि वा आलेख**

- हवाईजहाजभित्र गरिने अपराध र केहि निश्चित अन्य कर्तुतसम्बधी सन् १९६३ को महासन्धि;

- हवाईजहाजको गैरकानूनी कब्जा दमनसम्बन्धी सन् १९७० को महासन्धि र यसको सन् २०१०को प्रलेख;[28]

- नागरिक उड्डयन सुरक्षा विरुद्ध गैरकानूनी कार्य दमनसम्बन्धी सन् १९७१ को महासन्धि र सन् १९८८ को यसको प्रलेख;[29]

- सन् १९७३ को अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्तिहरू विरुद्ध अपराध रोकथाम र सजायसम्बन्धी महासन्धि;[30]

- शरीरबन्धक बनाउने विरुद्ध सन् १९७९को अन्तर्राष्ट्रिय महासन्धि;[31]

- आणविक सामग्रीको भौतिक सुरक्षासम्बन्धी सन् १९८० को महासन्धि र यसका संशोधनहरू;[32]

- सामुद्रिक यात्रा सुरक्षा विरुद्धको गैरकानूनी कार्यको दमनका लागि सन् १९८८ को महासन्धि र यसको सन् २००५ को प्रलेख, यसको सन् १९८८ को प्रलेख; यसको सन् २००५को महाद्वीपीय तटमा निर्मित स्थिर संरचना (जस्तै, प्लेटफर्म) को सुरक्षा विरुद्ध गैरकानूनी कार्य दमनसम्बन्धी प्रलेख;[33]

- पहिचान गर्ने उद्देश्यका लागि प्लास्टिक विस्फोटकहरूमा चिह्न लगाउनेसम्बन्धी सन् १९९१ को महासन्धि;[34]

- आतंककारी बम विष्फोट र हमला दमनसम्बन्धी सन् १९९७ को अन्तर्राष्ट्रिय महासन्धि;[35]

- आतंकवादलाई वित्तीय सहयोग रोकथामसम्बन्धी सन् १९९९ को अन्तर्राष्ट्रिय महासन्धि;36
- आणविक आतंकवाद कार्य दमनसम्बन्धी सन् २००५को अन्तर्राष्ट्रिय महासन्धि, 37
- अन्तर्राष्ट्रिय नागरिक उड्डयनसँग सम्बन्धित गैरकानूनी कार्यहरूको दमनसम्बन्धी सन् २०१० को महासन्धि। 38

**समावेश गरिएका वस्तुहरूको निर्यात आतंकवादी कार्यहरू वा सहजीकरण गर्न प्रयोग हुनसक्ने जोखिमको मूल्याङ्कनका लागि सुझाव गरिएका सूचकहरू**

- प्राप्तकर्ता राज्य आतंकवाद सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र प्रलेखहरूको पक्ष हो वा होइन;

- प्राप्तकर्ता राज्यले आतंकवाद सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र प्रलेखहरू लागू गर्न राष्ट्रिय कानून र नियमहरू अपनाएको छ वा छैन;

-आतंकवादसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि र प्रलेख अन्तर्गत अपराधको छानबिन गर्न प्राप्तकर्ता राज्यसँग कानून र प्रभावकारी प्रक्रियाहरू छन् वा छैनन्;

-आतंकवाद सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र प्रलेखको सम्मान सुनिश्चित गर्ने अधिकार, क्षमता र इच्छासहितको संरचना प्राप्तकर्ता राज्यसँग जवाफदेही छ वा छैन;

- प्राप्तकर्ता राज्यसँग आतंकवाद सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र प्रलेख अन्तर्गत अपराधहरूमा अभियोजन गर्ने क्षमता र इच्छाशक्ति भएको सक्षम, स्वतन्त्र, निष्पक्ष र सक्रिय न्यायपालिका छ वा छैन;

- आयातकर्ता, अन्तिम प्रयोगकर्ता वा प्राप्तकर्ता राज्यले वित्तिय वा आतंकवादी समूहहरूलाई प्रायोजित गर्ने वा नगर्ने;

- आयातकर्ता वा अन्तिम-प्रयोगकर्ताले आतंकवादसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि र प्रलेखको उल्लङ्घनलाई सहयोग वा प्रोत्साहन गरेको छ वा छैन;

- प्राप्तकर्ता राज्यसँग आफ्नो हिरासतमा ल्याइएका अपराधीहरूलाई अभियोग चलाएको वा सुपुर्दगी गरेको अभिलेख छ वा छैन;

-आतंकवाद सम्बन्धी कुनै अन्तर्राष्ट्रिय महासन्धि वा प्रलेख अन्तर्गत चलाईएको कारवाही प्रकिया सम्बन्धमा प्राप्तकर्ता राज्यले अन्य राज्यहरूलाई सहयोग गरेको छ वा छैन;

- प्राप्तकर्ता राज्यसँग आतंकवादी कार्यका दोषीहरूको दण्डहीनताको अभिलेख छ वा छैन;

- प्राप्तकर्ता राज्यले आफ्नो अधिकार क्षेत्र भित्रका हतियार, गोलाबारुद र पार्टपुर्जा र सामग्रीहरूमा कडा र प्रभावकारी नियन्त्रणको अभ्यास गर्छ वा गर्दैन।

➢ पारम्परिक हतियार वा वस्तुहरू निर्यात गर्ने राज्य पक्ष रहेको अन्तर्राष्ट्रिय महासन्धि वा अन्तरराष्ट्रिय संगठित अपराध सम्बन्धी प्रलेख अन्तर्गत अपराध ठहर्ने कार्य गर्न वा सहजीकरण गर्नमा प्रयोग हुन सक्ने जोखिम ।39

27 Article 7 (1) (b) (iii).
28 www.icao.int/secretariat/legal/Docs/beijing_protocol_multi.pdf.
29 www.icao.int/secretariat/legal/Lists/Current%20lists%20of%20parties/AllItems.aspx.
30 www.unodc.org/tldb/en/1973_Convention_Internationally%20Protected%20Persons.html.
31 www.unodc.org/tldb/en/1979_Convention_Hostage%20Taking.html.
32 www.iaea.org/publications/documents/conventions/convention-physical-protection-nuclear-material.

**अन्तर्राष्ट्रिय संगठित अपराध सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि वा प्रोटोकल अन्तर्गतका अपराधहरू**

संगठित अपराध शान्ति र मानव सुरक्षाको लागि खतरा हो । यसले मानवअधिकारको उल्लङ्घन गर्दछ र राज्यहरूको राजनीतिक, सामाजिक-आर्थिक, नागरिक र सांस्कृतिक विकासलाई कमजोर बनाउँछ।

**अन्तर्राष्ट्रिय संगठित अपराध (UNTOC) विरुद्ध संयुक्त राष्ट्रसंघ महासन्धि अन्तर्गतका अपराधहरू**

महासन्धिका पक्ष राष्ट्रहरूले फौजदारी अपराधहरू स्थापना गर्नेछन्:

- संगठित अपराध समूहमा भाग लिने;
- सम्पति शुद्धिकरण;
- भ्रष्टाचार;
- न्यायमा अवरोध

UNTOC का तीन पूरक प्रोटोकलहरू अन्तर्गतका - **मानव बेचबिखन, आप्रवासीहरूको तस्करी र बन्दुकको तस्करी सम्वन्धी- प्रोटोकल**हरूमा राज्य पक्षले यिनलाई अपराधीकरण गर्नुपर्छ:

- मावन बेचबिखन;
- मानव बेचबिखन गर्ने आपराधीक प्रयास;
- मानव बेचबिखन अपराधमा सहयोगीको भूमिका; - मानव बेचबिखन गर्न अरूलाई संगठित वा निर्देशन दिने; - आप्रवासीहरूको तस्करी;
- गैरकानूनी रूपमा व्यक्तिलाई देशमा बस्न सघाउने कार्य;
- जीवन वा सुरक्षालाई खतरामा पार्ने वा आप्रवासीहरूसँग अमानवीय वा अपमानजनक व्यवहार गर्ने;
- हतियारको अवैध उत्पादन र ओसारपसार।

**अन्तरराष्ट्रिय संगठित अपराध सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि वा प्रोटोकलहरू अन्तर्गत अपराध कार्य गर्न वा सहयोगमा समावेश गरिएका वस्तुहरूको निर्यातले पुर्‍याउन सक्ने जोखिमको मूल्याङ्कन गर्न सम्भावित सूचकहरू**

- प्राप्तकर्ता राज्य अन्तरराष्ट्रिय संगठित अपराध सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र प्रोटोकलहरूको पक्ष हो वा होइन;

- प्राप्तकर्ता राज्यसँग अन्तर्राष्ट्रिय संगठित अपराध सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू र प्रोटोकलहरू अन्तर्गत अपराधहरूको अनुसन्धान गर्न कानून र प्रभावकारी प्रक्रियाहरू छन् वा छैनन्;

- प्राप्तकर्ता राज्यसँग अन्तर्राष्ट्रिय संगठित अपराध सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र प्रोटोकलहरूको सम्मान सुनिश्चित गर्ने अधिकार, क्षमता र इच्छासहितको जवाफदेही संरचना छ वा छैन;

- प्राप्तकर्ता राज्यले अन्तर्राष्ट्रिय संगठित आपराधिक समूहहरूलाई वित्तिय वा अन्य सहयोग प्रदान गर्छ कि गर्दैन;

- प्राप्तकर्ता राज्यसँग हिरासतमा ल्याइएका अपराधीहरूलाई अभियोग चलाउने वा सुपुर्दगी गर्ने रेकर्ड छ वा छैन;

- प्राप्तकर्ता राज्यले अन्तर्राष्ट्रिय संगठित अपराध सम्बन्धी कुनै अन्तर्राष्ट्रिय महासन्धि वा प्रोटोकल अन्तर्गत ल्याइएको आपराधिक कार्यवाहीको सम्बन्धमा अन्य राज्यहरूलाई सहयोग गरेको छ वा छैन;

33 www.imo.org/en/About/Conventions/ListOfConventions/Pages/SUA-Treaties.aspx.
34 www.unrol.org/doc.aspx?d=2822.
35www.unodc.org/documents/treaties/Special/1997%20International%20Convention%20for%20the%20Suppression%20of%20 Terrorist.pdf.
36www.unodc.org/documents/treaties/Special/1999%20International%20Convention%20for%20the%20Suppression%20of%20t he%20Financing%20of%20Terrorism.pdf.
37 www-ns.iaea.org/security/nuclear_terrorism_convention.asp.
38 www.icao.int/secretariat/legal/Docs/beijing_convention_multi.pdf.
39 Article 7 (1) (b) (iv)

- प्राप्तकर्ता राज्यमा संगठित आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरू, मानव बेचबिखनकर्ता, आप्रवासीहरूको तस्करी, सम्पत्ति शुद्धिकरण, भ्रष्ट अधिकारीहरू, हतियार तस्करहरूका सवालमा दण्डहीनताको रेकर्ड छ वा छैन;

- प्राप्तकर्ता राज्यमा निर्यात अक्तियारीमा उल्लेख गरिएका हतियारका प्रकार वा समान प्रकृतिका हतियारहरु संगठित अपराधको लागि बारम्बार प्रयोग भएको प्रमाण छ वा छैन;

- अनुरोध गरिएका हतियार र सैन्य उपकरणहरू अन्तिम-प्रयोगकर्ताको क्षमता अनुरुपका छन् कि छैनन् वा सञ्चालनका हिसावले आवश्यकताहरू अनुरुप छन् वा छैनन्;

- प्राप्तकर्ता राज्यले आफ्नो अधिकार क्षेत्र भित्रका हतियार, गोलाबारुद र पार्टपुर्जा र सामग्रीहरूमा कडा र प्रभावकारी नियन्त्रणको अभ्यास गर्छ वा गर्दैन।

**सूचनाका स्रोतहरू**

➢ निर्यात गर्ने राज्यले निर्यात मूल्याङ्कन गर्दा आँफूलाई सान्दर्भिक लाग्ने विभिन्न श्रोतहरुबाट सूचना जानकारी लिन सक्छन् । स्रोतहरूमा निम्न पक्षहरु समावेश हुनसक्छन्:

क सुरक्षा परिषद्को हतियार प्रतिबन्ध सम्वन्धी लागु भएको विद्यमान सूची;

ख सुरक्षा परिषद् समितिहरूले जारी गरेका कार्यान्वयन सहायता सम्वन्धी सूचनाहरू;

ग संयुक्त राष्ट्रसंघका मानवअधिकार निकाय र अन्तर्राष्ट्रिय न्यायाधिकरणहरूका दस्तावेज;

घ द्विपक्षीय वा क्षेत्रीय सूचना आदानप्रदान संयन्त्रहरू मार्फत प्राप्त राज्य पक्षलाई उपलब्ध गोप्य सूचना र अन्य जानकारी;

ङ एटीटीका अन्य पक्ष राष्टहरुसँग सूचना आदानप्रदान;

च अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय मानव अधिकार अनुगमन निकायहरूबाट प्राप्त दस्तावेज;

छ विश्वासिला राष्ट्रिय मानव अधिकार संघसंस्था, अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्था र सञ्चार माध्यमबाट प्राप्त प्रतिवेदनहरु ।

**निर्यात मूल्याङ्कनमा आयातकर्ता राज्यको भूमिका**

➢ आयातकर्ता राज्यले आफ्नो राज्यको राष्ट्रिय कानून बमोजिम निर्यातकर्ता राज्यलाई, अनुरोध गरिएमा, उपयुक्त र सान्दर्भिक जानकारी उपलब्ध गराउनु पर्नेछ । यस्तो जानकारीमा निम्न कुराहरु समावेश हुन सक्छ:

अ हस्तान्तरण गरिएको हतियारको घोषित उद्देश्य;

आ एटीटीका प्रावधानहरू विपरीत हुनेगरि वा अनावश्यक उद्देश्यमा प्रयोग नगर्ने आधारमा पुनः निर्यात नगर्ने आधिकारिक अडान/आश्वासन/ग्यारेन्टी;

इ. देशको आयात प्रणाली, हतियार नियन्त्रण, भण्डारण र पथान्तरण रोक्न राज्यले अपनाएका उपायहरू बारे जानकारी।

**न्यूनीकरण उपाय**40

➢ प्रस्तावित निर्यातले धारा ७ (१) (क) वा ७ (१) (ख) मा सूचीबद्ध कुनै पनि जोखिम बहन गर्ने निश्चित भएमा, निर्यातकर्ता राज्यले पहिचान गरिएको जोखिमलाई न्यूनीकरणका उपायहरू अपनाउन सकिन्छ कि सकिदैन भनेर विचार गर्नेछ । ती न्यूनीकरणका उपायहरूमा निम्न समावेश हुन सक्छन्:

40 Article 7 (3).

- विश्वास निर्माणका उपायहरू;

-निर्यात र आयातकर्ता राष्यहरूद्वारा संयुक्त रूपमा विकसित र सहमति गरिएका कार्यक्रमहरू ।

**विश्वास-निर्माणका उपायहरू**

विश्वास निर्माणका उपायहरू (CBMs) ले सान्दर्भिक अन्तर्राष्ट्रिय कानूनको पालना र हस्तान्तरण गरिएका हतियार वा वस्तुहरूमाथि नियन्त्रणको अभ्यासमा आयात गर्ने राज्यहरूको विश्वसनीयता बढाउँछ, जसले गर्दा अनधिकृत प्रयोग वा विचलनलाई रोक्न सकिन्छ। विश्वास निर्माणका उपायहरु थुप्रै छन्, उदाहरणका लागिः

- आयातकर्ता राज्यले एटीटीका प्रावधानहरू विपरीत हुने गरि पुनः निर्यात वा पुनः स्थानान्तरण नगर्ने प्रतिबद्धता;
- आयातकर्ता राज्यद्वारा हस्तान्तरण गरिएका हतियार वा वस्तुहरूको लक्षित प्रयोगको घोषणा, साथै अन्य उद्देश्यका लागि तिनलाई प्रयोग नगर्ने प्रतिबद्धता/आश्वासन/ग्यारेन्टी सहित;
- हतियार वा वस्तुहरू चोरी भएमा, हराएमा वा अन्यथा थाहापत्ता नलागेमा सो को जानकारी गराउने प्रावधान;
- आयात गर्ने राज्यद्वारा सान्दर्भिक अन्तर्राष्ट्रिय मानवअधिकार कानून, अन्तर्राष्ट्रिय मानवीय कानून, अन्तर्राष्ट्रिय महासन्धि वा आतंकवाद र अन्तर्राष्ट्रिय संगठित अपराधसँग सम्बन्धित प्रोटोकलहरूको अवलोकन वा पालना गरेको खुलासा;
- सैन्य मामिलाहरूमा पारदर्शिता अभिबृद्धि ।

**संयुक्त रूपमा विकास गरि सहमति जनाइएको कार्यक्रम**

विश्वास निर्माणका उपायहरू (CBMs) का अतिरिक्त, निर्यात र आयात गर्ने राज्यहरूले हतियार निर्यातका नकारात्मक परिणामहरूको जोखिमलाई कम गर्न संयुक्त रूपमा विकसित कार्यक्रमहरूमा सहमत हुन सक्छन्, जस्तैः

- वितरण पश्तात अनुगमन/सहयोग कार्यक्रम;
- सान्दर्भिक अन्तर्राष्ट्रिय मानवअधिकार कानून, अन्तर्राष्ट्रिय मानवीय कानून, आतंकवाद र अन्तर्राष्ट्रिय संगठित अपराध सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि वा प्रोटोकलको राज्य आयात र अनुपालन गरेर कार्यान्वयन बढाउन संयुक्त कार्यक्रमहरू।
- हतियार नियन्त्रण गर्न र तिनको पथान्तरण रोक्न आयात गर्ने राज्यहरूको क्षमता अभिवृद्धि गर्न संयुक्त कार्यक्रमहरू।

**जोखिमको निरन्तरता**[41]

- निर्यातकर्ता राज्यले मूल्याङ्कन पश्चात निर्यातको अक्तियारी दिने वा नदिने भन्ने निर्णय गर्नेछ । धारा ७ (क) र (ख) मा सूचीबद्ध जोखिमहरू न्यूनीकरण गर्ने उपायहरू छन् वा छैनन् भन्ने पनि निर्यातकर्ता राज्यले विचार गर्नेछ ।
- मूल्याङ्कन पश्चात र न्यूनीकरणका उपायहरू माथि विचार गरिसकेपछि पनि निर्यातकर्ता राज्यले निर्यात मूल्याङ्कनद्वारा पहिचान गरिएका कुनै पनि नकारात्मक परिणामहरूको जोखिम रहिरहेको यकिन गरेमा, निर्यातकर्ता राज्य पक्षले निर्यात अक्तियारी लाई अस्वीकार गर्न सक्नेछ ।

41 Article 7 (3).

**जोखिमको निरन्तरता के हो?**

ATT वार्ताको क्रममा "जोखिमको निरन्तरता" को अवधारणा माथि सहमति जनाएको अवस्था नहुनु र त्यसलाई व्यवहारिक तवरले कसरी सम्वोधन गर्ने भन्ने अवस्था नरहनु ।42

- "निरन्तरता" शब्दले जोखिमहरुलाई कुनै अवस्थासँग तुलना गरेर हेर्नुपर्ने आवश्यकता दर्शाउँछ ।
- धारा ७ (३) को एउटा व्याख्याले निर्यातकर्ता राज्यले आफ्नो मूल्याङ्कन र जोखिम न्यूनीकरणका उपायहरू पश्चात निर्यातको सकारात्मक नतिजा बढी हुन्छ कि नकारात्मक परिणाम बढी हुन्छ भनेर सापेक्षतालाई हेर्नुपछ । यदि नकारात्मक परिणामहरूको जोखिम सकारात्मक परिणाम भन्दा बढी रहन्छ भने, निर्यातकर्ता राज्यले निर्यातलाई अक्तियारी दिनु हुँदैन।
- ATT ले निर्यातका सकारात्मक नतिजाहरू के के हुन् भनेर मार्गदर्शन प्रदान गर्दछ: स्थानान्तरणले शान्ति र सुरक्षामा योगदान पुऱ्याउनुपर्छ।43 स्थानान्तरणले नकारात्मक परिणाम ल्याउँछ कि शान्ति र सुरक्षामा योगदान पुऱ्याउने सम्भावना बढी छ भनेर मापन गर्ने अधिकार राज्यले गर्नुपर्दछ ।
- अर्को व्याख्या के छ भने स्वयमं निर्यातकर्ता राज्यले स्वयं नकारात्मक परिणामहरूको जोखिमको सम्भावनाको अवस्था छैन भन्ने यकिन गर्नुपर्दछ ।
- "जोखिमको निरन्तरता" को व्याख्या गर्दा मूल्याङ्कन गरि निर्यात अक्तियारी प्रदान गर्ने कि नगर्ने भन्ने निर्णय गर्दा, राज्य पक्षहरूले एटीटीका प्रावधानहरूसँग पूर्णतया मेल खानेगरी कार्य गर्न अपेक्षा गरिन्छ।
- जोखिमको निरन्तताको चर्चा गर्दा विश्वसनीय र विश्वसनीय स्रोतहरुको उपयोग गरि सबै सान्दर्भिक तथ्यहरुलाई केलाएर सन्तुलित तवरले ATT द्वारा निर्धारित मापदण्डहरुको आधारमा निर्णय लिनुपर्दछ ।

- एटीटीमा दिइएका प्रणालीगत मापदण्डहरुका आधारमा जोखिमको निरन्तरता रहेको छ कि छैन भन्ने सवाललाई यकिन गर्न सान्दर्भिक तथ्यहरुका आधारमा वस्तुनिष्ठ भएर गरिनुपर्छ जुन विश्वसनीय सूचनामा आधारित हुनुपर्दछ ।

**पथान्तरणको जोखिम**

मोड्युल १० हेर्नुहोस्।

**लैंगिक हिंसा**

नर्यातकर्ता राष्यपक्षले निर्यात मूल्याङ्कन गर्दा, लैङ्गिकतामा आधारित हिंसा वा बालबालिका विरुद्ध गम्भीर हिंसाका घटना गराउन वा सहजीकरण गर्न परम्परागत हातहतियार वा वस्तुहरूले जोखिमलाई निम्त्याउँदैनन् भन्नेमा ध्यान दिनुपर्नेछ ।44

42 For comparative purposes, see the "risk" standard (e.g. article 2.5 (b), article 2.7) and "clear risk" standard (e.g. article 2.2 (a), article 2.2 (c), article 2.4)in European Union Council Common Position 2008/944/CFSP of 8 December 2008, http://eurlex.europa.eu/legal-content/EN/TXT/PDF/?uri=CELEX:32008E0944&from=EN.
43 Article 7 (1)(a).
44 Article 7 (4).

**लैङ्गिक हिंसाका गम्भीर कार्यहरू र महिला र बालबालिका विरुद्ध हुने गम्भीर हिंसा**
लैङ्गिक हिंसा वा महिला र बालबालिका विरुद्ध हुने गम्भीर हिंसाका कार्यहरू अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घन अथवा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको गम्भीर उल्लङ्घन हुन । ति आतंकवादसँग सम्वन्धित अन्तर्राष्ट्रिय महासन्धिहरू वा अन्तर्राष्ट्रिय संगठित अपराधसँग सम्बन्धित प्रोटोकलहरू अन्तर्गतका अपराधहरू पनि हुन सक्छन् जहाँ निर्यातकर्ता पक्ष राज्य हुनसक्छ ।

**महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW)**
महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव रोक्न र उन्मूलन गर्न, महिलाको मानव अधिकारको संरक्षण र प्रवद्धन गर्न र लैङ्गिक समानता सुनिश्चित गर्न मापदण्ड र मापदण्डहरू स्थापना गर्दछ।

**लैङ्गिक हिंसा**
लैङ्गिक हिंसाले सामान्य अन्तर्राष्ट्रिय कानून वा मानव अधिकार महासन्धिहरूले प्रदान गर्ने मानव अधिकार र मौलिक स्वतन्त्रताहरूबाट महिलाहरूले उपभोग गर्ने अधिकारलाई कमजोर वा निरीह बनाउँछ । लैङ्गिक हिंसा महिला विरुद्धको हिंसा हो जसले महिलाहरुलाई अनपेक्षित तवरले प्रताडित गर्दछ । यसले महिलालाई शारीरिक, मानसिक वा यौन हिंसा वा पीडा दिनुको साथै डर धम्की, जोरजुलुम र स्वतन्त्रताको हनन जस्ता कार्यबाट हानी पुर्‍याउँछ ।४६

**बालअधिकारसम्बन्धी महासन्धि (CRC)** ले बालबालिकालाई सबै प्रकारका हिंसाबाट जोगाउन र बालबालिकाविरुद्ध हुने हिंसालाई रोक्नको लागि कानुनी मापदण्डहरू प्रदान गर्दछ।

१८ वर्ष मुनिका प्रत्येक मानिस बालबालिका हुन् र उनीहरुलाई बालबालिका सम्वन्धि कानुन लागु हुन्छ ।

**CRC** का तीन वैकल्पिक प्रोटोकलहरू छन्।

**लैङ्गिक हिंसा वा महिला र बालबालिका विरुद्धको हिंसाका गम्भीर कार्यहरू गर्न वा सहजीकरण गर्न प्रयोग हुने परम्परागत हतियार वा वस्तुहरूको जोखिम मूल्याङ्कन गर्न सुझाव गरिएका सूचकहरू:**

- प्राप्तकर्ता राज्यले सुरक्षा परिषद्का प्रस्ताव १३२५ र १८२० अन्तर्गत आफ्ना दायित्वहरू कार्यान्वयन गर्छ वा गर्दैन;

- प्राप्तकर्ता राज्यसँग राज्य वा यसका निकायहरुद्वारा गरिएका लैङ्गिक हिंसा र महिला तथा बालबालिका विरुद्ध हुने गम्भीर हिंसाका कार्यहरूको छानबिन गर्न कानुन र प्रभावकारी प्रक्रियाहरू छन् वा छैनन्;

45 www.un.org/womenwatch/daw/cedaw/.
46 Committee on the Elimination of Discrimination against Women, General Recommendation No. 19 (1992), www.un.org/womenwatch/daw/cedaw/recommendations/recomm.htm#top.
47 http://www.unicef.org/crc

-महिला अधिकार र बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको सम्मान सुनिश्चित गर्ने क्षमता र इच्छा सहित जवाफदेही अक्तियारी संरचनाहरू अवस्थित छन् वा छैनन्;

- प्राप्तकर्ता राज्यले, विशेष गरी सशस्त्र बल र कानून प्रवर्तन भित्र, महिला अधिकार र बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मानवअधिकार कानूनलाई प्रसारित गरेको छ वा छैन, र यसको प्रशिक्षण, पुस्तिका र निर्देशनहरूमा महिला अधिकार र बालबालिकाको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मानव अधिकार कानूनलाई एकीकृत गरेको छ वा छैन;

- प्राप्तकर्ता राज्यमा लैंगिक हिंसा र/वा महिला र बालबालिका विरुद्धको गम्भीर हिंसाका कार्यहरू गर्ने अपराधीहरूका लागि दण्डहीनताको रेकर्ड छ वा छैन;

- प्राप्तकर्ता राज्यमा लैङ्गिक हिंसाका प्रबृत्तिहरु रहेको अवस्था छ वा छैन;

- प्राप्तकर्ता राज्यमा निर्यात अक्तियारीको निवेदनमा वर्णित हतियारको निश्चित प्रकारको प्रयोगबाट गम्भिर महिलाहरु विरुद्ध गम्भिर हिंसा गर्न वा लैङ्गिक हिंसाका गम्भीर घटनाहरु घटाउन बारम्बार प्रयोग भएको प्रमाण छ वा छैन; साथै बालबालिका विरुद्ध हिंसात्मक कार्यहरू गर्न, विशेष गरी, बाल सैनिकहरूको भर्तीमा ।

## चरण ४ - निर्यात अक्तियारी अस्वीकार गर्ने/निर्यात अक्तियारी जारी गर्ने

**अक्तियारी अस्वीकार गर्ने**

**अस्वीकार गर्नलाई शर्त**

निर्यात निम्न अवस्थामा अस्वीकार गरिन्छ :

क. धारा ६ बमोजिम निर्यात आवेदन प्रतिबन्धित गर्नुपर्ने भएमा;

ख. निर्यातले शान्ति र सुरक्षा खलल पुऱ्याउने भए;

ग. वस्तुहरुले धारा ७ मा समावेश नकारात्मक प्रतिफल उजागर गर्ने भएमा;

आवेदनमा गलत सुचना वा नक्कली पूरक दस्तावेज संलग्न भए निर्यात अस्वीकार गरिने छ ।

**अक्तियारी अस्वीकार गरेको जानकारी**

- अक्तियारी अस्वीकार गरेको जानकारी आवेदकलाई लिखित रुपमा दिनु पर्दछ ।
- प्रक्रियागत पारदर्शीता कायम राख्न, जानकारीमा अस्वीकार गर्नुको कारण पनि उल्लेख गर्नु पर्दछ ।
- अक्तियारी अस्वीकार गर्नुको सुचना उपलब्ध गराउनाले वस्तुहरु अवैध बजारमा जाने अवस्था रोकथाम गर्दछ ।पथान्तरणरोक्नमा यो अवस्था एटीटीका प्रावधान अनुकूल रहने छ (धारा ११) ।

**निर्यात अक्तियारी जारी गर्ने**

- धारा ६ अन्तर्गत प्रस्तावित निर्यातमा प्रतिबन्ध नलगाए र निर्यात आंकलनमा नकारात्मक प्रतिफल प्राप्त नभए, अधिकार प्राप्त निकाले निर्यात अक्तियारी जारी गर्न सक्ने छ ।

**अक्तियारीका लागि समावेश हुनुपर्ने सूचना**

- निर्यात अक्तियारी विस्तृत र वस्तुपरक हुनु पर्दछ ।48 यी दस्तावेजमा निम्न सुचना उपलब्ध हुन सक्दछ :

क. अभिलेख सूचक/निर्यात अक्तियारी संख्या :

ख. जारी मिति;

ग. अक्तियारी जारी गर्ने राष्ट्रिय निकायको नाम र छाप;

घ. हस्ताक्षर, प्रकाशित नाम र अक्तियारी जारी गर्ने सम्बन्धित अधिकारीको पद (फरक जानकारी आवश्यक पर्ने विद्युतीय आवेदनमा यी सुचनाहरु सान्दर्भिक नहुन सक्दछ);

ङ. निर्यातका लागि स्वीकृत गरिएका वस्तुको विस्तृत विवरण (प्रकार, मोडल नाम, मोडल नम्बर, परीमाण आदि);

च. प्राधिकारको म्याद समाप्त हुने मिति;

छ. उपयुक्त भए, देश/पारवहन बन्दरगाहहरु र/वा अन्तरदेशीय ढुवानी;

ज. दलाल, बिचौलिया, प्रापकको नाम र सम्पर्क विवरण वा ढुवानीमा संलग्न अन्य कुनै पक्ष;

झ. प्रत्येक चरणमा प्रयोग हुने यातायातको साधन सहित यातायात मार्गको विवरण;

ञ. आयातकर्ता देश;

ट. निर्यात गरिने वस्तुहरुको लक्षित प्रयोग;

ठ. अधिकार प्रदत्त अन्तिम प्रयोगकर्ताको नाम र सम्पर्क विवरण ।

**निर्यात प्राधिकारको सुचना**

- निर्यात प्राधिकारको सुचना निर्यातकर्ता कम्पनी वा व्यक्ति र निर्यात नियन्त्रणमा संलग्न राष्ट्रिय प्राधिकारणलाई उपलब्ध गराउनु पर्दछ ।

- पक्ष राष्ट्रको वार्षिक प्रतिवेदनमा वास्तविक निर्यात वा अक्तियारी प्राप्त निर्यातबारे जानकारी समावेश हुनु पर्दछ । राज्यले अन्यथा छनौट गरे, निर्यात प्राधिकारको जानकारी वार्षिक प्रतिवेदनमार्फत एटीटीलाई उपलब्ध गराउनु पर्दछ, जो अन्य पक्ष राष्ट्रहरुसँग एटीटीमा प्रस्तुत गरिने छ ।

**चरण ५ - प्राधिकारको पूनर्मूल्याङ्कन**

- निर्यात अक्तियारी जारी भएपछि, निर्यातकर्ता राज्य नयाँ सान्दर्भिक अवस्थाबारे जानकार भएमा, प्राधिकारको पूनर्मूल्याङ्कन प्रोत्साहन गरिन्छ । उपयुक्त भएमा, आयातकर्ता राज्य सँगको परामर्शपश्चात पूनर्मूल्याङ्कन सम्पन्न गरिनु पर्दछ ।49

48 Article 7 (5).
49 Article 7 (7).

**पूनर्मूल्याङ्कनका कारण**

- राज्यहरुलाई पूनर्मूल्याङ्कन गर्न प्रोत्साहन गरिने छ, यदि :

क. पूर्व आंकलनको समीक्षा आवश्यक पर्ने नयाँ सुचनाबारे जानकार भएमा, विशेष गरेर एटीटीका धारा ६ र धारा ७ मा सम्बोधन भएका जोखिमका हकमा;

ख. आवेदनमा समावेश सुचना जाली, गलत वा निरर्थक ठहर भएमा;

ग. अन्तिम प्रयोगकर्ता, आयातकर्ता राज्य, पारवहन र अन्तरदेशीय ढुवानीकर्ता राज्यका सम्बन्धमा नयाँ अवस्था सिर्जना भएमा;

घ. पारवहन मार्ग वा यातायात व्यवस्था परिवर्नत भएमा;

ङ. निर्यातकर्ता र आयातकर्ता राज्यहरुबीच सहमति अनुकूल विश्वास निर्माणका उपाय, संयुक्त कार्यक्रम र अन्य न्यूनीकरण उपाय कार्यान्वयन वा पालना नभएमा ।

**पूनर्मूल्याङ्कनका प्रक्रिया**

- पूर्नमूल्याङ्कनले प्रारम्भिक निर्यात प्रतिवेदन अनुकूल समान प्रक्रिया अनुसरण गर्न सक्ने छ वा नयाँ सान्दर्भिक सुचना र त्यसका प्रतिफलहरुमा ध्यानकेन्द्रीत गर्न सक्नेछ;

- पूनर्मूल्याङ्कनका प्रक्रियाहरु कानुनका आधारमा स्थापित हुनु पर्दछ ।

**पूनर्मूल्याङ्कनका नतिजा**

- पूनर्मूल्याङ्कन निम्न रुपमा देखिन सक्दछ :

क. समान अवस्थामा प्राधिकार/पूनःप्राधिकार;

ख. परीमार्जित अवस्थामा प्राधिकार;

ग. प्राधिकारको अल्पकालीन रोक/निलम्बन;

घ. अक्तियारी खारेजी ।

*१.३ निर्यातका वस्तुहरु*

- आवश्यक अक्तियारी प्राप्त भइसकेपछि, निर्यातकर्ता निर्यात गर्न अग्रसर भए हुन्छ ।
- निम्न विषयमा, सान्दर्भिक सरकारी विभाग र निकायबीच सुचना आदान प्रदान गर्न राज्यहरुलाई प्रोत्साहित तुल्याइन्छ :

  क. निर्यात अक्तियारी जारी गर्ने;
  ख. आफ्नो क्षेत्र/भन्सारबाट वस्तुहरु पठाउने;
  ग. पैठारी मार्ग, मिति वा यातायात व्यवस्थामा परिवर्तन ।

*१.३.१. निर्यात भएका हतियारका अभिलेख राख्ने*

- प्रत्येक पक्ष राष्ट्रले आफ्नो निर्यात अक्तियारी वा धारा २ (१) मा उल्लेख परम्परागत हतियारको वस्तुगत निर्यातको राष्ट्रिय अभिलेख कायम राख्ने छ ।50 सकेसम्म अभिलेख विस्तृत, सही र व्यापक हुनुका साथै उपयुक्त रुपमा पूर्वनिर्धारित खाका/ढाँचामा व्यवस्थित गरिनु पर्दछ ।

- कम्तिमा दश वर्ष समयको लागि अभिलेख कायम राखिने छ । 51
- उत्पादकहरुलाई - कानुनमार्फत - वस्तुगत निर्यातको अभिलेख राख्न र वस्तुगत खर्चबारे सरकारलाई आवधिक रुपमा जानकारी गराउन राज्यहरुलाई प्रेरित गरिन्छ ।

- पक्ष राष्ट्रलाई गोलीगठ्ठा वा पाटपूर्जा र भाग निर्यात सम्बन्धी आफ्नो अभिलेख राख्न एटीटीले बाध्य पार्दैन । प्रत्येक राष्ट्रलाई यी विषय समेत सम्बोधन गर्ने राष्ट्रिय अभिलेख आवश्यकता पूर्ति गर्न स्वतन्त्रता प्राप्त हुन्छ ।

**एटीटीमा सुचीकृत विषयको अभिलेख**

- पक्ष राष्ट्रहरुलाई आफ्नो अभिलेखमा निम्न समावेश गर्न प्रेरित गरिन्छ 52 :

क. परीमाण;

ख. मूल्य;

ग. मोडल/प्रकार/क्रम संख्या;

घ. निर्यात/आयात/पारवहन अक्तियारी संख्या/मिति;

ङ. निर्यातकर्ता राज्य(हरु)को विवरण;

च. आर्यातकर्ता राज्य(हरु)को विवरण;
छ. पारवहन र अन्तरदेशीय ढुवानीकर्ता राज्य(हरु)

ज. अतिन्म प्रयोगकर्ताबारे सुचना ।

**समावेश गर्न सकिने अतिरिक्त विषय**

क. मौलिक अक्तियारी पहिचानकर्ता (उदाहरणको रुपमा, अनुमति पत्र संख्या);

ख. जारी गर्ने निकाय;

ग. जारी मिति र म्याद सकिने मिति;

घ. प्रापकहरुको नाम र सम्पर्क विवरण;

ङ. उत्पादन वर्ष;

च. आयात र/वा निर्यात चिन्ह सम्बन्धी सुचना, उपलब्ध भए;

छ. अक्तियारी दस्तावेज, अन्तिम प्रयोग/प्रयोगकर्ता दस्तावेज र अन्य सान्दर्भिक दस्तावेजको प्रतिलिपी वा स्क्यान प्रतिलिपी;

ज. (सान्दर्भिक भए) दलाल/मध्यस्थकर्ताका सुचना;

झ. आयात/निर्यात (सान्दर्भिक भए) का शर्त (उदाहरणको रुपमा, पून:स्थानान्तरमा प्रतिबन्ध) ।

ञ. लक्षित प्रयोग जस्ता अन्य सुचना ।

50 Article 12 (1).
51 Article 12 (4).
52 Article 12 (3).

**अभिलेखको व्यवस्थापन**

- अभिलेख व्यवस्थापन विधिको विकल्प छनौट राष्ट्रिय विशेषाधिकारको विषय हो । सशक्त अभिलेख राख्ने प्रणाली अद्यावधिक रहनु पर्दछ, सजिलै खोज्न सकिने र अधिकार प्राप्त अधिकारीका मात्र पहुँच रहनु पर्दछ ।

- परम्परागत रुपमा कायम रहेको कागजी अभिलेख प्रणाली सिद्धान्ततः विद्युतीय प्रणाली जत्तिकै उपयोगी हुन्छ ।

**अभिलेखको प्रयोग, उद्देश्य र आदान प्रदान**

- परम्परागत हतियारहरुको स्थानान्तरण र धारा ५ (५) अनुकूल धारा ३ र ४ मा समावेश वस्तुका नियमन गर्ने प्रभावकारी र पारदर्शी प्रणालीका लागि सशक्त अभिलेख व्यवस्थापन महत्वपूर्ण उपाय हो । अभिलेख निम्न रुपमा प्रयोग गर्न सकिन्छ :

क. आयात आंकलन र निर्यात प्राधिकारलाई सुचित गर्ने;

ख. निर्यात नियन्त्रण कानुन र नियमन उल्लंघन घटना अनुसन्धानलाई आवश्यक सुचना उपलब्ध गराउने;

ग. एटीटी, परम्परागत हतियार सम्बन्धी संयुक्त राष्ट्र संघीय दर्ता र सान्दर्भिक क्षेत्रीय समितिहरुका लागि आवश्यक प्रतिवेदन तयार गर्ने;

घ. सान्दर्भिक राष्ट्रिय कानुन र नियमनले आवश्यक ठहर गरे, संसद जस्ता निगरानी गर्ने निकायका लागि प्रतिवेदन तयार गर्ने;

ङ. राष्ट्रिय कानुन अनुकूल आयातकर्ता राज्य, पारवहन/अन्तरदेशीय ढुवानीकर्ता राज्य र अन्य पक्ष राष्ट्रसँग आदान प्रदान गर्ने ।

*१.४ लागू गर्ने उपाय*

- पक्ष राष्ट्रले निर्यात नियन्त्रण सम्बन्धी कानुन र नियमावली कायम राख्नेछ ।[53] लागू गर्ने संयन्त्रमा निम्न समावेश हुन सक्दछ :
    - दक्ष प्रशासनिक निकाय पहिचान गर्ने र तिनलाई निर्यात नियन्त्रण कानुन लागू गर्ने अधिकार प्रदान गर्ने ।
    - जरिवाना कायम गर्ने ।
    - भंसार अधिकृत, प्रहरी, न्यायालयबाट अन्तरविभागीय सहयोग;
    - उद्योगबाट निर्यात नियन्त्रण कानुनको अनुपालन ।

53 Article 14.

*१.४.१ जरीवानाको स्थापना*

- राष्ट्रिय निर्यात कानुन र नियमावली उल्लंघनलाई निरुत्साहन गर्न र दण्डित गर्न जरीवानको व्यवस्था कायम राख्नु पर्दछ । त्यस्ता जरीवानामा निम्न समावेश हुन सक्दछ :

    - जरीवाना;

    - प्रशासनिक प्रतिवन्ध (अनुमति पत्र निलम्बन वा खारेजी र/वा अक्तियारी ; निश्चित अवधिका लागि उल्लंघनकर्तालाई अनुमति वा प्राधिकारका लागि आवेदन दिनबाट रोक; यस पछिका अनुमति पत्र वा प्राधिकारका लागि आवेदन दिन अतिरिक्त भार वा प्रतिबन्धात्मक शर्तहरु लागू गर्ने) :

    - जेल सजाय ।

*१.४.२ राष्ट्रिय निर्यात नियन्त्रण कानुन र नियमन लागू गर्न अन्तरनिकाय सहयोग*

- कानुन र नियमावलीको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी निकाय वा सेवाको सहयोग आवश्यक पर्दछ । भिन्न राज्यले निकाय/सेवाका लागि भिन्न जिम्मेवारी तोके पनि वस्तुतः निम्न अवस्था समावेश हुन सक्दछ :

    - अक्तियारी निकाय;
    - अनुमति पत्र/अक्तियारी प्रक्रियामा सहभागी अन्य राष्ट्रिय अधिकारीहरु;
    - भन्सार र सीमा नियन्त्रण;
    - प्रहरी र अन्य सम्बन्धित प्रशासनिक निकायहरु;
    - गुप्तचर निकायहरु;
    - न्यायालय ।

- राष्ट्रिय निर्यात नियन्त्रणको प्रभावकारी कार्यान्वयका सघन अन्तरनिकाय सहयोग आवश्यक पर्दछ ।

**भन्सार र सीमा नियन्त्रण**
हतियार ओसारपसार नियन्त्रण सम्बन्धी कानुन र नियमावली लागू गर्न भन्सार र सीमा प्रहरीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । सीमा नाकामा भन्सार अधिकारीहरुले निम्न अवस्था निश्चित गर्नु पर्दछ :

क. हतियार, गोला बारुद र/वा पाटपुर्जा र भागका ढुवानीमा निर्यात/आयात/पारवहन अक्तियारी जस्ता सबै दस्तावेजहरु साथ रहनु आवश्यक हुन्छ;

ख. आवश्यक दस्तावेज असली र सही छन्;

ग. ढुवानीका सामाग्री र प्राधिकारमा उल्लेख विवरण एकै छन् ।

**प्रहरी र अन्य प्रशासनिक निकाय**

प्रहरी र अन्य प्रशासनिक निकायलाई, उपयुक्तता अनुरुप, राष्ट्रिय निर्यात नियन्त्रण कानुन र नियमावली लागू गर्न आवश्यक अधिकार, अनुसन्धात्मक सीप र क्षमता उपलब्ध गराउनु पर्दछ ।

**न्यायालय**
सान्दर्भिक मुद्दाहरु छिटो छिनोफानो होस् भन्नका लागि निर्यात नियन्त्रणमा विशेषज्ञता हासिल गरेका अभियोजक र न्यायाधिशहरुको पंक्ति राज्यले तयार गर्न सक्दछ ।

*१.४.३ उद्योग*

- हतियारको उत्पादन र निर्यातमा संलग्न कम्पनी र व्यक्तिहरुलाई जिम्मेवारी दिन राज्यलाई प्रेरित गरिन्छ, विशेष गरेर अभिलेख राख्न, एटीटीमा समावेश वस्तुहरुको निर्यातबारे प्रतिवेदन र प्रशासनिक निकाय सँगको सहयोग कायम राख्न ।
- हतियारको उत्पादन र निर्यातमा संलग्न कम्पनी र व्यक्तिहरुले अनुपालनलाई सहज तुल्याउन निर्यात नियन्त्रण कानुन, नियमावली र प्रक्रियाबारे जानकारी राख्नु पर्दछ ।
- उद्योगको तहबाट राष्ट्रिय नियन्त्रण कानुन र नियमावली अनुपालनका लागि उद्योगले राष्ट्रिय तहमा परामर्शदाता निकाय वा मञ्च स्थापना गर्न सक्दछ ।

**३. अन्तर्राष्ट्रिय सहयोग र सहायता**

*१. सुचना आदान प्रदान सम्बन्धी अन्तर्राष्ट्रिय सहयोग*

- एटीटीको प्रभावकारी कार्यान्वयनका लागि आ-आफ्नो सुरक्षा स्वार्थ र राष्ट्रिय कानुन अनुकूल, पक्ष राष्ट्रहरुले एक अर्कालाई सहयोग गर्नेछ ।54
- अवैध गतिविधि वा पात्रहरु सम्बन्धी सुचना आदान प्रदानबाट समेत, राष्ट्रिय तहमा सन्धि कार्यान्वयनमा सहयोग गर्न राष्ट्रिय कानुनको आधारमा राज्य पक्षहरुले सहयोग गर्नु पर्दछ ।55 व्यक्तिगत तथ्याङ्क, व्यावसायिक गोपनीयता र राज्यहरुको सुरक्षा चासोका सम्बन्धमा उपलब्ध सुचना राष्ट्रिय कानुनबाट सीमित हुन सक्दछ ।
- वस्तुहरुको प्रस्तावित ओसारपसारमा संलग्न सबै पक्षहरुको वैद्यता जाँच्न, राज्य पक्षहरुलाई सान्दर्भिक दस्तावेजहरुको प्रमाणीकरणमा सहायता गर्न राज्य पक्षहरुलाई प्रेरित गरिन्छ ।
- अवैध ओसारपर गतिविधि अनुसन्धान गर्नलाई राज्य पक्षहरुले प्रशासनको काममा सहयोग गर्नु पर्दछ ।
- अवैध ओसारपसार गतिविधिमा संलग्न भएको आरोप लागेका कुनै व्यक्ति वा कानुनी निकायको अनुसन्धान र अभियोजनसँग सम्बन्धित द्विपक्षीय र बहुपक्षीय सहयोगमा राज्य पक्षहरु संलग्न हुनु पर्दछ ।
- अवैध ओसारपसार गतिविधि सम्बन्धी सुचना आदान प्रदान गर्न राज्य पक्षहरुले द्विपक्षीय र बहुपक्षीय व्यवस्था कायम गर्न वा विद्यमान व्यवस्थाको प्रयोग गर्न सक्दछ ।
- सुचना आदान प्रदान सम्बन्धी द्विपक्षीय सहायता स्थापना गर्न एटीटीका राष्ट्रिय सम्पर्क बिन्दूहरु बीचको सम्पर्क निश्चित रुपमा पहिलो प्रयास हो ।56

54 Article 15 (1).
55 Article 15 (4).
56 See Article 5 (6), and module 4 of this toolkit.

२. **अन्तर्राष्ट्रिय सहायता**

- हतियार निर्यात गतिविधि नियमन गर्न राज्य पक्षहरुले सहायता (प्राविधिक, कानुनी, आर्थिक र अन्य सहायता) माग गर्न सक्छन्।
- अनुरोध प्राप्त भएको अवस्थामा, सहायता प्रदान गर्न सक्ने राज्य पक्षले सो गर्नु पर्दछ।
- अवैध लेनदेन क्रियाकलाप रोकथाम र नियन्त्रण गर्न क्षमता अभिवृद्धि कार्य सबल तुल्याउन राज्य पक्षले संभावनाको खोजी गर्नु पर्दछ (उदाहरणका लागि विश्व भंसार संगठन (डब्लूसीओ) एसएएफई खाका) ।57 डब्लूसीओको कोलम्बस कार्यक्रमले एसएएफई मापदण्डका खाका र अन्य महासन्धि तथा संयन्त्रहरुको पूर्ण कार्यान्वयनको लक्ष्य कायम राखेको छ ।58
- इन्टरपोल तथ्याङ्कमा पहुँच कायम गर्न र प्रभावकारी उपयोग गर्न, राज्य पक्षले सान्दर्भिकता अनुकूल इन्टरपोलसँग सहकार्य लगायतका कार्य गर्नु पर्दछ :

    - इन्टरपोल हातहतियार सिफारीस तालिका (आइएपआरटी)59
    - इन्टरपोल बिष्पोटक सुचना सञ्जाल (आइबीआइएन)60
    - इन्टरपोल अवैध हतियार अभिलेख र पहिचान व्यवस्थापन प्रणाली (आइबीआइएन)61
    - इन्टरपोल चोरी भएका प्रशासनिक दस्तावेज (एसएडि) दस्तावेज
    - इन्टरपोल चोरी भएका र हराएका यात्रा सम्बन्धी कागजात (एसएलटिडि)62
    - इन्टरपोल जाली कागजात तथ्याङ्क63
    - इन्टरपोल सक्कली र नक्कली कागजातको तुलना तथ्याङ्क64
    - इन्टरपोल समुद्री डकैती तथ्याङ्क ।65

- सबै सान्दर्भिक इन्टरपोल तथ्याङ्क आइ-२४/७ सञ्जालबाट तत्काल प्राप्त हुन्छ जसमा सबै विवरण इन्टरपोल राष्ट्रिय केन्द्रीय तथ्याङ्क (एनसीबी) सँग जोडिएको हुन्छ ।66
- सीमा नियन्त्रण इकाई र भंसार अधिकारी जस्ता अतिरिक्त अधिकार प्राप्त प्रशासनिक निकायसम्म आइ-२४/७ को पहुँच कायम गर्न इन्टरपोलले एनसीबीलाई प्रेरित गर्दछ। आइ-२४/७ प्रणाली अतिरिक्त अधिकार प्राप्त प्रहरी प्रशासन संस्थासम्म कायम राख्न इन्टरपोलले निरन्तर रुपमा प्राविधिक सहायता र सहयोग उपलब्ध गराउँछ।
- इन्टरपोलको एकीकृत सीमा व्यवस्थापन कार्यदल इन्टरपोलको अन्तर्राष्ट्रिय सीमा सुरक्षा गतिविधिको सम्पर्क र संयोजनको मूल बिन्दु हो। कार्य दलले इन्टरनेट उपकरण र सेवामा पहुँच कायम राखेर, क्षमता अभिवृद्धि तालिम उपलब्ध गराएर र परीचालनका गतिविधि संयोजन गरेर सीमा सुरक्षाको अग्रपंक्तिमा कार्यरत प्रहरी अधिकृतलाई सहयोग गर्दछ ।67

57 www.wcoomd.org/en/topics/facilitation/instrument-and-tools/tools/safe_package.aspx.
58www.wcoomd.org/en/about-us/wco-secretariat/thedirectorates/~/link.aspx?_id=D581386AEDDA4B328142E78D89F76536&_z=z
59 www.interpol.int/Crime-areas/Firearms/INTERPOL-Firearms-Reference-Table-IFRT.
60 www.interpol.int/Crime-areas/Firearms/INTERPOL-Ballistic-Information-Network-IBIN.
61 www.interpol.int/Crime-areas/Firearms/INTERPOL-Illicit-Arms-Records-and-tracing-Management-System-iARMS.
62 www.interpol.int/INTERPOL-expertise/Border-management/SLTD-Database.
63 www.interpol.int/INTERPOL-expertise/Databases.
64 www.interpol.int/INTERPOL-expertise/Databases.
65 www.interpol.int/INTERPOL-expertise/Databases.
66 www.INTERPOL.int/Public/Region/Default.asp
67 www.interpol.int/INTERPOL-expertise/Border-management.



## हतियार व्यापार सन्धि कार्यान्वयन सन्दर्भ सामग्री

# मोड्युल ७
# आयात

www.un.org/disarmament/ATT मा उपलब्ध छ

## १. परिचय

हतियार व्यापार सन्धि (एटीटी) मा संलग्न हुने कुनै पनि राष्ट्रले सन्धि कार्यान्वयनका लागि प्रभावकारी उपाय कायम राख्ने प्रतिवद्धता जाहेर गरेको हुन्छ ।

एटीटी अन्तर्गतका दायित्व पूरा गर्न प्रत्येक राज्यले के कस्ता उपाय अवलम्बन गर्नु पर्दछ भनेर निर्णय गर्नु पर्दछ । यी उपाय देश दशबीच अन्तर हुन सक्दछ ।

एटीटीको धारा ८ अनुसार, राज्य पक्षले, आवश्यकता बमोजिम, धारा २ (१) मा उल्लेख भए अनुसार, परम्परागत हतियारको आयात नियमन गर्न पाउनु पर्दछ, यद्यपि परम्परागत हतियारको बृहत तहसम्म सन्धिका प्रावधान लागू गर्न प्रेरित गर्नु पर्दछ ।1

## २. राष्ट्रिय नियन्त्रण प्रणाली

- राज्य पक्षले राष्ट्रिय नियन्त्रण सूचीसहित राष्ट्रिय नियन्त्रण प्रणाली स्थापना र कायम राख्नु पर्दछ ।2
- एटीटीमा समावेश वस्तुहरुको आयातमा प्रभावकारी र पारदर्शी राष्ट्रिय नियन्त्रण र नियमन सुनिश्चित गर्न राज्य पक्षले सक्षम राष्ट्रिय अक्तियारी  तय गर्नु पर्दछ ।3

## ३. परम्परागत हतियारको आयातमा राज्य पक्षको दायित्व

- धारा २ (१) मा उल्लेख भए अनुसार, राज्य पक्षले, आवश्यकता बमोजिम, आफ्ना क्षेत्राधिकारमा परम्परागत हतियारको आयात नियमन गर्न उपाय अवलम्बन गर्नु पर्दछ ।4 (सन्धि बमोजिम त्यस्ता उपायमा आयात प्रणाली समावेश हुन सक्दछ तर यसले थप दिग्दर्शन भने उपलब्ध गराउँदैन ।)

- धारा ८ अन्तर्गत एटीटीले निश्चित रुपमा कार्य सम्पन्न गर्न नपरे पनि, राज्य पक्षले गोलीगठ्ठा, पाटपूर्जा र भागको आयात नियमन गर्न उपायहरु अवलम्बन गर्न सक्दछ । यस्ता उपाय धारा ५ (५) अनुकूल रहने छ जसअन्तर्गत राज्य पक्षले एटीटीका प्रावधान कार्यान्वयनका लागि आवश्यक उपाय अवलम्बन गर्नु पर्दछ र परम्परागत हतियार, गोलीगठ्ठा, पाटपूर्जा एवं भागका ओसारपसार नियमन गर्न प्रभावकारी एवं पारदर्शी राष्ट्रिय नियन्त्रण प्रणालीका लागि राष्ट्रिय अक्तियारी  तोक्नु पर्नेछ ।

- परम्परागत हतियार, गोलीगठ्ठा, पाटपूर्जा र भागका आयातले सन्धिको धारा ८ उल्लंघन गर्ने भएमा राज्य पक्षले त्यस किसीमको आयातमा प्रतिबन्ध लगाउनु पर्नेछ ।

1 Article 5 (3).
2 Article 5 (2).
3 Article 5 (5).
4 Article 8 (2).

## ४. आयातको नियमन

- एटीटीको धारा ६ मा समावेश प्रावधान उल्लंघन हुने भए, न्यूनतम रुपमा, धारा २ (१), ३ र ४ मा सुचीकृत गरिएको वस्तु आयातमा प्रतिबन्ध लगाउन न्यूनतम रुपमा राज्य पक्षलाई एक प्रणाली आवश्यक पर्दछ ।

- आयात नियमनले राज्य पक्षलाई आयातको आवेदनमा अधिकार दिन वा अस्वीकार गर्न र आफ्नो भूगोलमा हुने वास्तविक ढुवानी अक्तियारी र राष्ट्रिय नियन्त्रण सुची अनुकूल रहेको सुनिश्चित गर्नु पर्दछ । यसका अतिरिक्त धारा ७ (१) र ८ (१) अनुकूल, सुचना माग भएको अवस्थामा, आयातकर्ता राज्यको राष्ट्रिय कानुन अनुकूल रहने गरी निर्यात आंकलन संचालनमा नियातकर्ता राज्यलाई सहयोग गर्न उपयुक्त र सान्दर्भिक सूचना उपलब्ध गर्न गराउन निर्यातकर्ता राज्यले आवश्यक उपायहरु कायम राख्नु पर्दछ ।

- आयात नियमन अभ्यास गर्दै, पूर्वसूचना प्राप्त गरेर सक्षम अधिकारीलाई आयातकर्ता राज्यको क्षेत्रमा सामानहरु प्रवेश गर्न दिने कि नदिने भन्ने निश्चित गर्न र आगमनकै समयमा सामाग्रीहरु जाँच गर्न (जफतको संभावनाका साथसाथै) आयातकर्ता राज्यले संयन्त्र प्राप्त गर्न सक्ने छ ।

- प्रभावकारी आयात नियमनले हतियार, गोलीगठ्ठा, पाटपूर्जा र सामग्रीको पथान्तरणरोकथाम गर्न सक्ने छ ।

- उपयुक्त आयात नियमनले निर्यातकर्ता राज्यका राष्ट्रिय प्राधिकारणका – निर्यात आंकलनसहित – निर्णय प्रक्रियालाई सुचित गर्न सक्दछ । आयातकर्ता राज्यले अन्तिम प्रयोग/प्रयोगकर्ताका दस्तावेजमा समावेश सूचना र त्यस्ता दस्तावेजको विश्वसनीयता सुनिश्चित गर्न सहयोग गर्न सक्दछ ।

- आयात नियमनले अन्य राजसँग विश्वास अभिवृद्धि गर्न सहयोग गर्न सक्दछ । आयात नियमन गर्ने प्रभावकारी र पारदर्शी प्रणालीले हतियारको गन्तव्यको रुपमा आयातकर्ता राज्यको विश्वसनीयता अभिवृद्धि गर्न सक्दछ ।

- फलस्वरुप, आयातकर्ता राज्य पक्षहरुले हतियार आयात नियमन गर्ने प्रणालीको प्रभावकारीता र पारदर्शीता सुनिश्चित गर्न आफ्ना आयात कानुन, नीति, अभ्यास र प्रक्रियाहरु पूनरावलोकन गर्न प्रोत्साहन प्राप्त गर्न सक्नेछन् ।

### *१. आयात नियमनका तत्वहरु*

- आयातित परम्परागत हतियार प्रभावकारी रुपमा नियमन गर्ने आधारभूत तत्व निम्न छन् :

क. राष्ट्रिय नियन्त्रण सुचीसहित राष्ट्रिय कानुन;
ख. राष्ट्रिय अक्तियारी ;
ग. अभिलेख राख्नेलगायत नियमनकारी प्रक्रिया;
घ. कार्यान्वयन संयन्त्र;

## २. *राष्ट्रिय नियन्त्रण सुचीसहित राष्ट्रिय कानुन*

➢ राष्ट्रिय कानुनमा निम्न समावेश हुनु पर्दछ :

क. कुन विषय आयात नियमनमा समावेश हुन्छन् (राष्ट्रिय नियन्त्रण सुची);
ख. परम्परागत हतियार आयात नियमनका लागि कुन सरकार, मन्त्रालय, विभाग र निकाय जिम्मेवार छन् (राष्ट्रिय प्राधिकारण);
ग. आयात अक्तियारी प्रदान वा अस्वीकार गर्ने आधार (नियमनकारी प्रक्रिया);
घ. निवेदक र राष्ट्रिय प्राधिकारका अभिलेख राख्ने;
ङ. आयात अपराधका हकमा लागू हुने कानुनी र/वा प्रशासनिक कार्य (उदाहरणका लागि कार्यान्वयन उपाय र संयन्त्र, अभियोजन र सजाय) ।

राज्य पक्षहरुले राष्ट्रिय नियन्त्रण सुची निर्माण र कायम राख्नु आवश्यक हुन्छ ।5

- राष्ट्रिय नियन्त्रण सुचीका विवरणका लागि पाठ्यक्रम ६ हेर्नुहोस् ।

## ३. *राष्ट्रिय निकाय*

➢ एटीटीमा समावेश वस्तुहरुको ओसारपसार नियमन गर्न प्रभावकारी र पारदर्शी नियन्त्रण प्रणाली सुनिश्चित गर्न राज्य पक्षहरुले सक्षम राष्ट्रिय अक्तियारी तोक्नु पर्दछ ।6
➢ तोकिएका राष्ट्रिय अक्तियारीहरुले अधिकार दिने कुनै निर्णय लिन पूर्व अन्य सम्बन्धित सरकारी मन्त्रालय वा विभागहरुसँग परामर्श लिनु पर्दछ ।
➢ अक्तियारी प्राप्त नियकाले अवलम्बन गर्नु पर्ने कार्यमा निम्न समावेश हुन सक्दछ :

क. लागू हुने, संभाव्य, व्यावहारिक भए, वास्तविक आयातका साथै अन्तिम प्रयोग/प्रयोगकर्ता अभिलेखीकरण प्रमाणीकरण र आंकलन सहित आयात आवेदन प्राप्त र समीक्षा गर्ने;

ख. आयात अक्तियारी जारी गर्ने;

ग. संभव भएमा, आयात अनुमति पत्रको अभिलेख/प्राधिकारका साथै वास्तविक आयातको अभिलेख राख्ने;

घ. संभावना र राष्ट्रिय कानुनु अनुसार, एटीटी सचिवालयमा बुझाउने गरी निगरानी गर्ने निकायमा जानकारी दिने र राष्ट्रिय प्रतिवेदनका लागि तथ्याङ्क उपलब्ध गराउने;

ङ. कुनै पनि विचाराधीन वा वास्तविक निर्यात प्राधिकारका सम्बन्धमा निर्यातकर्ता राज्यका
आयातकर्ता राज्य निर्यातको अन्तिम गन्तव्य देश भएको अवस्थामा, उपयुक्तता अनुरुप, निर्यातकर्ता राज्यबाट सुचना अनुरोध गर्ने;

च. उपयुक्तता अनुरुप, निर्यात आंकलनमा निर्यातकर्ता राज्यसँग सहकार्य गर्ने;

छ. निर्यातकर्ता राज्यहरुसँग सहमति भएको कार्यक्रम वा संयुक्त रुपमा विकसित, विश्वास निर्माण उपाय जस्ता न्यूनीकरण उपायहरु, आवश्यक परे, स्थापना वा अवलम्बन गर्ने ।

## *४. परम्परागत हतियारको आयात नियमनकारी प्रक्रिया*

- परम्परागत हतियारको आयात नियमन गर्ने प्रक्रियाले आयात अनुमति पत्र वा आयात अक्तियारी प्रदान गर्ने शर्तहरु स्थापना गर्न सक्दछ ।
- परम्परागत हतियार आयात नियमन गर्ने विभिन्न अवधारणाहरु हुन सक्दछ :

*क. अनुमति पत्र प्रणाली :* अनुमति पत्रको विषय रहने हतियारको ओसारपसारका साथै गोलीगठ्ठा, पाटपूर्जा र भागको ओसारपसारका हकमा आयातकर्ता निकायले (कम्पनी, संघ आदि) अनुमति पत्र, इजाजत वा अक्तियारी आयात पूर्व नै प्राप्त गर्नु पर्दछ । निश्चित व्यवस्था राज्य राज्य बीचमा भिन्न रहन्छ, जस्तै :

- कुनै पनि हतियारको (सन्दर्भ हेरेर गोलीगठ्ठा, पाटपूर्जा र भाग) आयातमा पूर्व अक्तियारी आवश्यक हुन्छ भन्ने प्रावधान;
- निश्चित हतियारको (सन्दर्भ हेरेर गोलीगठ्ठा, पाटपूर्जा र भाग) आयात सीमित प्रावधान आयात प्राधिकारको विषय हो ।
- निश्चित निकायले आयात अक्तियारी प्राप्त गरेपछि मात्र आयात गर्ने सक्ने सीमित प्रावधान;
- निश्चित प्रकारका हतियार प्रतिबन्धित छ भन्ने प्रावधान ।

*ख. भंन्सार अक्तियारी बाट आयात नियमन :* प्राथमिक तवरमा जाँच्ने, नियमन गर्ने र नियन्त्रण गर्ने माध्यमको रुपमा राज्यले भंसारको प्रयोग गर्दछ ।

- दुवै अवस्थामा, भंसार अधिकृतहरुले सबै कागजात प्रमाणीकरणका साथै वस्तुको आयात नियन्त्रण गर्नु पर्दछ । हतियारको आयात नियमन वा नियन्त्रण गर्ने निश्चित उपायले भंसार अक्तियारी हरुको बृहत अधिकार क्षेत्र र जिम्मेवारी अतिक्रमण गर्दैन ।

### आयात प्रक्रिया

- जब आयात गर्नु पर्ने वस्तु राष्ट्रिय नियन्त्रण सुची अन्तर्गत पर्दछ, आयातकर्ताले आयातकर्ता राज्यको आयात अक्तियारी मा आयात प्राधिकारका लागि आवदेन दिनु पर्दछ ।
- आयात प्रक्रियाको निश्चित क्रम निम्न रहन्छ :
  - आयात प्राधिकारको आवेदन
  - राष्ट्रिय प्राधिकारणबाट आवेदनको पूनरावलोकन
  - आयात अक्तियारी जारी/अस्वीकृत गर्ने




## पूर्वआवश्यकता परिचालन अनुमति पत्र (राष्ट्रिय तहमा आवश्यक भए मात्र)

- राज्य पक्षले राष्ट्रिय कानुनका आधारमा, आयात अनुमति पत्र प्रणाली स्थापना गर्न सक्छन् (तर गर्न आवश्यक नभएको) जस अनुरुप वैध अनुमति पत्र प्राप्त गर्नेले मात्र प्रत्येक कारोवारको आयात प्राधिकारका लागि आवेदन दिन सक्छन् ।
- त्यस अवस्थामा परिचालन अनुमति पत्र आयात प्राधिकारलाई आवेदन दिनु पूर्वआवश्यकता हुन्छ ।

## संचालन अनुमति पत्रको आवेदन

- संचालन अनुमति पत्रका आवेदकले राष्ट्रिय नियमनले कायम राखेको आधार पूर्ति गर्नु पर्दछ ।
- संचालन अनुमति पत्रका आवेदन रद्द गरिनु पर्दछ यदि :
    - क. राष्ट्रिय नियमावलीले स्थापित गरेको अनुमति पत्रको आधार आवेदकले पूरा गर्न नसकेको;
    - ख. हतियारको अवैध व्यापारमा विगतमा आवेदकको संलग्नता रहेको प्रमाण;
    - ग. आवेदनको साथमा प्रस्तुत सुचना झुटो, गलत वा अपूर्ण भएमा;
    - घ. आवेदन परेको राज्यमा समेत लागू हुने गरी अर्को राज्यमा आवेदकलाई संचालन अनुमति पत्र नदिइएको ।

## संचालन अनुमति पत्रको म्याद समाप्ति

- जहाँ आयात अनुपति पत्र जारी भएको हुन्छ, त्यहाँ अनुमति पत्रको वैधताको समयसीमा सीमित रहनु पर्दछ । यी दस्तावेजको म्याद सकिने मिति तोकिनु पर्दछ । म्याद सकिने मिति अनुमति पत्रमा स्पष्ट लेखिनु पर्दछ ।

## चरण १ - आयात प्राधिकारका लागि आवेदन

- आयात प्राधिकारका लागि आवेदन विस्तृत हुनु पर्दछ र संभव भएसम्म निम्न सुचना समावेश हुनु पर्दछ :
  - अ आवेदकको नाम र सम्पर्क ठेगाना (आयातकर्ता);
  - आ अन्तिम प्रयोगकर्ताको नाम र सम्पर्क विवरण;
  - इ निर्यातको देश;
  - ई निर्यातकर्ताको नाम र सम्पर्क ठेगाना;
  - उ पारवहनको देश र अन्तरदेशीय ढुवानी, आवेदनको समय व्यावहारिक र जानकारीमूलक भएमा;
  - ऊ दलाल र मध्यस्थकर्ताको नाम र सम्पर्क ठेगाना, लागू हुने र व्यावहारिक भएमा;
  - ऋ आयातको मूल्य/परीमाण;
  - ए आयात गरिनु पर्ने वस्तुको लक्षित उपयोग;
  - ऐ आयात गरिनु पर्ने वस्तुको विस्तृत विवरण ।

## चरण २ - राष्ट्रिय अक्तियारीबाट आवेदनको पूनरावलोकन

- स्पष्ट परिभाषित मापदण्डका आधारमा सक्षम राष्ट्रिय अक्तियारीले आयात प्राधिकारका प्रत्येक आवेदन मूल्याङ्कन गर्नु पर्दछ ।7
- धारा ६ का प्रतिबन्ध स्थानान्तरणको प्रावधान आयात आंकलनमा लागू गर्नु पर्दछ ।7 अर्को अर्थमा, एटीटीको धारा ६ उल्लंघन भएमा आयात अक्तियारी उपलब्ध गरिने छैन ।
- आयातित वस्तुको परीमाण र प्रकृति आयातकर्ताको आवश्यकता अनुरुप भए नभएको अवस्था समेत सक्षम अक्तियारी ले ध्यानमा लिन सक्दछ ।
- आंकलनको समयमा आवेदक र अन्तिम प्रयोगकर्ताको जाँच र छानवीन गर्नु पर्दछ । विशेष रुपमा आंकलनले आवेदक र आयातकर्ताका हकमा निम्न आधार प्रमाणित गर्नु पर्दछ:

क. कानुनी रुपमा दर्ता वा व्यक्ति भएको;

ख. सही कानुनी अवस्था र जहाँ लागू हुन्छ, सही आर्थिक अवस्थामा रहेको;

ग. कालो सुचीमा नपरेको;

घ. विगतमा बुझाएको कागजात र सुचनाको गलत अर्थ/तोडमोड नगरेको;

ङ. आयात प्राधिकारका लागि आवेदन अस्वीकृत नगरिएको;

च. धारा ६ मा उल्लेख प्रतिबन्ध सम्बन्धी प्रावधान उल्लंघन मानिने ओसारपसारमा संलग्न नभएको;

छ. शान्ति र सुरक्षा नजरअन्दाज गर्ने ओसारपसार वा धारा ७ (ख) अन्तर्गत सुचीकृत कुनै पनि उल्लंघन वा कार्य गर्ने वा सहजीकरणमा सहभागी नभएको;

7 For a detailed discussion of States Parties’ obligations under Article 6, see module 5.

## चरण ३ - आयात अक्तियारी अस्वीकार

*अस्वीकारका संभावित आधार*

- आयात अक्तियारी जारी गर्नु हुँदैन, यदि :

  क. आवेदन पूर्ण नभए, गलत सुचना संलग्न भए वा जानीजानी तोरमरोड गरिए;

  ख. धारा ६ अन्तर्गत प्रस्तावित आयात प्रतिवन्धित भए;

  ग. अक्तियारी प्राप्त अन्तिम प्रयोगकर्तासम्म नपुग्दै वा पुगेपछि कुनै वा सबै वस्तु अन्यत्र पठाउन सकिने;

  घ. आयात गर्ने देशमा लक्षित प्रापकले आयातित वस्तु कानुनी रुपमा आफू समक्ष राख्न नसक्ने;

  ङ. आयातकर्तासँग आयातित वस्तु सुरक्षित भण्डारण गर्ने सुविधा छैन वा वस्तुहरु सुरक्षित रुपमा भण्डारण हुन्छ भन्ने सुनिश्चित गर्न नसक्ने;

- आवेदक समक्ष अक्तियारी अस्वीकारको क्रम लिखित रुपमा प्रस्तुत गर्नु पर्दछ ।

- विचलन र हतियारको अवैध व्यापार रोक्न अस्वीकारको सुचना विशेष गरेर उपयोगी हुन्छ । यसकारण राष्ट्रिय कानुन अनुकूल, राज्यले अर्को राज्यसँग जानकारीहरु आदान प्रदान गर्न प्रेरित गरिन्छ ।

## चरण ४ - आयात अक्तियारी अस्वीकार

- आयात अक्तियारी विस्तृत र सटीक हुनु पर्दछ । सम्बन्धित राष्ट्रिय कानुन र नियमावलीसँग कुनै पूर्वाग्रह नराखी आयात प्राधिकारमा निम्न समावेश हुन सक्दछ :

क. आयात अक्तियारी संख्या/अभिलेख पहिचान;

ख. जारी मिति;

ग. अक्तियारी जारी गर्ने राष्ट्रिय अक्तियारी को नाम;

घ. अक्तियारी जारी गर्ने अधिकार प्राप्त अधिकारीको हस्ताक्षर, प्रकाशित नाम र पद;

ङ. अक्तियारी प्राप्त गर्नेको नाम र सम्पर्क विवरण;

च. आयातका लागि स्वीकृत वस्तुको विस्तृत विवरण (उदाहरणको रुपमा, प्रकार, मोडल, नाम, मोडल संख्या, क्षमता र परीमाण);

छ. प्राधिकारको म्याद समाप्त हुने मिति;

ज. देश/पारवहन बन्दरगाह र/वा अन्तरदेशीय ढुवानी, सन्दर्भ अनुकूल, व्यावहारिक र अक्तियारी जारी गर्ने समयमा जानकारीमा रहेको;

झ. लागू हुने र व्यावहारिक भए दलाल, मध्यस्थकर्ता वा ढुवानीमा संलग्न अन्य कुनै पक्षका नाम र सम्पर्क विवरण;

ञ. अक्तियारी जारी गर्ने समयमा व्यावहारिक र जानकारी भए, प्रत्येक खण्डमा प्रयोग गरिने यातायातको साधानका साथै यातायता मार्गको विवरण;

ट. निर्यातको देश;

ठ. आयात हुने वस्तुको लक्षित प्रयोग;

ड. अक्तियारी प्राप्त अन्तिम प्रयोगकर्ताको नाम र सम्पर्क विवरण;

ढ. आयात हुने वस्तुको लक्षित प्रयोग;

ण. अक्तियारी प्राप्त अन्तिम प्रयोगकर्ताको नाम र सम्पर्क विवरण;

त. मूल्यसहित आयात गरिने वस्तुको विस्तृत विवरण;

थ. अक्तियारी जारी गर्ने राष्ट्रिय अक्तियारी को छाप। विद्युतीय सामाग्री प्रयोग गर्ने क्रममा वाटरमार्क र एम्बस छाप वा चिन्हभन्दा नयाँ प्रकारका प्रमाणीकरणको प्रयोग आरम्भ हुन सक्छ भन्ने ध्यानमा लिनु पर्दछ। तथापि विद्युतीय प्रणाली कायम नभएको अवस्था वा विद्युतीय आवेदनका साथै कागजी प्रतिहरु आवश्यक पर्ने अवस्थामा त्यस्ता परम्परागत विधिको प्रयोग जारी रहेको पाइन्छ।

द. आयातसँग सम्बन्धित संलग्न अन्य कुने शर्तहरु।

## *५. कार्यान्वयन संयन्त्र*

### *५.१ जरिवाना, दण्डहरु*

- हतियार आयातसँग सम्बन्धित कानुन र नियमावली उल्लंघनमा सशक्त दण्ड आवश्यक हुन्छ। आयात अपराधका दण्डमा निम्न समावेश हुन सक्छ :

क. जरिवाना;

ख. प्रशासनिक प्रतिबन्ध;

- अनुमति पत्र र/वा अक्तियारी निलम्बन वा रद्द;
- निश्चित समयका लागि उल्लंघनकर्तालाई अनुमति पत्र वा प्राधिकारका लागि प्रतिबन्ध लगाउने;
- अनुमति पत्र वा प्राधिकारको त्यस पछिका आवेदनमा अतिरिक्त दायित्व वा प्रतिबन्धात्मक शर्त कायम राख्ने;

ग. जेल सजाय।

### *५.२ भंसार अधिकृतबाट नियन्त्रण*

- प्रवेश बिन्दुमा भंसार अधिकृतहरुले निम्न निश्चित गर्नु पर्दछ :

क. आयात गर्ने सबै वस्तुको ढुवानीका साथमा आवश्यक सबै अक्तियारी र कागजात संलग्न हुन पर्दछ;
ख. ढुवानीको वास्तविक सामाग्री प्राधिकारमा उल्लेख विवरणसँग मेल खाएको।

*५.३ वितरण प्रमाणीकरण*

- आयातकर्ता राज्यले निर्यातकर्ता राज्यलाई आयातित वस्तुको ढुवानी आफ्नो भूभागमा प्रवेश गरेका जानकारी गराउनु उपयुक्त हुनेछ । संभव भएसम्म, आयातकर्ता राज्यले आयात गरिएको वस्तुहरु अक्तियारी प्राप्त अन्तिम प्रयोगकर्तासम्म पुगेको प्रमाणित गर्नु पर्दछ ।

- यी कुरा भिन्न माध्यमबाट गर्न सकिन्छ, जस्तै :

क. वितरण प्रमाणपत्रको व्यवस्था;
ख. अन्य वितरणको कागजात वा जानकारीको व्यवस्था;
ग. वितरण पश्चात नियन्त्रण र स्थलगत प्रमाणीकरण ।

*५.३.१ वितरण प्रमाणीकरण प्रमाणपत्र*

- वितरण प्रमाणीकरण प्रमाणपत्र, अक्तियारी प्राप्त अन्तिम प्रयोगकर्ताले प्राप्त गरेको निश्चित गर्ने आयातकर्ता देशको भंसार वा अन्य सक्षम अक्तियारी ले प्रमाणित गरेको दस्तावेज हो ।
- निर्यातकर्ता देशलाई आयातकर्ताले वितरण प्रमाणीकरण प्रमाणपत्र उपलब्ध गराउने प्रतिवद्धता आरम्भबाटै अन्तिम प्रयोग/प्रयोगकर्ता प्रमाणपत्र वा वक्तव्य वा विक्रि सहमतिमा समावेश गर्न सकिन्छ ।
- निर्यातकर्ता देशका राष्ट्रिय अक्तियारी ले आयातकर्ताले उपलब्ध गराएको कागजातको वैधानिकता प्रमाणित गर्नु पर्दछ ।

*५.४. गैरपूनर्निर्यात प्रावधान*

निर्याकर्ता राज्यलाई विक्रि संझौतामा गैरपूनर्निर्यात प्रावधान आवश्यक पर्न सक्दछ । आम रुपमा, यस्ता प्रावधानले अन्तिम प्रयोगकर्ताले हतियार पूनर्निययता गर्नै नसक्ने निश्चित गर्न सक्दछ वा अन्तिम प्रयोगकर्ताले मूल निर्यातकर्ता राज्यबाट पूर्वलिखित अनुमति प्राप्त गर्नै पर्दछ ।

*६. अभिलेखीकरण*

- प्रत्येक राज्य पक्षले अन्तिम गन्तव्यको रुपमा आफ्नो क्षेत्रमा ढुवानी हुने परम्परागत हतियारको अभिलेख राख्नु पर्दछ ।[8] आयातकर्ता राज्यलाई एटीटीले त्यस्ता अभिलेख राख्न बाध्य पार्ने छैन । तथापि, धारा १३ (३) अन्तर्गत, प्रत्येक राज्य पक्षले परम्परागत हतियारका अक्तियारी वा वस्तुगत निर्यात *र आयात* को वार्षिक प्रतिवेदन बुझाउनु आवश्यक हुन्छ ।

- अभिलेख सम्बन्धी विवरणका लागि पाठ्यक्रम ६ हेनुहोस् ।

8 Article 12 (2).

## ५. अन्तर्राष्ट्रिय सहयोग र सहायता

विस्तृत विवरणका लागि पाठ्यक्रम ६ हेर्नुहोस्



हतियार व्यापार सन्धि कार्यान्वयन सन्दर्भ सामग्री

# मोड्युल ८
# पारवहन र अन्तरदेशीय ढुवानी

www.un.org/disarmament/ATT मा उपलब्ध छ

## १. परिचय

हतियार व्यापार सन्धि (एटीटी) मा समावेश हुने कुनै देशले सन्धि कार्यान्वयनका लागि प्रभावकारी उपायको व्यवस्था गर्नु पर्दछ ।

एटीटी अन्तर्गतका आफ्ना दायित्व पूरा गर्न अवलम्बन गर्नु पर्ने उपायबारे प्रत्येक राज्य पक्षले निर्णय लिनेछ । यस्ता उपाय देश देशबीच भिन्न रहन सक्दछ ।

यो आठौं पाठ्यक्रम, *पारवहन र अन्तरदेशीय पारवहन* ले आवश्यकता र संभाव्यता अनुसार, आफ्नो क्षेत्राधिकारभित्र हतियार पारवहन र अन्तरदेशीय ढुवानी नियमन गर्न राज्यहरुलाई सहयोग गर्ने लक्ष्य लिएको छ ।

## २. एटीटीको धारा ९ अन्तर्गत पारवहन र अन्तरदेशीय ढुवानी नियमन

- दुवै पारवहन र अन्तरदेशीय ढुवानीमा एटीटीको धारा २ (२) अन्तर्गत 'ओसारपसार' संलग्न हुन्छ । राज्य पक्षले आवश्यकता र संभाव्यता अनुरुप, धारा २ (१) अन्तर्गत, आफ्नो क्षेत्र भित्रबाट अन्तर्राष्ट्रिय कानुन अनुसार, आफ्ना क्षेत्राधिकार भित्रका पारवहन र अन्तरदेशीय ढुवानी नियमन गर्न राज्य पक्षले उपायहरु अवलम्बन गर्नेछ ।[1]

- धारा ९ अन्तर्गत एटीटीले आवश्यकता स्पष्ट किटान नगरे पनि राज्य पक्षलाई गोलीगठ्ठा, पाटपूर्जा र भागको ढुवानी वा अन्तरदेशीय ढुवानी नियमन गर्न अग्राधिकार प्राप्त हुनेछ ।

- सान्दर्भिक अन्तर्राष्ट्रिय कानुन बमोजिम पारवहन र अन्तरदेशीय ढुवानी नियमन गर्ने उपाय अवलम्बन गरिने छ । उदाहरणको रुपमा, कुनै पनि पारवहन र अन्तरदेशीय ढुवानी संयुक्त राष्ट्र संघीय कानुन सम्बन्धी महासन्धि (यूएनसीएलओएस)[2], अन्तर्राष्ट्रिय नागरिक अभियान सम्बन्धी महासन्धि[3], रेलबाट सामाग्रीको ओसारपसार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (सीआइएम)[4] र भूपरिवेष्ठित राज्यका पारवहन व्यापार सम्बन्धी महासन्धिका[5] अधिकार र दायित्व अनुकूल रहनु पर्दछ ।

- पारवहनमा रहेका सामाग्री उपर नियन्त्रण कायम गर्न पारवहन र अन्तरदेशीय ढुवानीले चुनौति खडा गर्दछ विशेष गरेर लामो सीमाना वा ठूला क्षेत्रीय पानी र सीमित क्षमता (मानवीय र प्राविधिक) भएका देशहरुमा ।

1 Article 9.
2 United Nations, Treaty Series, vol. 1833, p.
3. 3 United Nations, Treaty Series, vol. 15, p. 295.
4 United Nations, Treaty Series, vol. 1101, p. 226.
5 United Nations, Treaty Series, vol. 597, p. 3.

- अन्तरदेशीय संचालन जारी राख्ने देशहरुलाई समेत अन्तरदेशीय ढुवानी प्रभावकारी रुपमा नियमन गर्न कठिनाइ हुन सक्दछ । यसको अतिरिक्त हवाई, जमीन र समुद्री यातायात नियमन गर्ने भिन्न अवधारणा हुन सक्छ । फलस्वरुप सबै अवस्थामा एकै समाधान उपयुक्त हुँदैन ।

## ३. पारवहन र अन्तरदेशीय ढुवानीमा के हुन्छ ?

- एटीटीले पारवहन र/वा अन्तरदेशीय ढुवानीको परिभाषा उपलब्ध गराउँदैन ।
- अन्तर्राष्ट्रिय साना हतियार नियन्त्रण (आइएसएसीएस)6 मापदण्डका अनुसार, पारवहन र अन्तरदेशीय ढुवानी भनेको:

**आइएसएसीएस ०१.२०**

*पारवहन : 'प्रवेश विन्दुमा सामाग्रीको भारवहन र पारवहन राज्यबाट बहिर्गमनसहित अन्य दुई राज्यबीच ढुवानीको क्रममा राज्यको भूभागबाट सामाग्रीको ओसारपसार ।'*

*अन्तरदेशीय ढुवानी : 'निर्यातकर्ता र आयातकर्ता राज्य बाहिर मध्य स्थानमा सामाग्रीको ढुवानी, जहाँ भिन्न ढुवानी जहाजमा सामाग्री लोड गरेर, अन्तिम गन्तव्यतर्फ (वा अतिरिक्त अन्तरदेशीय बिन्दुमा) राज्यको भूभाग पार नगरी ढुवानी गरिन्छ जहाँ अन्तरलोडको काम सम्पन्न गरिन्छ ।*

- राज्य पक्षले सान्दर्भिक राष्ट्रिय कानुन र एटीटी कार्यान्वयनका लागि नीतिहरु अवलम्बन गर्न यी परिभाषा अवलम्बन गर्न वा यसबाट उदाहरण लिन सक्छन् ।

## ४. पारवहन र अन्तरदेशीय ढुवानी नियमन गर्न राज्य पक्षले ध्यानमा लिनु पर्ने उपायहरु

एटीटी अन्तर्गतको दायित्व पालना गर्न राज्य पक्ष कार्यान्वयन प्रयासको जिम्मेवारीमा छन् । यस अवस्थामा, तिनले निम्न मध्यको अवस्था अवलम्बन गर्न सक्नेछन् :

क. निम्न अवस्थामा कानुन, नियमावली र प्रक्रियाहरु अवलम्बन गर्ने :

- पारवहन र/वा अन्तरदेशीय ढुवानीको राष्ट्रिय परिभाषा;
- राष्ट्रिय अख्तियारी (पारवहन र अन्तरदेशीय ढुवानीका लागि कुन मन्त्रालय वा निकाय जिम्मेवार छ);

6 Available at www.smallarmsstandards.org.

- पारवहन/अन्तरदेशीय ढुवानी अक्तियारी (नियमनकारी प्रक्रियाहरु) प्रदान वा अस्वीकार गर्ने मापदण्ड, लागू हुने भए । अक्तियारी अस्वीकार गर्ने आवश्यकता यसमा समावेश हुनु पर्दछ जहाँ पारवहन वा अन्तरदेशीय ढुवानीले एटीटीको धारा ६ उल्लंघन वा उल्लंघनमा सहयोग गर्दछ;
- पारवहन वा अन्तरदेशीय ढुवानीका लागि अक्तियारी प्राप्त परम्परागत हतियारको अभिलेख र/वा प्रशासनिक कार्य;
- कानुनी र/वा प्रशासनिक कार्य जो अपराधको हकमा लागू हुन्छ (लागू हुने उपाय र संयन्त्र, अभियोजन र सजाय) ।

ख. नियमनकारी प्रक्रियाहरु स्थापना गर्ने7, जस्तै :

- अनुमति पत्र प्रणाली । प्रणाली अन्तर्गत, निर्यातकर्ताले राज्यको क्षेत्राधिकार भित्रको भूभागबाट हतियार पारवहन/अन्तरदेशीय ढुवानी पूर्व पारवहन/अन्तरदेशीय ढुवानी हुने राज्यको राष्ट्रिय अक्तियारी मा निर्यातकर्ताले पारवहन/अन्तरदेशीय ढुवानी प्राधिकारका लागि आवेदन दिने र अनुमति प्राप्त गर्नु पर्दछ ।
- पूर्व जानकारी ।8 पारवहन/अन्तरदेशीय ढुवानी हुने राज्यका राष्ट्रिय अक्तियारी लाई राज्यको क्षेत्राधिकार भित्रको भूभागबाट पारवहन/अन्तरदेशीय ढुवानीमा रहेका हतियारका सुचना र कागजात, भूभागमा हतियार आउन पूर्व, उपलब्ध गराउनु पर्दछ ।
- भंसार अधिकारीबाट पारवहन/अन्तरदेशीय ढुवानी नियन्त्रण । पारवहन/अन्तरदेशीय ढुवानी राज्यका भंसार अक्तियारी लाई प्रस्थान विन्दुमै हतियार ढुवानीको जानकारी गराउनु पर्दछ । प्राविधिक तथा कागजी जाँच संचालन गर्न सकिन्छ ।

ग. परम्परागत हतियारका पारवहन र अन्तरदेशीय ढुवानीसँग सम्बन्धित कानुन, नियमावली र प्रशासनिक प्रक्रियाका अनुपालन सुनिश्चित गर्न कार्यान्वयन विधि र संयन्त्र कायम गर्नु पर्दछ ।

घ. सीमित स्रोत साधन भएका राज्यले निश्चित प्रवेश विन्दु/बन्दरगाहमा पारवहन/अन्तरदेशीय ढुवानी सीमित गर्न सक्दछ ।

ङ. राज्य पक्षको क्षेत्राधिकार भित्र पारवहन वा अन्तरदेशीय ढुवानी हुन सक्ने अक्तियारी प्राप्त परम्परागत हतियारको अभिलेख राख्ने ।9

## ५. अन्तर्राष्ट्रिय सहयोग र सहायता

विस्तृत विवरणका लागि पाठ्यक्रम ६ हेर्नुहोस्

7 For example, States Parties to the Inter-American Convention against the Illicit Manufacturing and Trafficking in Firearms, Ammunition, Explosives, and Other Related Materials have to establish and maintain an effective system of international transit licences or authorizations for transfers of firearms, ammunition, explosives and other related materials under Article IX.
8 For example, see Article 10.2 (b) of the Firearms Protocol.
9 Article 12 (2)



हतियार व्यापार सन्धि कार्यान्वयन सन्दर्भ सामग्री

# मोड्युल ९
# लेनदेन

www.un.org/disarmament/ATT मा उपलब्ध छ

## १. परिचय

हतियार व्यापार सन्धि (एटीटी) मा संलग्न हुने कुनै देशले सन्धि कार्यान्वयन गर्ने प्रभावकारी विधि कायम गर्न सक्दछ ।

एटीटी अन्तर्गतको दायित्व पूरा गर्न राज्यले कस्तो विधि अपनाउनु पर्दछ भनेर राज्यले निर्णय लिनेछ । यस्ता विधि भिन्न भिन्न देशबीच भिन्न रहन सक्दछ ।

नवौं पाठ्यक्रम, *लेनदेन,* ले आफ्नो क्षेत्राधिकार भित्र हतियारको लेनदेन नियमनमा राज्यलाई सहयोग गर्दछ । विशेष गरेर, राष्ट्रिय लेनदेन नियन्त्रण अवलम्बन गर्न राज्य पक्षले ध्यानमा लिनु पर्ने उपायबारे यो पाठ्यक्रमले छलफल गर्नेछ ।

## २. एटीटीको धारा ११० अन्तर्गत लेनदेनको नियमन

- एटीटीको धारा २ (२) अन्तर्गत लेनदेनमा 'हस्तान्तरण' समावेश हुन्छ । धारा १० अनुसार, राज्य पक्षले, राष्ट्रिय कानुन अनुकूल, क्षेत्राधिकार भित्र हुने, धारा (२) १ अन्तर्गतको परम्परागत हतियारको लेनदेन नियमन गर्नेछ ।

- यस्ता विधिमा लेनदेनमा संलग्न हुनु पूर्व दलालले दर्ता गर्नु पर्ने वा लिखित अक्तियारी लिनु पर्ने हुन्छ ।1 एटीटीको धारा ६ अन्तर्गत स्थानान्तरणको प्रतिबन्ध सम्बन्धी दायित्व अनुपालन र आम रुपमा सन्धिको लक्ष्य र उद्देश्य नजरअन्दाज नगर्ने दायित्व सहित प्रत्येक राज्य पक्षलाई यस्ता नियमन निर्धारण गर्ने सुविधा प्राप्त हुन्छ ।

- एटीटीको धारा १० ले राज्य पक्षले गोलीगठ्ठा वा पाटपूर्जा र भागहरुको लेनदेन नियमन गर्नुपर्छ भन्ने स्पष्ट रुपमा माग नगरे पनि, प्रत्येक राज्य पक्षसँग आफ्नो क्षेत्राधिकार भित्र ती वस्तुको लेनदेन नियमन गर्ने अग्राधिकार सुरक्षित हुन्छ । यो अवस्था एटीटीको लक्ष्य र धारा ५ (५) को प्रावधान अनुकूल रहन्छ ।

1 Article 10.

## ३. हतियार लेनदेनमा के हुन्छ ?[2]

लेनदेन भन्नाले दलालले संचालन गर्ने गतिविधि हो जसमा निम्न समावेश हुन सक्छ :

- एक वा बढी पक्षसँग व्यवसायको अवसर खोज्ने सेवा;
- सम्बन्धित पक्षलाई सम्पर्कमा राख्ने;
- प्रस्ताव गर्न, मिलाउन वा सहजीकरण गर्न वा विभिन्न पक्षहरुबीच संभावित संझौता गर्न सहयोग गर्ने;
- आवश्यक कागजात प्राप्त गर्नमा पक्षहरुलाई सहयोग गर्ने;
- आवश्यक भुक्तानी मिलाउन पक्षहरुलाई सहयोग गर्ने ।

आर्थिक वा अन्य लाभको बदलामा सान्दर्भिक पक्षहरुलाई एकसाथ ल्याएर, संभावित कारोबार सम्पन्न गर्न वा सहजीकरण गर्नका लागि मध्यस्थता गर्ने व्यक्ति वा निकायलाई दलाल भनेर परिभाषित गन्छि ।

लाभ प्राप्त गर्न कुनै संझौता गर्ने प्रक्रियाको अंशको रुपमा, दलालले लेनदेनसँग सामिप्य राख्ने अन्य कार्य गर्न सक्छ जो आफैंमा लेनदेनका गतिविधि नहुन सक्छ । यो सन्दर्भमा दलालले निम्न कार्य गर्न सक्छ :

- अधिकृत विक्रेता वा प्रतिनिधिको रुपमा प्रस्तुत हुने;
- प्राविधिक सहायता र/वा तालिम दिने;
- यातायता र/वा ढुवानी खर्च उपलब्ध गराउने;
- भण्डारण व्यवस्था गर्ने;
- आर्थिक सेवा प्रदान गर्ने;
- वीमा नीति प्राप्त गर्ने;
- मर्मत संभार गर्ने;
- सुरक्षा र अन्य सेवा प्रदान गर्ने ।

## ४. सीमा पार हुने लेनदेन गतिविधि

- लेनदेन गतिविधि दलालको नागरिकता, आवास वा दर्ता कायम रहेको देशमा हुन सक्छ । यो कार्य अन्य देशमा समेत सम्पन्न हुन सक्छ ।

- लेनदेन भएको विषय निश्चित तवरले राज्यको क्षेत्राधिकार भित्र नपर्न सक्छ जहाँ लेनदेनको गतिविधि सम्पन्न हुन्छ र दलालले कहिले पनि यी वस्तुको स्वामित्व ग्रहण नगर्न सक्छ ।

2 See the Report of the Group of Governmental Experts established pursuant to General Assembly resolution 60/81 to consider further steps to enhance international cooperation in preventing, combating and eradicating illicit brokering in small arms and light weapons (A/62/163). For more information on brokering, also refer to the International Small Control Standards (ISACS) 01.20

- सीमा पार हुने लेनदेनको गतिविधिका कारण समान गतिविधिका क्षेत्राधिकारमा भिन्न राज्यहरुले राष्ट्रिय नियन्त्रण कायम राख्न सक्दछ ।

लेनदेनका गतिविधि निर्यातकर्ता राज्य, आयातकर्ता राज्य वा पारवहन/अन्तरदेशीय ढुवानीका राज्य वा अन्य कुनै देशमा हुन सक्छ (तेस्रो मुलुक) ।

- लेनदेनका गतिविधि निर्यातकर्ता देश, आयातकर्ता देश, पारवहन/अन्तरदेशीय देशमा कायम हुने भएमा, दलाल सक्रिय रहने आयातकर्ता राज्यबाट वस्तुहरु ओसारपसार हुनेछ । चित्र १ ले निर्यातकर्ता, आयातकर्ता वा पारवहन/अन्तरदेशीय ढुवानी राज्यका क्षेत्राधिकार भित्र सम्पन्न लेनदेन गतिविधिका विभिन्न नियमनकारी मापदण्ड प्रस्तुत गर्दछ ।

**चित्र १ : निर्यात/आयात/पारवहन राज्यमा लेनदेन**

**घटना १**

निर्यातकर्ता राज्य आयातकर्ता राज्य

**क** → **ख**

दलालले राज्य क भन्दा बाहिर लेनदेनका गतिविधि संचालन गर्छ

- दलाल राज्य क को क्षेत्राधिकार भित्र रहन्छ र राज्य क को सान्दर्भिक कानुनको अनुपालन गर्नु पर्दछ
- दलाल राज्य क को नागरिक, बासिन्दा वा राज्य क मा दर्ता भएको कम्पनी हो

---

**घटना २**

निर्यातकर्ता राज्य आयातकर्ता राज्य

**क** → **ख**

दलालले राज्य ख भन्दा बाहिर लेनदेनका गतिविधि संचालन गर्छ

- दलाल राज्य ख को क्षेत्राधिकार भित्र रहन्छ र राज्य ख को सान्दर्भिक कानुनको अनुपालन गर्नु पर्दछ
- दलाल राज्य ख को नागरिक, बासिन्दा वा राज्य ख मा दर्ता भएको कम्पनी हो

---

**घटना ३**

निर्यातकर्ता राज्य पारवहन राज्य आयातकर्ता राज्य

**क** — **ग** → **ख**

दलालले राज्य ग भन्दा बाहिर लेनदेनका गतिविधि संचालन गर्छ

- दलाल राज्य ग को क्षेत्राधिकार भित्र रहन्छ र राज्य ग को सान्दर्भिक कानुनको अनुपालन गर्नु पर्दछ
- दलाल राज्य ग को नागरिक, बासिन्दा वा राज्य ग मा दर्ता भएको कम्पनी हो

- लेनदेनको गतिविधि तेस्रो मुलुकमा (निर्यातकर्ता, आयातकर्ता, पारवहन/अन्तरदेशीय ढुवानी राज्यभन्दा भिन्न) सम्पन्न हुँदा दलालले काम गर्ने स्थानमा वस्तुहरु कहिले पनि प्रवेश नहुन सक्छ। यसलाई 'तेस्रो मुलुक' लेनदेन भनिन्छ।

- धारा १० अन्तर्गत, आफ्नो क्षेत्राधिकार भित्र लेनदेनका गतिविधि नियमन गर्ने राज्य पक्षको दायित्व हुन्छ। त्यसकारण, 'तेस्रो मुलुक' एटीटीको पक्षधर भएमा 'तेस्रो मुलुक' लेनदेन पनि नियमन गर्नु पर्दछ। सारांशमा एटीटीका कुनै पनि राज्य पक्षको क्षेत्राधिकार भित्रको भूगोलमा सम्पन्न हुने लेनदेनका गतिविधि नियमन गरिनु पर्दछ।

**चित्र २ – तेस्रो पक्ष/तेस्रो मुलुक लेनदेन**

निर्यातकर्ता राज्य आयातकर्ता राज्य

**क** ⟶ **ख**

दलालले राज्य घ भन्दा बाहिर लेनदेनका गतिविधि संचालन गर्छ

**घ**

- दलाल राज्य घ को क्षेत्राधिकार भित्र रहन्छ र राज्य घ को सान्दर्भिक कानुनको अनुपालन गर्नु पर्दछ
- दलाल राज्य घ को नागरिक, बासिन्दा वा राज्य घ मा दर्ता भएको कम्पनी हो

- केही अवस्थामा, दलालले आफ्नो नीजि मुलुकभन्दा बाहिर यात्रा गर्न सक्दछ (नागरिकता वा कानुनी स्थायी बसोबास भएको देश) र अर्को देशमा लेनदेनका गतिविधि संचालन गर्न सक्दछ। यसलाई 'गैरक्षेत्रीय लेनदेन' भनिन्छ।
- 'गैरक्षेत्रीय लेनदेन' नियमन गर्न एटीटीका राज्य पक्षले दलालको भूमिकामा रहेका आफ्ना नागरिक, आफ्नो क्षेत्रमा बसोबासमा रहेका दलाल वा आफ्नो क्षेत्रमा स्थापित दलालले संचालन गरेको 'गैरक्षेत्रीय लेनदेन' लाई नियन्त्रण कायम राख्न आफ्नो राष्ट्रिय कानुनमा गैरक्षेत्रीय प्रावधान समावेश गर्नु पर्दछ।

**चित्र ३ – गैरक्षेत्रीय लेनदेन**

निर्यातकर्ता राज्य आयातकर्ता राज्य

**क** ⟶ **ख**

दलालले राज्य ङ भन्दा बाहिर लेनदेनका गतिविधि संचालन गर्छ

**ङ**

- दलाल राज्य ङ को नागरिक, निवासी र राज्य ङ मा दर्ता भएको कम्पनी होइन र राज्य ङ बाहिर क्रियाशील रहन्छ;
- लेनदेनको गतिविधि राज्य ङ को क्षेत्रमा संचालन हुने भएकोले, दलालले राज्य ङ को कानुन अनुपालन गर्नु पर्दछ;
- यसको अतिरिक्त क्षेत्र बाहिरका लेनदेनको नियन्त्रणमा, दलाल नागरिक वा निवासी रहेको वा कम्पनी दर्ता भएको राज्यले लेनदेनका गतिविधि नियन्त्रण गर्नेछ।

- 'गैरक्षेत्रीय लेनदेन' को नियमन एटीटी अन्तर्गतको राज्य पक्षका अधिकार अनुकूल छ। 'गैरक्षेत्रीय लेनदेन' मा नियन्त्रण कायम राख्नाले परम्परागत हतियारका अन्तर्राष्ट्रिय व्यापारको उच्चतम संभावित अन्तर्राष्ट्रिय मापदण्ड स्थापनामा सहयोग पुऱ्याउँछ।[11]
- यसको अतिरिक्त, धारा १५ (५) अनुकूल 'गैरक्षेत्रीय लेनदेन' माथि नियन्त्रण कायम राख्नाले सम्बन्धित राज्य बीचको आपसी कानुनी सहायता र सुपुदर्गी सहजीकरण हुन्छ, जसले सन्धिका आधारमा स्थापित राष्ट्रिय उपाय उल्लंघन सम्बन्धी अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियामा राज्यहरुले एक अर्कालाई बृहत सहायता वहन गर्न सक्छन्।
- गैरक्षेत्रीय आधारमा लेनदेनको नियमन लागू गर्नमा उल्लंघनमा अपराधी मुककर भएका दलालको सुपुर्दगी आवश्यक रहन्छ।

## ५. लेनदेनको नियमनमा राज्य पक्षले ध्यानमा लिनु पर्ने उपायहरु

एटीटी अन्तर्गतका दायित्व अनुपालनमा प्रत्येक राज्य पक्ष आफ्नो प्रयासप्रति जिम्मेवार रहन्छन्। राज्य पक्षले यी मध्येका कुनै पनि उपाय अवलम्बन गर्न सक्छन् :

*१. सक्षम राष्ट्रिय अक्तियारी  र प्रशासनिक प्रक्रियाहरु तोक्ने कार्य*

- परम्परागत हतियार लेनदेन नियमन गर्ने जिम्मेवारी प्राप्त सक्षम राष्ट्रिय अक्तियारी  स्पष्ट रुपमा राष्ट्रिय कानुनमा पहिचान गरिनु पर्दछ।
- लेनदेन नियमन गर्ने जिम्मेवारी कुन अक्तियारी लाई दिने भन्ने सवाल प्रत्येक राज्यको अग्राधिकार भए पनि, निर्यात नियमन गर्ने अक्तियारी लाई नै जिम्मेवारी सुम्पनु एटीटी कार्यान्वयन दायित्व अनुकूल रहन्छ।

*२. कानुन र प्रशासनिक प्रक्रियाको राष्ट्रिय कार्यान्वयन*

- एटीटीको धारा ६ अन्तर्गत दायित्व राज्य पक्षले अनुपालन गरेको अवस्थामा आफ्ना क्षेत्राधिकार भित्र परम्परागत हतियार लेनदेनका गतिविधि कसरी नियमन गर्ने भन्ने निर्णय प्रत्येक राज्य पक्षमा निहित हुन्छ।
- उदाहरणको रुपमा, तल प्रस्तुत उपायहरु नियमन प्रक्रियाका अभिन्न अंग बन्न सक्छन्।
  - दलाल र लेनदेन गतिविधिका राष्ट्रिय परिभाषा अवलम्बन;
  - दर्ता र अनुमति पत्र प्रक्रियाहरु;
  - सरकारबाट अभिलेखीकरण;
  - दण्ड र जरिवाना;
  - सुरक्षा परिषद हतियार प्रतिबन्ध उल्लंघन गर्ने लेनदेन गतिविधिको अपराधीकरण;

3 Article 1.

- राष्ट्रिय अक्तियारी ले संभावित दलालको दर्ता र छनौट आवश्यक ठहर गर्न सक्दछ ।4
    - दलाल नागरिक र निवास रहेको देश;
    - कुनै निकायमा दलालको स्वामित्व वा लेनदेन गतिविधि सहजीकरण गर्ने व्यवसायमा सहभागिता;
    - दलाल लेनदेन गतिविधिमा संलग्न हुन चाहने विभिन्न परम्परागत हतियारहरु ।

- संभावित दलाल जाँच गर्ने क्रममा निम्न अवस्थामा राज्य पक्षले आवेदकको जाँच गर्न सक्दछ;

  क. सही कानुनी अवस्थामा र जहाँ सान्दर्भिक हुन्छ, सही आर्थिक अवस्थामा;

  ख. कालो सुचीमा समावेश नभएको भए;

  ग. विगतमा प्रस्तुत गरिएका कागजात र सुचनाको गलत परिभाषा/अदलबदल नगरिएको;

  घ. प्राधिकारण लेनदेनका लागि प्रस्तुत आवेदन अस्वीकार नगरिएको;

  ङ. धारा ६ अन्तर्गत प्रतिबन्धको उल्लंघन हुने स्थानान्तरणमा सहभागी नभएको;

  च. शान्ति र सुरक्षा नजरअन्दाज गर्ने स्थानान्तरण वा धारा ७ (ख) अन्तर्गत सुचीकृत उल्लंघन वा सहजीकरण गर्ने कुनै पनि उल्लंघन वा कार्यमा सहभागी नभएको ।

- संभावित दलालले उपलब्ध गराएको सुचनामा राज्य पक्षले अन्य जाँच संचालन गर्न सक्दछ ।

### *३. लेनदेन नियमन गर्ने अवधारणा*

- अनुमति पत्र, अक्तियारी वा इजाजत पत्र जारी गरेर राज्य पक्षले लेनदेनका गतिविधि नियमन गर्न सक्दछ । राज्य पक्षले एक बुँदे अवधारणा अवलम्बन गर्न सक्दछ जस अनुसार लेनदेनका गतिविधिमा संलग्न हुनु पूर्व दलालले संचालन अनुमति पत्र वा अक्तियारी प्राप्त गर्नु पर्दछ वा दुई बुँदे अवधारणा जस अनुसार, प्रत्येक लेनदेनका गतिविधिमा दलालले अनुमति पत्र प्राप्त गर्न र प्राधिकारका लागि आवेदन दिन आवश्यक पर्दछ ।
- विभिन्न लेनदेनका गतिविधि नियमन गर्न राज्य पक्षले अवलम्बन गर्न सक्ने विभिन्न अवधारणाहरु चित्र ४ मा प्रस्तुत गरिएको छ ।

4 S/RES/1196 (1998).

**चित्र ४ – लेनदेनका गतिविधि नियमन गर्ने अवधारणाहरु**

*एक बुँदे अवधारणा -क) :* प्रत्येक लेनदेन गतिविधिका प्राधिकारका लागि मात्र दलालहरुले आवेदन दिनु पर्दछ

**दलाल** ⟶ **लेनदेन प्राधिकार** ⟶ **लेनदेन गतिविधि**

*एक बुँदे अवधारणा (ख) :* लेनदेनका गतिविधिमा संलग्न हुन पूर्व मात्र दलालहरुले संचालन अनुमति प्राप्त गर्नु पर्दछ

**दलाल** ⟶ **संचालन अनुमति पत्र** ⟶ **लेनदेन गतिविधि**

*दुई बुँदे अवधारणा :* दलालहरुले प्रत्येक लेनदेन गतिविधिका लागि संचालन अनुमति ***र*** प्राधिकारका लाग आवेदन दिनु पर्दछ

**दलाल** ⟶ **संचालन अनुमति पत्र र लेनदेन प्राधिकार** ⟶ **लेनदेन गतिविधि**

- हतियार निर्यात अनुमति पत्र प्रदान गर्दाको मापदण्ड लेनदेन गतिविधिका प्रमाणीकरणमा पनि लागू गर्न सकिन्छ । धारा ६ अन्तर्गत उपलब्ध प्रतिबन्धका साथै धारा ७ अन्तर्गतका आंकलन मापदण्ड, लेनदेन गतिविधिका प्रमाणीकरणका निर्णयमा लागू गरिनु पर्दछ ।

## ६. अन्तर्राष्ट्रिय सहयोग र सहायता

*१. सुचना आदान प्रदानमा अन्तर्राष्ट्रिय सहयोग*

- राज्य पक्षले राष्ट्रिय कानुन अनुकूल, लेनदेन गतिविधि र दलालका साथै अवैध वा शंकास्पद गतिविधि र सम्बन्धित निकाय वा स्थानान्तरणमा प्रयोग भएका सम्पति (हवाइजहाज, जहाज, आदि) सम्बन्धी सुचना माग र उपलब्ध गराउनु पर्दछ । नीजि तथ्याङ्कको संरक्षण, व्यावसायिक गोपनीयता र राज्यका सुरक्षा सरोकार सम्बन्धी उपलब्ध सुचना राष्ट्रिय कानुनबाट सीमित रहन सक्दछ ।

- लेनदेन गतिविधिका नियन्त्रणका सन्दर्भमा सहयोग प्रवर्द्धन गर्न राज्य पक्षले द्विपक्षीय र बहुपक्षीय व्यवस्था निश्चित गर्न सक्दछ ।[5]

5 Examples of such multilateral instruments include: Best Practice Guidelines for the Implementation of the Nairobi Declaration and the Nairobi Protocol on Small Arms and Light Weapons (2005).
OAS "Model Regulations for the Control of Brokers of Firearms, their Parts and Components and Ammunition", document CICAD/doc1271/03, 13 November 2003.

- अन्तर्राष्ट्रिय सहयोग सम्बन्धी थप विवरणका लागि पाठ्यक्रम ६ हेर्नुहोस् ।

## २. *अन्तर्राष्ट्रिय सहायता*

अन्तर्राष्ट्रिय सहयोग सम्बन्धी थप विवरणका लागि पाठ्यक्रम ६ हेर्नुहोस् ।

Council of the European Union, Council Common Position 2003/468/CFSP of 23 June 2003 on the Control of Arms Brokering, EU document 2003/468/CFSP, 23 June 2003.
Organization for Security and Co-operation in Europe, Best Practice Guide on National Control of Brokering Activities, document FSC.GAL/63/03/Rev.2, 19 September 2003.
Organization for Security and Co-operation in Europe, Principles on the Control of Brokering in Small Arms and Light Weapons, document FSC.DEC/8/04, 24 November 2004.
Wassenaar Arrangement, Elements for Effective Legislation on Arms Brokering (2003).



## हतियार व्यापार सन्धि कार्यान्वयन सन्दर्भ सामग्री

# मोड्युल १०
# पथान्तरण रोकथाम

www.un.org/disarmament/ATT मा उपलब्ध छ

## १ परिचय

हतियार व्यापार सन्धि (ATT) मा सामेल हुने जुनसुकै मुलुकले पनि यस सन्धिको कार्यान्वयनका लागि प्रभावकारी उपायहरू अवलम्वन गर्ने प्रतिबद्दता गर्दछन् ।

प्रत्येक मुलुकले सन्धि अन्तर्गत आफ्ना दायित्वहरू पूरा गर्न आवश्यक पर्ने उपायहरू निर्धारण गर्नेछ । यी उपायहरू मुलुक अनुसार फरक हुन सक्नेछन् ।

यो दशौं मोड्युल, हतियार पथान्तरणबाट मुलुकहरुलाई रोक्नेतर्फ आवश्यक उपायहरू लिन सहयोग गर्ने उद्देश्य राख्दछ ।

## २ पथान्तरण रोकथामको दायित्व

### पथान्तरण भनेको के हो?

- ATT ले पथान्तरणको परिभाषा दिएको छैन ।
- सामान्य भाषामा, पथान्तरण भनेको आधिकारिक स्वामित्व/प्रयोगकर्ताबाट अनधिकृत प्रयोगकर्तामा वस्तुहरूको स्थानान्तरण हुनु हो ।
  - निर्यातको समयमा एक प्रयोगकर्तासँग पुग्नुको सट्टा अन्य अनधिकृत प्रयोगकर्तामा पुगेको खण्डमा पथान्तरण हुन सक्दछ ।
  - हतियार प्रतिबन्धित मुलुकहरुमा, लडाकु सम्राट, मानवअधिकार उल्लङ्घनकारीहरु, आतंकवादी र संगठित आपराधिक समूहले हतियारहरु हासिल गर्ने मुख्य विधि हतियारको पथान्तरण हो ।
- वितरण, स्थानान्तरण, भण्डारण, तथा  नाश हुने कुनैपनि अवधिमा हतियारको पथान्तरण हुन सक्दछ । विशेष गरी हतियार स्थानान्तरण को समयमा पथान्तरणको सम्भावना उच्च हुने गर्दछ ।

### २ पथान्तरणका कारणहरू

- हतियारको पथान्तरण निम्न कारणले हुन सक्दछ:

अ	कानून, नीति र प्रक्रियाहरुको अपर्याप्तता;

आ स्थानान्तरणमा उपयुक्त नियन्त्रणको अभाव;

इ प्रवर्तनका लागि सीमित क्षमताहरू (जस्तै सीमा गस्ती र नियन्त्रणहरू, विशेष गरी जब विस्तारित सीमा क्षेत्र वा पुग्न कठिन क्षेत्रहरू हुनु, आदि);

ई नक्कली कागजात;

उ अनधिकृत पुनःस्थानान्तरण;

ऊ खराब भण्डारीकरणका कारण हुने चोरी र चुहावट;

ऋ सशस्त्र समूहहरूलाई बिक्री वा हस्तान्तरण;

ए सरकारी सेनाको भण्डारण कब्जा;

ऐ भ्रष्टाचार

## ३ एटीटी अन्तर्गत पथान्तरण

- पथान्तरण रोक्नु एटीटीको मुख्य आधारशिला हो । व्यापार नियमले मात्र हतियारको प्रणालीगत आधारमा हतियारको दुरुपयोग र अवैध हस्तान्तरण रोक्न सकिँदैन जसका लागि गम्भीर प्रयत्न आवश्यक पर्दछ ।
- परम्परागत हतियारको स्थानान्तरणमा संलग्न प्रत्येक राज्य पक्ष (निर्यात, पारवहन/अन्तरदेशीय र आयातकर्ता पक्ष) ले पथान्तरण रोक्ने उपायहरू अवलम्बन गर्नुपर्नेछ ।[1]
- एटीटीले गोलाबारुद र तिनका पाटपूर्जाहरुको पथान्तरण रोक्न राज्य पक्षलाई उपायहरू अपनाउन अनिवार्य नगरेपनि, प्रत्येक राज्यपक्षले त्यस्ता उपायहरू अपनाउन स्वतन्त्र छन् ।
- निर्यातकर्ता मुलुकले राष्ट्रिय निर्यात नियन्त्रण प्रणाली मार्फत प्रस्तावित निर्यातमा निर्यात मूल्याङ्कन गरी परम्परागत हतियारको पथान्तरणको जोखिमको मूल्याङ्कन गर्नुपर्नेछ ।[2]
- निर्यातकर्ता राज्य, परिवहन अन्तरदेशीय र आयातकर्ता राज्यले हातहतियारहरुको पथान्तरणको जोखिम न्यूनीकरण गर्न, आफ्नो राष्टिय कानुन अनुरुप सूचना आदान प्रदान गर्न सहयोग गर्नुपर्नेछ ।[3]
- राज्य पक्षले हस्तान्तरण भएका हतियारहरुको पथान्तरण भएको भेउ पाएमा, बारे पत्ता लगाएको खण्डमा यसले सम्भावित रूपमा प्रभावित भएका अन्य सबै पक्षहरूलाई पनि सचेत गर्नुपर्दछ ।[3]
- हस्तान्तरण गरिएको हतियारको पथान्तरणबारे पत्ता लगाएको खण्डमा, राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुनका आधारमा सो पथान्तरणलाई सम्बोधन गर्न उपयुक्त उपायहरू अपनाउनुपर्छ ।[4]
- राज्य पक्षले हतियारहरु पथान्तरण भएको भेउ पाएमा सो को जानकारी प्रभावित राज्यपक्षलाई जानकारी गराउनुपर्छ ।
- राज्य पक्ष पथान्तरणको समस्यालाई सम्वोधन गर्न आफ्ना अनुभवहरु साटासाट गर्नुपर्नेछ ।[5]
- राज्यपक्षले एटीटी सचिवालय मार्फत, पथान्तरणलाई प्रभावकारी तवरले सम्वोधन गर्न चालिएका कदमहरुको जानकारी अन्य राज्यपक्षलाई गराउनुपर्नेछ ।[6]

1 Article 11 (1).
2 Article 11 (2). For a discussion on how to conduct an export assessment, refer to module 6 of this toolkit.
3 Article 11 (3).
4 Article 11 (4).
5 Article 11 (5).
6 Article 11 (6).

*४ . रोकथामका उपायहरू*

- परम्परागत हतियारको हस्तान्तरणमा संलग्न हुने सबै पक्षहरूले तिनीहरूको पथान्तरण रोक्न उपायहरू अवलम्बन गर्नुपर्नेछ ।

*४ .१ .निर्यातकर्ता राज्यद्वारा अपनाउन गर्ने उपायहरु*

*४.१.१ निर्यात मूल्याङ्कनमा पथान्तरणको क्रममा आउने जोखिमको समावेश गर्नुपर्दछ।*

निर्यातकर्ता राज्यले अपनाउनुपर्ने प्रक्रियाहरु:

अ सान्दर्भिक सबै जानकारी र पक्षहरूको जाँचबुझ गर्नुपर्दछ;

आ निम्न लिखित कागजातहरूमा विशेष ध्यान दिनुपर्दछ:

- आवश्यक तर छुटेको जानकारी (जस्तै आयातकर्ता पहिचान नभएको, ठेगाना नभएको वा सम्पर्क नम्बर नभएको);
- सजिलै नक्कल गर्न सकिने वा पुन: प्रयोग गर्न सकिने (जस्तै कागजातमा मन्त्रालय वा सरकारी छाप नभएको, व्यक्तिगत प्रमाणीकरण नम्बरको लागि प्रदान गरिएको स्थान खाली राखिएको);
- असंगत जानकारी समावेश भएको ।

इ. आवश्यक भएको खण्डमा थप कागजात र जानकारीको लागि अनुरोध गर्नुपर्छ;

ई प्रस्तावित निर्यातका सम्बन्धमा आयात र/वा पारवहन र अन्तरदेशीय राज्यहरूसँग सम्पर्क गर्नुपर्दछ, उपयुक्त भएमा;

उ पथान्तरण, अवैध स्थानान्तरण र अवैध दलालहरूका घटनावारे यसअघिका उपलब्ध कुनै डाटाबेस वा जानकारीको स्रोत भएमा परामर्श गर्नुपर्दछ ।

ऊ दूतावास र अन्य कूटनीतिक अधिकारीहरुसँग पनि परामर्श गर्नुपर्दछ ।

- निर्यात गर्ने राज्यलाई पथान्तरणको जोखिम रहेको छ भन्ने यकिन भएमा निर्यात गर्नु हुँदैन ।

## पथान्तरणको जोखिम मूल्याङ्कन गर्न सम्भावित सूचकहरु

निर्यात गरिएको हतियारहरु अन्य निकाय वा गन्तव्यहरूमा मोडियो वा स्थानान्तरण गरियो भन्ने कुरा सुनिस्चित गर्ने क्षमता प्राप्तकर्ता राज्यसँग छ वा छैन । यसको निर्धारण गर्नको निमित्त प्राप्तकर्ता राज्य वा अन्तिम प्रयोगकर्तासँग भण्डार व्यवस्थापनको लागि पर्याप्त प्रणाली भए वा नभएको कुरा समावेश हुन सक्दछ।

प्राप्तकर्ता राज्यसँग राष्ट्रिय नियन्त्रण सूची सहितको राष्ट्रिय नियन्त्रण प्रणाली छ वा छैन;

परम्परागत हतियारहरूको पथान्तरण रोक्न वा त्यसको सामना गर्न प्राप्तकर्ता राज्यले राष्ट्रिय कानून र नियमहरू अपनाएको छ वा छैन;

- परम्परागत हतियारको पथान्तरणसँग सम्बन्धित अपराधहरूको अनुसन्धान गर्नका लागि प्राप्तकर्ता राज्यसँग कानून र प्रभावकारी प्रक्रियाहरू छन् वा छैनन्;
-

7 See module 6.

- परम्परागत हतियारको  पथान्तरण सम्बन्धी अपराधको अभियोजन गरेमा प्राप्तकर्ता राज्यसँग मुद्दा चलाउने क्षमता र इच्छाशक्ति सहितको सक्षम, स्वतन्त्र, निष्पक्ष र गतिशील न्यायपालिका छ वा छैन;

- प्राप्तकर्ता राज्यले आफ्नो क्षेत्रमा आयात गरिएका परम्परागत हतियारहरूमा प्रभावकारी नियन्त्रणको अभ्यास गर्छ कि गर्दैन;

- अन्त-प्रयोगकर्ता वा यसमा संलग्न अन्य कुनै व्यक्ति  (जस्तै, दलाल) सँग परम्परागत हतियारहरूको पथांतरको  रेकर्ड छ वा छैन;

- अन्त-प्रयोगकर्ताद्वारा प्रदान गरिएका अन्तिम-प्रयोगका  आश्वासनहरू विश्वसनीय छन् कि छैनन्;

- अनुरोध गरिएका वस्तुहरूको प्रकार, गुणस्तर र मात्रा अन्तिम प्रयोगकर्ताको वैध सुरक्षा आवश्यकताहरूसँग मिल्दो छ कि छैन;

- हस्तान्तरण गरिने हतियारको ढुवानीमा प्रयोग गरिने वाहकहरू राम्रोसँग स्थापित भएको  र प्रख्यात  छन् कि छैनन्;

- विगतमा पथांतरका मामिलाहरूमा ति यातायात/यातायात मार्गहरू प्रयोग भएका छन् वा छैनन्;

➢ माथिका सूचकहरू गोला बारुद, भाग र अंशको जोखिम मूल्याङ्कन गर्न पनि प्रयोग गर्न सकिन्छ भन्ने कुरा सिफारिस गरिएको छ ।

### *४.१.२ न्यूनीकरणका  उपायहरू*

यदि निर्यातकर्ता देशलाई निर्यात गरिएका हातहतियारहरु अन्तिम प्रयोगकर्तामा पुग्दा गैह राज्यपक्षमा पथान्तरण हुनसक्छ भन्ने जोखिम लागेमा, सो जोखिम न्यूनीकरण गर्ने उपायहरु अपनाउन पनि सक्दछ। यी जोखिम न्यूनीकरण गर्ने उपायहरुमा:

- आत्मविश्वास-विकासका  उपायहरू;
- निर्यात र आयात गर्ने राज्यहरूद्वारा संयुक्त रूपमा विकसित र सहमत भएका कार्यक्रमहरू;
- निर्यातमा संलग्न पक्षहरूको जाँच गर्ने;
- अतिरिक्त कागजातहरू, प्रमाणपत्रहरू र आश्वासनहरूको  आवश्यकता;
- वितरण पश्चात अनुगमन कार्यक्रम;
- वितरण  प्रमाणीकरणको अनुरोध गर्ने;
- प्रत्यक्ष अवलोकना भ्रमणहरू सञ्चालन गर्ने;
- अन्य उपयुक्त उपायहरू पर्दछन् ।

### *४ .२ .पारवहन/अन्तरदेशीय राज्यद्वारा अपनाउन सकिने उपायहरू*

- पारवहन/अन्तरदेशीय नियमन गर्नको लागि प्रणाली स्थापना गर्ने र त्यसलाई कायम राख्ने;
- पारवहन/ अन्तरदेशीय अक्तियारी जारी गर्ने;
- निर्यातकर्ता राज्यको अनुरोधमा निर्यात मूल्याङ्कनका लागि सहकार्य गर्ने ।

### *४ .३ .आयातकर्ता राज्यद्वारा लिन सकिने उपायहरु*

- पुन:निर्यात नगर्ने वा पुन:निर्यातलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न प्रतिबद्ध हुने;
- हतियार भण्डारको व्यवस्थापन र सुरक्षाको सुधार र सुदृढिकरण गर्ने;
- आयात अक्तियारीका लागि प्रभावकारी प्रक्रियाहरू अपनाउने;
- आयातकर्ताहरूलाई जारी गरिने सबै कागजातहरू प्रमाणित गरिएको, भरपर्दा र विश्वसनीय छन् भनी सक्षम अधिकारीहरूले सुनिश्चित गर्नुपर्दछ । आयातकर्ता राज्यद्वारा उपलब्ध गराउने कागजातहरू जति विश्वसनीय हुन्छन्, निर्यातकर्ता र पारवहन/अन्तरदेशीय राज्यका अधिकारीहरूलाई अक्तियारी प्रदान गर्न र पथान्तरणको जोखिमको सम्भावना थाहा पाउन त्यति नै सजिलो हुन्छ ।

### *४.४ प्रत्येक विशेष परिस्थितिमा आवश्यक पर्ने अन्य रोकथामका उपायहरू ।*

#### *४.४.१.ढुवानी नियन्त्रण*

ढुवानीका बेला हतियारहरू पथान्तरण हुनसक्छन् । (जस्तैः पारवहन/ अन्तरदेशीय राज्य वा आयात गर्ने राज्यको बाटोबाट, पानीजहाज, विमान वा यातायातका अन्य माध्यमहरूबाट निर्यात/आयात/पारवहन/ अन्तरदेशीय अक्तियारी प्रदान गरिएभन्दा फरक गन्तव्यमा निर्देसित हुन सक्छन् ।)

- हतियार ढुवानी नियन्त्रण गर्न राज्यले निम्न उपायहरु अपनाउन सक्दछ:8

अ आयात र निर्यात इजाजतपत्र लिँदा दिदा अथवा अनुमतिका लागि आवेदनमा ढुवानी र ढुवानीकर्ताको विस्तृत जानकारी राख्नुपर्दछ;

आ ढुवानी सेवा प्रदायकहरूले ढुवानी सूची, ढुवानीका लागि लोड गरिएका वस्तु र तिनका आवश्यक सबै कागजात सहित विस्तृत प्रमाणित कागजातहरू अधिकारीहरूद्वारा गरिनसक्ने निरीक्षणका लागि तम्तयारी अवस्थामा राख्नुपर्दछ;

इ ढुवानीकर्ता वा स्थानान्तरणमा संलग्न पक्षहरुले ढुवानी योजनामा कुनै परिवर्तन भएको खण्डमा आयातकर्ता तथा निर्यातकर्ता राज्यहरुलाई जानकारी गराउनुपर्दछ (मार्ग, ढुवानी माध्यम, मिति, आदि) ।

8 For more information on this matter, refer to “Elements for Controlling Transportation of Conventional Arms Between Third Countries”, agreed at the 2011 Plenary Meeting of the Wassenaar Arrangement.

*४.४.१.हातहतियारमा चिन्ह लगाउने कार्य*

- आयात गर्ने राज्यलाई आयातित हतियारहरू, विशेष गरी साना हतियार र हलुका हतियारहरू (SALW) लाई आयातकै समयमा चिन्ह लगाउने र तिनको बिस्तृत अभिलेख राख्नु प्रोत्साहित गर्नुपर्दछ ।
- २००५ मा संयुक्त राष्ट्र महासभाले अपनाएको अन्तर्राष्ट्रिय ट्रेसिङ उपकरणले निर्माण र आयातको समयमा राज्यहरूलाई SALW को चिन्ह लगाउन सिफारिस गर्दछ र त्यसको लागि मापदण्डहरू पनि प्रदान गर्दछ ।
- बन्दुक सम्बन्धी प्रोटोकलले आफ्ना राज्य पक्षहरूलाई SALW को निर्माणक्रममा र तिनको आयात गर्दा चिन्ह लगाइएको छ भन्ने सुनिश्चितालाई दर्शाएकोछ ।

*४.४.३.ट्रेसिङ*

- राज्यले गैरकानूनी वा पथान्तरण भएका हतियारहरू, विशेष गरी SALW हरु पत्ता लगाउनका निमित्त राष्ट्रिय क्षमता विकास गर्न प्रोत्साहत गर्नुपर्दछ ।

- हतियार ट्रेसिङले कानून प्रवर्तन अधिकारीहरूलाई बेचबिखनका मार्गहरू पत्ता लगाउन, अवैध व्यापारमा संलग्न पक्षहरू र तिनीहरूले प्रयोग गर्ने विधिहरूको पहिचान गर्न मद्दत गर्न सक्दछ ।9 यस प्रकारको जानकारी पथान्तरण रोक्ने प्रयासमा महत्वपूर्णसिद्ध ठहरिन्छ ।

*४.४.४.भण्डार व्यवस्थापन*

हतियारहरू पथान्तरण भएको छैन भनि सुनिश्चित गर्न, हतियार, गोलाबारुद, पार्टपुर्जा र सामग्रीहरूको नियमित र बिस्तृत सूची राख्नु आवश्यक छ । राज्यले भण्डारको भौतिक सुरक्षा सुदृढ गर्न र त्यसको व्यवस्थापन प्रणाली सुधार गर्ने प्रयास गर्नुपर्दछ।

*५ . सूचना प्रवाह*

पथान्तरण रोक्नका लागि, राज्य पक्षले निम्न पक्षहरुमा एकआपसलाई सहयोग गर्नुपर्दछ र सूचना आदानप्रदान गर्नुपर्दछ : निर्यात इजाजतपत्र/अनुमति ;

अ आयात इजाजतपत्र/अनुमति;

आ पारवहन/अन्तरदेशीय इजाजतपत्र/अनुमति;

इ लेनदेन इजाजतपत्र/अनुमति र लेनदेन अनुमति;

ई अन्तिम-प्रयोगकर्ता दावीको सत्यता प्रमाणित गर्न सघाउने अन्तिम-प्रयोगकर्ता प्रमाणपत्रको तथ्यांक;

उ हतियार ढुवानी प्रदायकहरूका वारे जानकारी;

ऊ अघिल्लो पथान्तरणको घटना;

ऋ निर्यात र आयात इजाजतपत्र अस्वीकृत भएका अवस्थाहरु;

ए पथान्तरणमा संलग्न अन्तर्राष्ट्रिय तस्करी मार्गहरू, विधिहरू, अवैध दलालहरू, बिचौलियाहरू र ढुवानीकर्ताहरु;

ऐ राष्ट्रिय कानून बमोजिम कुनै पनि अन्य सान्दर्भिक जानकारी ।

8 For more information on this matter, refer to “Elements for Controlling Transportation of Conventional Arms Between Third Countries”, agreed at the 2011 Plenary Meeting of the Wassenaar Arrangement.

## *६. पथान्तरण भएमा गरिनुपर्ने कारबाही*

धारा ११(४) अन्तर्गत, राज्य पक्षले परम्परागत हातहतियारको पथान्तरण भएको थाहा पाएमा उनीहरुले तुरुन्तै उपयुक्त उपाय अपनाउनुपर्छ । यसमा निम्नलिखित कुराहरु समावेश हुन सक्छन्:

अ पथान्तरणबाट प्रभावित भएका सम्भावित राज्यहरूलाई सचेत गराउने (निर्यात गर्ने, आयात गर्ने, पारवहन र अन्तरदेशीय राज्यहरू, छिमेकी राज्यहरू, द्धन्द्धरत राज्यहरु व द्धन्द्धमा रहेका क्षेत्रलाई ।);

आ पथान्तरण भएका हतियारहरु जाँच गर्ने । हतियारहरु के कसरी पथान्तरण भए भन्ने सम्वन्धमा सबै सान्दर्भिक कागजातहरू पुनःजाँच गर्नु पर्दछ साथै पथान्तरण कुन विन्दु वा तरिकाबाट भए ।

इ पथान्तरण भएका हतियारहरु ट्रेस गरि संबंधित सबै राज्यसँग सहकार्य र सूचनाको आदानप्रदान गर्नु पर्दछ । उपयुक्त भएमा INTERPOL iARMS डाटाबेस, जस्ता उपकरणको पनि प्रयोग गर्नुपर्दछ ।

ई पथान्तरणका घटनावारे अपराध अनुसन्धानमा पहल/सहयोग गर्नुपर्दछ ।

9 For more information on tracing, refer to International Instrument to Enable States to Identify and Trace, in a Timely and Reliable Manner, Illicit Small Arms and Light Weapons.

www.un.org/disarmament/ATT मा उपलब्ध छ